गण्डकी विश्वविद्यालय ऐन, २०७६ को दफा (४८) को व्यवस्था बमोजिम
गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेज्यू समक्ष पेस गरिएको

# वार्षिक प्रतिवेदन

## आ.व. २०८१।८२

## गण्डकी विश्वविद्यालय

गण्डकी प्रदेश, पोखरा
नेपाल

फोन नं. ०६१-४५०२४९
E-mail: info@gandakiuniversity.edu.np
Web.: www.gandakiuniversity.edu.np

# गण्डकी विश्वविद्यालय

गण्डकी प्रदेश, पोखरा, नेपाल


प.स. : ०८२।०८३
च.न. :

मितिः .......................

मानननीय मुख्यमन्त्री ज्यू,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
गण्डकी प्रदेश, पोखरा।

**विषयः वार्षिक प्रतिवेदन पेश गरिएको सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा यस गण्डकी विश्वविद्यालय ऐन, २०७६ को नियम ४८ बमोजिम आर्थिक वर्ष २०८१।८२ को वार्षिक प्रतिवेदन मुख्यमन्त्री समक्ष पेश गरिएको ब्यहोरा अनुरोध गर्दछु।

प्रा. डा. कैलाशनाथ प्याकुर्याल
अध्यक्ष
न्यासिक परिषद, गण्डकी विश्वविद्यालय


Phone: 061-450249, email: info@gandakiuniversity.edu.np, web: www.gandakiuniversity.edu.np

# कार्यकारी सारांश (Executive Summary)

गण्डकी विश्वविद्यालयले ज्ञान, अनुसन्धान र नवप्रवर्तन, अन्वेषण र आविष्कारलाई समाजको दिगो रुपान्तरणको मूल आधारका रूपमा अंगीकार गरेको छ। सन् २०१९ (वि.सं. २०७६) मा गण्डकी प्रदेशको राजधानी पोखरामा स्थापित यस विश्वविद्यालयले गुणस्तरीय उच्च शिक्षा, अनुसन्धान, प्राविधि र व्यवहारिक सीप विकासमार्फत स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा नयाँ सोच र दृष्टिकोणसहितको शैक्षिक वातावरण सृजना गर्ने लक्ष्य लिएको छ। "ज्ञानमार्फत दिगो विकास" भन्ने संस्थागत ध्येयलाई आत्मसात् गर्दै विश्वविद्यालयले शिक्षामा नवीनता, अनुसन्धानमा गहिराइ, सेवामा उत्कृष्टता र प्रशासनमा पारदर्शिता कायम गर्न निरन्तर प्रयत्न गरिरहेको छ। आर्थिक वर्ष २०८१।८२ को यो वार्षिक प्रतिवेदनले विश्वविद्यालयले यस अवधिभरि सम्पादन गरेका विविध शैक्षिक, अनुसन्धानात्मक, प्रशासनिक, पूर्वाधार र सामाजिक गतिविधिहरूको समग्र, प्रमाण-आधारित र विश्लेषणात्मक चित्र प्रस्तुत गर्दछ।

विश्वविद्यालयले प्रारम्भिक चरणदेखि संस्थागत संरचना निर्माण, कानुनी तथा नीतिगत आधार तयार गर्ने, शैक्षिक कार्यक्रमहरूको प्रारम्भिक विकास, परीक्षा प्रणाली सञ्चालन र प्रशासनिक संयन्त्र सुदृढ गर्ने कार्यमा महत्वपूर्ण प्रगति गरेको छ। न्यासिक परिषद्, कार्यकारी परिषद् र प्राज्ञिक परिषद् लगायतका शासकीय निकायहरूको सक्रिय सञ्चालनमार्फत नीति निर्माण र निर्णय प्रक्रिया संस्थागत रूपमा अघि बढाइएको छ। प्रारम्भिक Academic Need Assessment अनुसार प्रदेश, राष्ट्रिय र अन्तर्राष्ट्रिय श्रम बजार, उद्योग आवश्यकता, प्रविधिगत विकास र सामाजिक परिवर्तनका सापेक्ष पाठ्यक्रम र अनुसन्धान प्राथमिकताहरू तय गरिएका छन्, जसले विश्वविद्यालयलाई रणनीतिक विकासतर्फ उन्मुख गराएको छ।

उक्त रणनीतिक सोचका आधारमा गण्डकी विश्वविद्यालयले विश्वविद्यालयमा हाल 'विज्ञान तथा प्रविधि' र 'कानुन तथा व्यवस्थापन' गरी दुईवटा सङ्कायहरू अन्तर्गत स्नातक तहमा सूचना प्रविधि (Bachelor of Information Technology - BIT), खेलकुद व्यवस्थापन (Sports Management), व्यवसाय प्रशासन (Bachelor of Business Administration - BBA), कानुन (Bachelor of Arts Bachelor of Laws - BALLB) र फार्मेसी (Bachelor of Pharmacy - B.Pharm) साथै स्नातकोत्तर तहमा MIT-AI जस्ता समसामयिक, बहुआयामिक, रोजगारमुखी शैक्षिक कार्यक्रमहरू कार्यान्वयनमा ल्याएको छ। BIT कार्यक्रम अन्तर्गत विद्यार्थीहरूलाई आधुनिक सूचना प्रविधि, कृत्रिम बुद्धिमत्ता, मेसिन लर्निङ, Internet of Things (IoT), वेब तथा सफ्टवेयर विकाससँग सम्बन्धित प्रयोगात्मक शिक्षामा प्रशिक्षण दिइएको छ। विशेषतः MIT-AI Program अन्तर्गत विद्यार्थीहरूले AI आधारित परियोजना, robotics, data science, application development जस्ता क्रियाकलापमा संलग्न भएर अनुसन्धान, नवप्रवर्तन र व्यावहारिक समाधानमा दक्षता हासिल गरेका छन्। यसले विश्वविद्यालयलाई केवल शैक्षिक संस्था नभई प्रविधि र नवप्रवर्तन-केन्द्रित केन्द्रका रूपमा स्थापित गरेको छ। Sports Management कार्यक्रमले खेलकुद नीति, व्यवस्थापन, नेतृत्व र उद्योग-संलग्न अभ्यासमार्फत दक्ष जनशक्ति उत्पादन गरेको छ भने BBA कार्यक्रमले व्यवस्थापन, उद्यमशीलता, नेतृत्व र व्यावसायिक निर्णय क्षमतामा विद्यार्थीलाई प्रशिक्षित गरेको छ। BALLB कार्यक्रमले कानुन, मानविकी, सामाजिक न्याय र संवैधानिक मूल्यको समन्वयमार्फत बहुआयामिक कानुनी सोच विकासमा योगदान पुर्याएको छ। B.Pharm कार्यक्रमले औषधि विज्ञान र स्वास्थ्य क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गरी प्रदेशस्तरमै औषधि र स्वास्थ्य सेवा सुधारमा प्रत्यक्ष योगदान पुर्याएको छ।

विश्वविद्यालयमा अध्ययनरत कुल विद्यार्थीहरूको सङ्ख्या ५७२ रहेको छ जसमा २९१ पुरूष र २८१ महिला छन्। विद्यार्थीहरू मध्ये १७.२% ले पुरा तथा आंशिक छात्रवृत्ति प्राप्त गरेका छन्।

अनुसन्धान, अन्वेषण तथा नवप्रवर्तन विश्वविद्यालयको अर्को प्रमुख प्राथमिकता क्षेत्रका रूपमा स्थापित भएको छ। Gandaki University International Conference, Jagriti Journal र Gandaki Roundup जस्ता प्रकाशन तथा विद्यार्थी र संकायको अनुसन्धान संलग्नता, MIT-AI Program अन्तर्गत AI र डेटा-साइन्स परियोजनाहरू, अनुसन्धान-अनुदान तथा उद्योग-सहकार्य परियोजनाहरूले विश्वविद्यालयमा अनुसन्धान संस्कृतिको निरन्तर विकास भइरहेको प्रमाण प्रस्तुत गर्दछन्। University Grants Commission, निजी उद्योग र अन्तर्राष्ट्रिय संस्था मार्फत seed funding प्राप्त विद्यार्थी परियोजनाहरूले विद्यार्थी-केन्द्रित नवप्रवर्तन र कार्यान्वयनमुखी ज्ञान उत्पादनको वातावरण तयार पारेका छन्। यस्ता गतिविधिहरूले विश्वविद्यालयलाई शिक्षण मात्र नभई समाधान-केन्द्रित, उद्योग र समाजसँग प्रत्यक्ष सम्बन्धित संस्थाका रूपमा उभ्याएको छ।

सांगठनिक संरचनाको दृष्टिले विश्वविद्यालयले न्यासिक परिषद्, कार्यकारी परिषद्, प्राज्ञिक परिषद्, जनशक्ति व्यवस्थापन समिति, परीक्षा समिति र पाठ्यक्रम विकास समिति जस्ता निकायहरूलाई स्पष्ट भूमिका र जिम्मेवारीसहित सञ्चालन गर्दै आएको छ। यसले शासकीय प्रणालीलाई पारदर्शी, उत्तरदायी र कार्यकुशल बनाएको छ। अन्तर्राष्ट्रिय सम्बन्ध र विकास मामिला हेर्ने इकाइमार्फत विश्वविद्यालयले २१ वटा अन्तर्राष्ट्रिय र १७ वटा राष्ट्रिय संस्थासँग MoU सम्पन्न गरी Faculty exchange, Joint research, Student mobility र Academic exposure का अवसरहरू सिर्जना गरेको छ। यसले विश्वविद्यालयको अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरेको छ।

आर्थिक वर्ष २०८१।८२ को वित्तीय व्यवस्थापनले विश्वविद्यालयले उपलब्ध स्रोतहरूको जिम्मेवार उपयोग गर्दै चालू तथा पुँजीगत खर्च सुव्यवस्थित ढंगले व्यवस्थापन गरेको देखाउँछ। प्रदेश सरकारको अनुदान, विद्यार्थी शुल्क तथा अन्य आन्तरिक स्रोत संयोजनमार्फत शैक्षिक कार्यक्रम, पूर्वाधार विकास, अनुसन्धान र जनशक्ति व्यवस्थापनलाई सुदृढ बनाइएको छ। दीर्घकालीन वित्तीय दिगोपनाका लागि आय स्रोत विविधीकरण, अनुसन्धान अनुदान वृद्धि र सार्वजनिक-निजी सहकार्य विस्तार आवश्यक छ। पूर्वाधार विकासतर्फ प्रयोगशाला, Server lab, Networking lab, Electronics and Microprocessor lab, MIT-AI Lab, पुस्तकालय, खेलकुद सुविधा र अन्य शैक्षिक पूर्वाधार निर्माण, विस्तार तथा आधुनिकिकरणको काम निरन्तर भइरहेको छ।

समुदायसँगको संलग्नता र सामाजिक उत्तरदायित्व विश्वविद्यालयको महत्वपूर्ण विशेषता बनेको छ। "Students with Society" कार्यक्रम अन्तर्गत डिजिटल साक्षरता तालिम, जेष्ठ नागरिकका लागि ICT शिक्षा, निःशुल्क स्वास्थ्य शिविर, Cyber safety awareness, सामाजिक सचेतना अभियान लगायतका गतिविधिहरूले विश्वविद्यालय र समाजबीचको सम्बन्धलाई सुदृढ बनाएका छन्। यसले उच्च शिक्षा संस्थाले समाजसँग सहकार्य गर्दै विकासमा प्रत्यक्ष योगदान पुर्याउनुपर्ने अवधारणालाई व्यवहारमा परिणत गरेको छ।

समग्रमा, आर्थिक वर्ष २०८१।८२ सम्म गण्डकी विश्वविद्यालयले संस्थागत आधार निर्माण, नीति-दिशा स्पष्टता, पाठ्यक्रम विस्तार, MIT-AI र अन्य नवप्रवर्तन कार्यक्रमहरू, अनुसन्धान प्रवर्द्धन, अन्तर्राष्ट्रिय सहकार्य, पूर्वाधार र मानव संसाधन विकास तथा सामाजिक उत्तरदायित्व अभ्यासमार्फत आफूलाई प्रदेशस्तरीय मात्र नभई राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वको उच्च शिक्षा संस्थाका रूपमा स्थापित गर्ने दिशामा महत्वपूर्ण प्रगति गरेको छ। आगामी दिनमा विश्वविद्यालयले पहिचान गरिएका चुनौतीहरूलाई अवसरमा रूपान्तरण गर्दै गुणस्तरीय शिक्षा, अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धनमार्फत प्रदेश तथा राष्ट्रको दिगो विकासमा योगदान पुर्याउने प्रतिबद्धता कायम राख्नेछ।

यस प्रतिवेदन तयार पार्ने क्रममा तथ्याङ्क, जानकारी र सामग्री उपलब्ध गराउन सहयोग गर्ने सबै संकाय, विभाग, कार्यक्रम संयोजक, कर्मचारी, विद्यार्थी, अनुसन्धानकर्ता र सरोकारवालाहरूप्रति विश्वविद्यालय हार्दिक धन्यवाद प्रकट गर्दछ।

गण्डकी विश्वविद्यालय
पोखरा

# विषयसूची


१. पृष्ठभूमि १

२. स्थापना देखि आ.व. २०८०।८१ सम्मको संक्षिप्त झलक २

३. नीति निर्माण ३

३.१. प्राज्ञिक आवश्यकता मूल्याङ्कन (Academic Need Assessment) ४

३.२. विश्वविद्यालय दश वर्षे रणनीतिक योजना ५

३.३. नियमावली तथा कार्यविधि तयारी ६

३.४. आ.व. २०८१।८२ को नीति तथा कार्यक्रम र बजेट ७

४. गण्डकी विश्वविद्यालयको सांगठनिक स्वरूप र वर्तमान कार्यरत सङ्गठन ९

४.१. गण्डकी विश्वविद्यालयको न्यासिक परिषद् १०

४.२. गण्डकी विश्वविद्यालयको कार्यकारी परिषद् १३

४.३. गण्डकी विश्वविद्यालयको प्राज्ञिक परिषद् १५

४.४ गण्डकी विश्वविद्यालय जनशक्ति व्यवस्थापन समिति १७

४.५. गण्डकी विश्वविद्यालयको परीक्षा समिति १८

४.६. गण्डकी विश्वविद्यालयको पाठ्यक्रम विकास समिति १९

४.७. गण्डकी विश्वविद्यालयका सङ्कायहरू र ती अन्तरगत सञ्चालित शैक्षिक कार्यक्रमहरू २१

४.७.१. *विज्ञान तथा प्रविधि सङ्काय (Faculty of Science and Technology)* २१

४.७.२. *कानुन तथा व्यवस्थापन सङ्काय (Faculty of Law and Management)* ३०

४.८. गण्डकी विश्वविद्यालय छात्रवृत्ति कार्यक्रम ३८

४.९. गण्डकी विश्वविद्यालय अनुसन्धान, अन्वेषण तथा आविष्कार केन्द्र (Research, Innovation and Invention Centre) ३८

४.१० गण्डकी विश्वविद्यालय अन्तर्राष्ट्रिय सम्बन्ध र विकास मामिला (International Relations and Development Affairs) ४०

५. आर्थिक वर्ष २०८१।८२ को वित्तीय विवरण ४२

६. गण्डकी विश्वविद्यालयको भौतिक पूर्वाधार विकास ४५

७. गण्डकी विश्वविद्यालयको कर्मचारी व्यवस्थापन ४७

८. आर्थिक वर्ष २०८१।०८२ मा गण्डकी विश्वविद्यालयले हासिल गरेका प्रमुख प्रगतिहरू ४८

९. गण्डकी विश्वविद्यालयको भावी नीति तथा कार्यक्रमहरूको दृष्टिगोचर ५०

९.१. उच्च शिक्षा र विश्वविद्यालय सञ्चालनमा देखिएका समस्याहरू ५१

९.२. चुनौती, अनुभव र भावी प्रतिबद्धता ५२

१०. सारांश ५४

# तालिका सूची


तालिका नं. १ आ.व. २०८१।८२ मा कायम रहेको न्यासिक परिषद्को विवरण १०
तालिका नं. २ न्यासिक परिषद्को बैठक सम्बन्धी विवरण ११
तालिका नं. ३ आ.व. २०८१।८२ मा कायम रहेको न्यासिक परिषद्को सल्लाहकार परिषद्को विवरण १२
तालिका नं. ४ आ.व. २०८१।८२ मा कायम रहेको न्यासिक परिषद्का उपसमितिहरूको विवरण १२
तालिका नं. ५ कार्यकारी परिषद् गठन सम्बन्धी विवरण १३
तालिका नं. ६ आ.व. २०८१।८२ को कार्यकारी परिषद्को विवरण १३
तालिका नं. ७ प्राज्ञिक परिषद् गठन सम्बन्धी विवरण १५
तालिका नं. ८ आ.व. २०८१।८२ को प्राज्ञिक परिषद्को विवरण १६
तालिका नं. ९ जनशक्ति व्यवस्थापन समितिको गठन सम्बन्धी विवरण १७
तालिका नं. १० आ.व. २०८१।८२को जनशक्ति व्यवस्थापन समितिको सम्बन्धी विवरण १७
तालिका नं. ११ परीक्षा समिति समितिको गठन सम्बन्धी विवरण १८
तालिका नं. १२ आ.व. २०८१।८२ को परीक्षा समिति समितिको विवरण १८
तालिका नं. १३ पाठ्यक्रम विकास समितिको गठन सम्बन्धी विवरण १९
तालिका नं. १४ आ.व. २०८१।८२ को पाठ्यक्रम विकास समितिको विवरण २०
तालिका नं. १५ आ.व. २०८१।८२ को विज्ञान तथा प्रविधि सङ्काय पाठ्यक्रम विकास समितिको विवरण २०
तालिका नं. १६ आ.व. २०८१।८२ को कानुन तथा व्यवस्थापन सङ्काय पाठ्यक्रम विकास समितिको विवरण २०
तालिका नं. १७ पाठ्यक्रम निर्माण गठन सम्बन्धी विवरण २१
तालिका नं. १८ आ.व. २०८१।८२ मा बिआइटी कार्यक्रम अन्तर्गतका विद्यार्थी सम्बन्धी विवरण २२
तालिका नं. १९ परीक्षा सञ्चालन मितिः २०८१।०५।१६ देखि २०८१।०६।११ को विवरण २५
तालिका नं. २० परीक्षा सञ्चालन मितिः २०८१।१२।१० देखि २०८२।०१।१९ विवरण २५
तालिका नं. २१ बि. फार्म कार्यक्रम अन्तर्गतका विद्यार्थी सम्बन्धी विवरण २६
तालिका नं. २२ परीक्षा संचालन मितिः २०८१।०५।१६ देखि २०८१।०६।११ को विवरण २७
तालिका नं. २३ परीक्षा संचालन मितिः २०८१।०९।२४ देखि २०८१।१०।१० को विवरण २८
तालिका नं. २४ परीक्षा संचालन मितिः २०८१।१२।१० देखि २०८२।०१।१९ को विवरण २८
तालिका नं. २५ परीक्षा संचालन मितिः २०८२।०३।१३ देखि २०८२।०३।२९ को विवरण २८
तालिका नं. २६ परीक्षा संचालन मितिः २०८१।०५।१६ देखि २०८१।०६।११ को विवरण ३२
तालिका नं. २७ परीक्षा संचालन मितिः २०८१।१२।१० देखि २०८२।०१।१९ को विवरण ३२
तालिका नं. २८ बीबीए कार्यक्रम अन्तर्गतका विद्यार्थी सम्बन्धी विवरण ३३

तालिका नं. २९ बीबीए कार्यक्रम अन्तर्गतका शिक्षकहरूको विवरण ३३

तालिका नं. ३० परीक्षा संचालन मिति २०८१।०५।१६ देखि २०८०।०६।११ को विवरण ३४

तालिका नं. ३१ परीक्षा संचालन मिति २०८१।१२।१० देखि २०८२।०१।१९ को विवरण ३५

तालिका नं. ३२ विएएलएलबी कार्यक्रममा अध्ययनरत विद्यार्थी संख्या ३५

तालिका नं. ३३ विएएलएलबी कार्यक्रम अन्तर्गतका उपप्राध्यापकहरू ३६

तालिका नं. ३४ परीक्षा संचालन मिति २०८१।०५।१६ देखि २०८०।०६।२५ को विवरण ३७

तालिका नं. ३५ परीक्षा संचालन मिति २०८१।१२।१० देखि २०८२।०१।१९ को विवरण ३८

तालिका नं. ३६ सङ्काय अनुसन्धान अनुदान-२०८१ को लागि प्रास्कर्ताहरूको विवरण ३९

तालिका नं. ३७ आ.व. २०७९।८०, २०८०।८१ र २०८१।८२ को एकिकृत आम्दानी खर्चको विवरण ४२

तालिका नं. ३८ आर्थिक वर्ष २०८१।८२ को पुँजीगत तर्फको बजेट र खर्चको विवरण ४३

तालिका नं. ३९ आर्थिक वर्ष २०८१।८२ को चालू तर्फको बजेट र खर्चको विवरण ४३

# १. पृष्ठभूमि

नेपालमा गुणस्तरीय तथा अन्तर्राष्ट्रिय स्तरको शिक्षाको खोजीमा विदेशिने विद्यार्थीहरूको संख्या अहिले निरन्तर बढिरहेको छ। उच्च शिक्षा प्राप्तिका लागि विदेश जाने निर्णय स्वाभाविक रूपमा नकारात्मक होइन; तथापि, दक्ष जनशक्तिको ठूलो संख्यामा विदेश पलायनले राष्ट्रिय मानव संसाधन सन्तुलनमा गम्भीर चुनौती सिर्जना गर्छ। प्रत्येक वर्ष हजारौं विद्यार्थी उच्च शिक्षा हासिल गर्न विदेश जाने क्रममा अरबौं रुपैयाँ देश बाहिर जान्छ, जसले आर्थिक दृष्टिले पनि ठूलो प्रभाव पारिरहेको छ। कक्षा १२ उत्तीर्ण गरेपछि विदेशी विश्वविद्यालयमा अध्ययनका लागि जाने विद्यार्थीहरूको संख्या उल्लेखनीय छ, तर तिनीहरूमध्ये कति प्रतिशतले शिक्षा पूरा गरी स्वदेश फर्किन्छन् भन्ने विश्वसनीय तथ्याङ्क हालसम्म उपलब्ध छैन।

नेपालको शिक्षा प्रणाली अझै परम्परागत ढाँचाभित्र सीमित छ। शिक्षण-अधिगम पद्धति, पाठ्यक्रम, मूल्यांकन प्रणाली तथा अनुसन्धान संस्कृतिमा आवश्यक सुधार नहुँदा हाम्रो शिक्षा प्रणालीले विश्वस्तरको प्रतिस्पर्धा गर्न सकिरहेको छैन। शिक्षा केवल सैद्धान्तिक ज्ञानमा सीमित रहँदा बेरोजगारी बढ्ने मात्र नभई, व्यावहारिक र अनुसन्धानमूलक दक्ष जनशक्ति उत्पादनमा असफलता देखिन्छ। सरकारी विद्यालय र शिक्षण संस्थाहरूमा राजनीतिक हस्तक्षेप, स्रोत साधनको असमान वितरण, शिक्षक असन्तुष्टि र कमजोर व्यवस्थापनले अपेक्षित सुधार रोक्छ। निजी शिक्षण संस्थाहरूमा पनि असमान तलब र सेवा-सुविधाका कारण शिक्षक समुदाय असुरक्षित महसुस गर्छ। परिणामस्वरूप, शिक्षामा भएको अरबौं रकमको प्रतिफल अपेक्षित स्तरमा देखिँदैन।

शिक्षाको मूल उद्देश्य सक्षम, उत्तरदायी र सृजनशील समाज निर्माण गर्नु हो। समय, प्रविधि र परिस्थिति अनुसार अनुकूलन गर्न सक्ने जनशक्ति उत्पादन नै शिक्षाको वास्तविक लक्ष्य हो। तथापि, नेपालमा २०२८ मा भित्रिएको शिक्षा प्रणालीको मूल स्वरूप अझै मौलिक सुधारबिनै चलिरहेको हुँदा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादनमा चुनौती थपिएको छ। यस परिपेक्ष्यमा, भविष्यका शिक्षा नीति, योजना र कार्यक्रमहरू व्यवहारिक, कार्यान्वयनमुखी र दिगो विकास लक्ष्य (SDGs) सँग सुसम्बद्ध हुन आवश्यक छ। स्थानीय सिप, विविधता र स्रोत साधनको समानुपातिक उपयोगमा आधारित शिक्षा प्रणाली विकास गर्न पर्याप्त बजेट, प्रतिबद्धता र पारदर्शी कार्यान्वयन अपरिहार्य छ।

नेपालको संविधानको अनुसूची ६ ले प्रदेश विश्वविद्यालयलाई प्रदेशको अधिकार सूचीमा राखेको छ। सोही व्यवस्था अनुसार समृद्ध राष्ट्र निर्माण गर्न जीवनोपयोगी मूल्य मान्यतामा आधारित राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिष्पर्धा गर्न सक्षम र नेतृत्वदायी जनशक्ति तयार गर्न गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले गण्डकी विश्वविद्यालयको स्थापना, व्यवस्थापन र सञ्चालन गर्न गण्डकी प्रदेश सरकारबाट "गण्डकी विश्वविद्यालय ऐन, २०७६" जारी भयो।

आजको विश्वमा ज्ञान, विज्ञान र प्रविधिमा तीव्र गतिमा प्रगति हुँदैछ। विकसित राष्ट्रहरू अन्तरिक्षमा मानव बसोबासका सम्भावनातर्फ उन्मुख हुँदा, नेपाल अझै कमजोर शैक्षिक संरचनामा सीमित रहनु पर्याप्त छैन। त्यसैले विज्ञान, प्रविधि, अनुसन्धान र नवप्रवर्तनमा आधारित व्यवहारिक शिक्षा २१औं शताब्दीको आवश्यकता बनेको छ। यही दृष्टिकोणअनुसार, गण्डकी विश्वविद्यालय गुणस्तरीय शिक्षालाई माध्यम बनाएर राष्ट्रिय विकासको अग्रपंक्तिमा रहँदै आफ्नो समग्र प्रयास निरन्तर अघि बढाइरहेको छ।

## २. स्थापना देखि आ.व. २०८०-८१ सम्मको संक्षिप्त झलक

गण्डकी विश्वविद्यालय ऐन, २०७६" जारी भएपछि मुलुकको पहिलो प्रादेशिक विश्वविद्यालयको रुपमा वि.सं. २०७६ साल फागुन ४ गते (17 February 2020) मा गण्डकी विश्वविद्यालय स्थापना भएको हो। गण्डकी विश्वविद्यालयको सर्बोच्च निकाय न्यासिक परिषद् (Board of Trustee) हो र यस्तो अवधारणामा नेपालमा सञ्चालित यो पहिलो विश्वविद्यालय हो।

विश्वविद्यालयको वैधानिक अस्तित्व र आधारभूत कार्यसञ्चालनका लागि गण्डकी विश्वविद्यालय ऐन, २०७६, दीर्घकालीन लक्ष्य हासिल गर्न दश वर्षे रणनीतिक योजना (Strategic Plan 2022-2032), शैक्षिक कार्यक्रमहरूको छनोट र विस्तारका लागि वैज्ञानिक आधार तय गर्न प्राज्ञिक आवश्यकता पहिचान (Academic Need Assessment), भौतिक संरचनाका लागि गुरु योजना (Master Plan) जस्ता आधारभूत दस्तावेजहरू तयार छन्।

न्यासिक परिषद् (Board of Trustees), कार्यकारी परिषद् (Executive Council), प्राज्ञिक परिषद् (Academic Council), जनशक्ति व्यवस्थापन समिति, विषय समितिहरू, संकायहरू, अनुसन्धान, अन्वेषण र आविष्कार केन्द्र जस्ता उच्च निकायहरू न्यासिक परिषद्को अध्यक्ष, कुलपति, उपकुलपति, रजिष्ट्रार, डीनहरू, अनुसन्धान, अन्वेषण र आविष्कार केन्द्र निर्देशक जस्ता प्रमुख पदाधिकारीको नेतृत्वमा कार्यरत छन् र शिक्षक तथा कर्मचारी सेवा सर्त नियमावली, आर्थिक नियमावली, अनुसन्धान तथा आविष्कार केन्द्र सञ्चालन निर्देशिका, २०७९ जस्ता दस्तावेजहरूले दैनिक कार्य सञ्चालनलाई व्यवस्थित बनाएका छन्। विश्वविद्यालयका कार्यहरूलाई सुचारु गर्न गण्डकी विश्वविद्यालय ऐन, २०७६ ले व्यवस्था गरेको कुलपति, उपकुलपति, रजिष्ट्रार, डीन, तथा आङ्गिक क्याम्पस, प्राविधिक प्रतिष्ठान, अनुसन्धान केन्द्र, अन्वेषण तथा आविष्कार केन्द्रका प्रमुखहरूका साथै विश्वविद्यालयमा शिक्षक तथा कर्मचारीहरूको दरबन्दी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण समितिले तयार पारेको प्रतिवेदनका आधारमा गण्डकी प्रदेश सरकारबाट शिक्षण तर्फ ५९ जना र कर्मचारी तर्फ ७२ जनाको दरबन्दी स्वीकृत गरेको छ |

विश्वविद्यालयको आफ्नै ऐन अन्तर्गत सञ्चालन भइरहेका कार्यक्रमहरूमा पठनपाठन, अनुसन्धान र आविष्कारलाई मुख्य स्तम्भको रूपमा स्थापित गरिएको छ। हाल विश्वविद्यालयले स्नातक तहमा सूचना प्रविधि (IT), खेलकुद व्यवस्थापन (Sports Management), फार्मेसी (Pharmacy), कानुन (BALLB) र व्यवस्थापन (BBA) जस्ता कार्यक्रमहरू सञ्चालन गरको छ। साथै, Academic Need Assessment Report का आधारमा विभिन्न स्वास्थ्य विज्ञानका कार्यक्रमहरू, Mining Engineering, कृषि विज्ञान (Agriculture Science), उद्यमशीलता (Entrepreneurship) र अन्य प्राविधिक कार्यक्रमहरू थप गर्ने आधार तयार पारिएको छ। कोभिड-१९ महामारीले स्थापनाका प्रारम्भिक दुई वर्षमा चुनौती प्रस्तुत गरेको भए तापनि, विश्वविद्यालयले ती अनुभवलाई अवसरमा रूपान्तरण गर्दै गुणस्तरीय, व्यवहारिक र अनुसन्धानमूलक शिक्षातर्फ अघि बढिरहेको छ।

# ३. नीति निर्माण

विश्वविद्यालय सञ्चालनका लागि आवश्यक नीति, कानुन, नियम तथा कार्यविधिको तर्जुमा, संशोधन र कार्यान्वयन प्रक्रिया विश्वविद्यालय प्रशासनको मेरुदण्डको रूपमा काम गर्छ। समयानुकूल, तथ्यपरक र अनुसन्धानमा आधारित नीति निर्माणले मात्र शैक्षिक कार्यक्रमहरूको प्रभावकारिता सुनिश्चित गर्ने, विश्वविद्यालयप्रति जनविश्वास बढाउने, विद्यार्थी, समाज र राष्ट्रबीच सहकार्य प्रवर्द्धन गर्ने, तथा राष्ट्रिय समृद्धिको आधार निर्माण गर्ने क्षमता राख्छ। गुणस्तरीय शिक्षाको वातावरण सृजना गर्न विश्वविद्यालयका नीतिहरू वैज्ञानिक प्रमाणमा आधारित, दिगो विकासका लक्ष्य (SDGs) सँग सुसम्बद्ध, विद्यार्थी-केन्द्रित र रोजगारमुखी हुनुपर्छ। नीति निर्माण केवल कानुनी औपचारिकता नभई समाजका अपेक्षा, बजारको माग, प्रविधिको विकास र राष्ट्रिय प्राथमिकतासँग सन्तुलन कायम गर्ने गतिशील प्रक्रिया हो। यस दृष्टिकोणअनुसार, विश्वविद्यालयले नीति निर्माण र परिमार्जनलाई निरन्तर सुधार चक्र (continuous improvement cycle) को रूपमा अँगालेको छ।

वर्तमान सन्दर्भमा, शिक्षा क्षेत्र तीव्र परिवर्तन र चुनौतीको सामना गरिरहेको छ। डिजिटल प्रविधिको विस्तार, कृत्रिम बुद्धिमत्ता (AI) को उपयोग, हरित अर्थतन्त्र (green economy) र अन्तर्राष्ट्रिय सहकार्यका नयाँ स्वरूपहरू देखिँदै छन्। यी परिवर्तित परिस्थितिलाई ध्यानमा राख्दै विश्वविद्यालयले नीति निर्माणको क्रममा डिजिटल रुपान्तरण (digital transformation), अनुसन्धान तथा नवप्रवर्तन (research & innovation), उद्यमशीलता प्रवर्द्धन (entrepreneurship promotion) र समावेशी शिक्षाको पहुँच (inclusive access to higher education) लाई प्राथमिकताका रूपमा निर्धारण गरेको छ।

शैक्षिक कार्यक्रम सञ्चालनका लागि विश्वविद्यालयले आवश्यकताको पहिचान (needs assessment) गर्ने अभ्यासलाई संस्थागत बनाएको छ। यस प्रक्रियामा "कुन विषयमा कस्तो जनशक्ति आवश्यक छ" र "त्यो जनशक्ति राष्ट्रिय अर्थतन्त्रमा कसरी योगदान दिन सक्छ" भन्ने अध्ययनका लागि विषयगत कार्यदल (Subject Committees) र विशेषज्ञ सल्लाहकार समूह गठन गरिएको छ।

दीर्घकालीन गन्तव्य पहिचान र स्पष्ट मार्गचित्र तय गर्न विश्वविद्यालयले "रणनीतिक योजना निर्माण कार्यदल (Strategic Plan Taskforce)" गठन गरेको छ। यस कार्यदलले विश्वविद्यालयको भिजन, मिशन र मूल्यहरूलाई व्यवहारिक रूप दिन १० वर्षे रणनीतिक योजना (Ten-Year Strategic Plan, 2022–2032) तयार पारेको छ, जसमा नीति निर्माणका मुख्य दिशानिर्देशहरू समावेश छन।

गुणस्तरीय र अनुसन्धानमुखी शिक्षा प्रवर्द्धन गर्न विश्वविद्यालयले पाठ्यक्रम, शिक्षण पद्धति र मूल्यांकन प्रणालीमा अन्तर्राष्ट्रिय मापदण्डअनुसार सुधार गर्दै आएको छ। यसले विद्यार्थीहरूलाई शैक्षिक दृष्टिले सक्षम बनाउने मात्र नभई अनुसन्धानमुखी सोच र सृजनशील क्षमताको विकासमा पनि योगदान पुर्‍याउँछ। प्रविधि र नवप्रवर्तनको समावेशका लागि विश्वविद्यालयले डिजिटल क्याम्पस, ई-लर्निङ प्लेटफर्म, अनुसन्धान डेटा हब, र कृत्रिम बुद्धिमत्तासहितको (AI-assisted) शिक्षण प्रणालीको विकास गर्दैछ, जसले शैक्षिक अनुभवलाई आधुनिक र प्रभावकारी बनाउँछ।

उद्यमशीलता र रोजगार अभिमुख शिक्षामा ध्यान दिँदै विश्वविद्यालयले विद्यार्थीहरूलाई रोजगारदाताको रूपमा सक्षम बनाउने कार्यक्रमहरू सञ्चालन गर्छ, जसले उनीहरूको व्यावसायिक क्षमता र राष्ट्रिय अर्थतन्त्रमा योगदान सुनिश्चित गर्दछ। समावेशी शिक्षा नीतिका अनुसार, आर्थिक, भौगोलिक वा सामाजिक रूपमा पिछडिएका विद्यार्थीलाई उच्च शिक्षा पहुँच र समान अवसर उपलब्ध गराउने सुनिश्चितता प्रदान गरिएको छ।

अन्तर्राष्ट्रिय सहकार्य नीतिले विश्वविद्यालयलाई विदेशी विश्वविद्यालयहरूसँग शैक्षिक तथा अनुसन्धान साझेदारी विस्तार गर्न सक्षम बनाएको छ, जसले विश्वस्तरीय मानकअनुसार शिक्षण तथा अनुसन्धानलाई एकीकृत गर्न मद्दत गर्दछ। त्यस्तै, पर्यावरणीय दिगोपन सुनिश्चित गर्न विश्वविद्यालयले हरित विश्वविद्यालय अवधारणालाई नीति तहमै समावेश गरेको छ, जसले दीगो विकास र वातावरणीय जिम्मेवारीको प्रतिवद्धता प्रकट गर्दछ। यसरी, विश्वविद्यालयको शिक्षा नीतिहरू समग्रमा आधुनिक, दिगो, अनुसन्धानमूलक, उद्यमशीलता अभिमुख र समावेशी संरचनामा आधारित छन्। यसरी, विश्वविद्यालयको नीति निर्माण प्रक्रिया अब केवल शैक्षिक सञ्चालनमा सीमित नभई राष्ट्रिय विकासका प्राथमिकता, प्रादेशिक आवश्यकताहरू र अन्तर्राष्ट्रिय प्रवृत्तिसँग प्रत्यक्ष जोडिएको व्यवहारिक अभ्यास बनेको छ। विश्वविद्यालयको दीर्घकालीन गन्तव्य पहिचान र रणनीतिक योजना तयार गर्न कार्यदल गठन गर्नु अपरिहार्य रह्यो, जसले नीति निर्माण र कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाएको छ।

### ३.१. प्राज्ञिक आवश्यकता मुल्याङ्कन (Academic Need Assessment)

विश्वविद्यालयहरू केवल शिक्षणका केन्द्र मात्र होइनन्, यी ज्ञान उत्पादन, अनुसन्धान, आविष्कार र सामाजिक रूपान्तरणका महत्वपूर्ण केन्द्रहरू हुन्। कुनै पनि राष्ट्रको आर्थिक, वैज्ञानिक र सांस्कृतिक प्रगतिको मूल जरो विश्वविद्यालयमै निहित हुन्छ। विकसित राष्ट्रहरूको पहिचान, वैज्ञानिक उपलब्धि र मानव सभ्यताको स्तर उनीहरूका विश्वविद्यालयहरूले सञ्चालन गरेका अनुसन्धान तथा नवप्रवर्तन कार्यक्रमहरूसँग प्रत्यक्ष सम्बन्धित छन्।

इतिहासले पनि यही सन्देश दिन्छ 'प्राचीन तक्षशिला, नालन्दा र ऋषिमुनिहरूका तपोभूमि केवल ज्ञानका स्थल थिएनन्, तिनीहरू सभ्यताको उद्गम केन्द्र थिए। आधुनिक युगमा मानवले अन्तरिक्षमा कदम राख्नु र कृत्रिम बुद्धिमत्ताको युग आरम्भ गर्नु पनि विश्वविद्यालयमा जन्मेका अनुसन्धान र नवप्रवर्तनकै प्रतिफल हुन्।

यस सन्दर्भमा, गण्डकी विश्वविद्यालयले पनि आफ्ना शैक्षिक कार्यक्रमहरू र विस्तारका निर्णयहरू वैज्ञानिक, तथ्यपरक र व्यवहारिक अध्ययनका आधारमा लिनुपर्ने आवश्यकता महसुस गरेको छ। नेपालको वर्तमान शैक्षिक परिदृश्य, रोजगार बजार, प्रविधिको तीव्र विकास, तथा प्रदेश र राष्ट्रको विकास प्राथमिकतासँग सुसम्बन्धित विषयहरूमा अनुसन्धान गर्ने आवश्यकता विश्वविद्यालयले ठानेको छ।

यस उद्देश्यका लागि विश्वविद्यालयले "प्राज्ञिक आवश्यकता (Academic Need Assessment)" अध्ययन कार्यदल गठन गरेको थियो। कार्यदल गठन अघि विभिन्न शिक्षाविद्, अनुसन्धानकर्ता तथा संस्थाहरूसँग प्रतिस्पर्धात्मक प्रस्ताव (Expression of Interest) माग गरियो। प्राप्त प्रस्तावहरू मध्यबाट मूल्याङ्कन समितिले प्रा. डा. विश्वकल्याण पराजुलीको संयोजकत्वमा अध्ययन कार्यदल चयन गरेको हो।

कार्यदलले प्रदेश र राष्ट्रिय सन्दर्भमा उच्च शिक्षाका नयाँ सम्भावना, बजार मागअनुकूल विषयहरू, तथा विश्वव्यापी शैक्षिक प्रवृत्तिलाई विश्लेषण गरी विस्तृत प्रतिवेदन विश्वविद्यालयमा पेश गरेको छ। प्रतिवेदनले आगामी वर्षहरूमा प्राथमिकताका रूपमा अगाडि बढाउन सिफारिस गरेका मुख्य क्षेत्रहरू यस प्रकार छन्:

- प्रविधि र नवप्रवर्तनमुखी शिक्षाः कृत्रिम बुद्धिमत्ता (AI), डेटा विज्ञान (Data Science), साइबर सुरक्षा, र सूचना प्रविधि व्यवस्थापन।
- हरित अर्थतन्त्र र वातावरणीय अध्ययनः नवीकरणीय ऊर्जा, जल-स्रोत व्यवस्थापन, र जलवायु-स्मार्ट कृषि।
- स्वास्थ्य र फार्मास्यूटिकल्सः बायोटेक्नोलोजी, फार्मेसी, र सार्वजनिक स्वास्थ्य व्यवस्थापन।
- सामाजिक विज्ञान र कानुनः अन्तर्राष्ट्रिय सम्बन्ध, सुशासन, कानुन र नीति अध्ययन।

- व्यवस्थापन र उद्यमशीलताः पर्यटन व्यवस्थापन, खेलकुद व्यवस्थापन, र उद्यमशीलता विकास (Entrepreneurship Development) ।

कार्यदलको प्रतिवेदनले गण्डकी प्रदेशको भूगोल, स्रोतसाधन र मानव-सामाजिक संरचनासँग सुसम्बद्ध शैक्षिक कार्यक्रमहरूको सन्तुलित विस्तारको रूपरेखा प्रस्तुत गरेको छ। यस अध्ययनका नतिजाले विश्वविद्यालयलाई आगामी शैक्षिक सत्रदेखि कुन विषयहरूमा नयाँ कार्यक्रम सञ्चालन गर्ने भन्ने नीति-निर्णयमा आधार प्रदान गरेको छ।

अहिले विश्वविद्यालयले सो प्रतिवेदनका सिफारिसहरूलाई पुनरावलोकन गरी आफ्नो रणनीतिक योजना (Strategic Plan) र शैक्षिक विस्तार नीति (Academic Expansion Policy) सँग एकीकृत गर्दै क्रमिक रूपमा कार्यान्वयनमा लैजाने तयारी गरेको छ। यसले गण्डकी विश्वविद्यालयलाई प्रदेशमै मात्र नभई, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, नवप्रवर्तनशील र व्यवहारिक शिक्षाको प्रमुख केन्द्रको रूपमा स्थापित गर्ने लक्ष्य तय गरेको छ।

### ३.२. विश्वविद्यालय दश वर्षे रणनीतिक योजना

रणनीतिक योजना कुनै पनि विश्वविद्यालयको दीर्घकालीन दृष्टि (vision) र उद्देश्य (mission) प्राप्त गर्न मार्गनिर्देशन गर्ने जीवित दस्तावेज (living document) हो। यसले संस्थालाई स्पष्ट दिशा, मापनयोग्य लक्ष्य, प्राथमिकता निर्धारण, स्रोत-साधनको कुशल उपयोग र निर्णय प्रक्रियामा एकरूपता प्रदान गर्छ। यसरी, रणनीतिक योजना केवल कार्ययोजना मात्र नभई संस्थाको दर्शन, जिम्मेवारी र भविष्यको रोडम्यापको रूपमा काम गर्छ।

गण्डकी विश्वविद्यालयले आफ्नो दीर्घकालीन शैक्षिक र संस्थागत विकासलाई लक्ष्य राख्दै वि.सं. २०८० देखि २०९० सम्मको अवधि लागि “दश वर्षे रणनीतिक योजना (Ten-Year Strategic Plan)” तयार गरेको छ। उक्त योजना निर्माणका लागि विश्वविद्यालयले डा. सूर्य बहादुर जिसीको संयोजकत्वमा बहु-विषयगत अध्ययन कार्यदल गठन गरेको थियो, जसमा नीति, शिक्षा, प्रशासन, वित्त, अनुसन्धान तथा प्रविधि क्षेत्रमा अनुभव भएका विज्ञहरू सहभागी थिए।

रणनीतिक योजना तयार पार्ने क्रममा विश्वविद्यालयले प्रमाण-आधारित (evidence-based) प्रक्रिया अपनाएको छ। यस अन्तर्गत आन्तरिक मूल्याङ्कन (Internal Assessment) मार्फत विद्यमान कार्यक्रम, स्रोतसाधन, जनशक्ति र पूर्वाधारहरूको विस्तृत मूल्याङ्कन गरिएको छ। बाह्य वातावरणीय विश्लेषण (External Analysis) अन्तर्गत प्रदेश तथा राष्ट्रिय सन्दर्भ, श्रम बजारका माग, प्रविधिको विकास र अन्तर्राष्ट्रिय शैक्षिक प्रवृत्तिहरूको अध्ययन गरिएको छ। यसैगरी, हितधारक परामर्श (Stakeholder Consultation) मार्फत विद्यार्थी, शिक्षक, कर्मचारी, उद्योग-व्यवसायी, सरकारी निकाय र स्थानीय समुदायसँग छलफल र सुझाव संकलन गरिएको छ।

नीतिगत कार्यशाला (Policy Workshop) आयोजन गरी प्रतिवेदनको प्रारम्भिक मसौदालाई अन्तिम रूप दिइएको छ, जसमा शिक्षाविद्, नीति-निर्माता र सरोकारवाला निकायका प्रतिनिधिहरू सहभागी थिए। अन्तर्राष्ट्रिय सहकार्य (Peer Review) अन्तर्गत प्रतिवेदनलाई विदेशी विश्वविद्यालयका विज्ञहरूसँग सल्लाह गरेर परिमार्जन गरिएको छ, जसमा गण्डकी प्रदेश नीति तथा योजना आयोगका पूर्व उपाध्यक्ष डा. गिरीधारी पौडेलले संयोजकको रूपमा महत्वपूर्ण योगदान दिएका छन्। यस प्रक्रियाबाट तयार गरिएको रणनीतिक योजना गण्डकी विश्वविद्यालय न्यासिक परिषद् (Board of Trustees) बाट अनुमोदन भइसकेको छ र हाल कार्यान्वयन चरण (Implementation Phase) सुरु भइसकेको छ।

रणनीतिक योजनाले विश्वविद्यालयका लागि पाँच प्रमुख रणनीतिक स्तम्भ (strategic pillars) निर्धारण गरेको छः

- गुणस्तरीय शिक्षाको सुदृढीकरण (Quality Education): अन्तर्राष्ट्रिय मापदण्डमा आधारित पाठ्यक्रम, मूल्यांकन र सिकाइ पद्धति विकास।
- अनुसन्धान र नवप्रवर्तन प्रवर्द्धन (Research & Innovation): अनुसन्धान केन्द्रीत संस्कृतिको स्थापना र उद्योग-शैक्षिक सहकार्य विस्तार।
- डिजिटल रूपान्तरण र प्रविधि एकीकरण (Digital Transformation): ई-लर्निङ, स्मार्ट क्याम्पस र प्रविधिमैत्री प्रशासनिक प्रणाली।
- समावेशी र दिगो विकास दृष्टिकोण (Inclusivity & Sustainability): लैङ्गिक समानता, पहुँच र हरित विश्वविद्यालय अवधारणाको कार्यान्वयन।
- अन्तर्राष्ट्रियकरण र सहकार्य विस्तार (Internationalization & Partnerships): अन्तर्राष्ट्रिय विश्वविद्यालय, अनुसन्धान संस्था र उद्योगसँग सहकार्य सुदृढीकरण।

रणनीतिक योजनाको मुख्य उद्देश्य गण्डकी विश्वविद्यालयलाई आगामी दशकमा "अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलतामा अग्रणी विश्वविद्यालय" बनाउनु हो। यसका लागि विश्वविद्यालयले प्रत्येक वर्ष कार्ययोजना अद्यावधिक गर्दै मापनयोग्य उपलब्धि संकेतक (Key Performance Indicators - KPIs) को आधारमा प्रगतिलाई मूल्याङ्कन गर्ने प्रणाली अवलम्बन गरेको छ। यस रणनीतिक योजना कार्यान्वयनसँगै गण्डकी विश्वविद्यालय प्रदेश र राष्ट्रको शैक्षिक, वैज्ञानिक तथा सामाजिक रूपान्तरणमा अग्रणी भूमिका खेल्ने अपेक्षा गरिएको छ।

### ३.३. नियमावली तथा कार्यविधि तयारी

गण्डकी विश्वविद्यालयको सञ्चालन र सुशासनलाई संस्थागत रूप दिन आवश्यक नियम, कानुन र कार्यविधाहरूको निर्माण विश्वविद्यालयको प्राथमिकता रहेको छ। विश्वविद्यालयको प्रारम्भिक चरणमै शैक्षिक, प्रशासनिक र आर्थिक गतिविधि व्यवस्थित बनाउन निम्न प्रमुख नियमावलीहरू तयार पारिएका थिएः

**गण्डकी विश्वविद्यालयका मौजुदन ऐन, विनियम, नियमावली, निर्देशिका तथा कार्यविधिहरूः**

| क्र.सं. | मौजुदा ऐन, नियमावली, कार्यविधि |
|---|---|
| १ | गण्डकी विश्वविद्यालय ऐन, २०७६ |
| २ | ग.वि. संगठन तथा शैक्षिक प्रशासन नियमावली |
| ३ | ग. वि. आर्थिक प्रशासन नियमावली |
| ४ | ग. वि. शिक्षक,कर्मचारीको सेवा शर्त नियुक्ति तथा बढुवाका लागि सिफारिस गर्ने मापदण्ड र पदस्थापन सम्बन्धी नियमावली |
| ५ | ग. वि. परीक्षा संचालन कार्यविधि |
| ६ | ग. वि. छात्रवृत्ति कार्यविधि |
| ७ | ग. वि. अनुसन्धान व्यवस्थापन तथा परामर्श सेवा सम्बन्धी विनियम |
| ८ | ग. वि. राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्मेलन संचालन कार्यविधि |
| ९ | ग. वि. विशेष आन्तरिक एवं सिफारिस कार्यविधि (प्रशासनिक) |
| १० | ग. वि. विशेष आन्तरिक एवं सिफारिस कार्यविधि (शैक्षिक) |

११ ग. वि. आन्तरिक परिक्षा संचालन कार्यविधि
१२ ग. वि. डिन नियुक्ति तथा सिफारिस कार्यविधि
१३ ग. वि. कुलपति सिफारिस कार्यविधि
१४ ग. वि. कुलपति रनिङ्ग शिल्ड संचालन कार्यविधि
१५ ग. वि. आविष्कार केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि
१६ ग. वि. उपकुलपति नियुक्ति कार्यविधि
१७ ग. वि. रजिष्ट्रार नियुक्ति कार्यविधि
१८ ग. वि. भर्ना निर्देशिका
१९ ग. वि. Endowment Fund
२० ग. वि. करार सेवा कार्यविधि
२१ Gandaki University Publication Reward Guidelines
२२ Gandaki University Guidelines for Graduate research Grant (awaiting approval)

## ३.४. आ.व. २०८१।८२ को नीति तथा कार्यक्रम र बजेट

आ.व. २०८१।८२ मा गरिने प्रमुख क्रियाकलापहरु, कार्यक्रम तथा बजेट बिनियोजन सम्बन्धी विवरण तल प्रस्तुत गरिएको छ।

१. गण्डकी विश्वविद्यालय मुख्य प्राशसनिक भवन निर्माण कार्यलाई निरन्तरता दिने।
२. गण्डकी विश्वविद्यालयको भवन निर्माणको लागि विस्तृत आयोजना विवरण (DPR) तयार गर्ने कार्य यसै आर्थिक वर्षमा सम्पन्न गर्ने।
३. गण्डकी विश्वविद्यालय प्री-फ्याब भवनमा अन्तरिक बाटो/Landscaping निर्माण कार्य सम्पन्न गर्ने।
४. फार्मेसी कक्षा संचालनका लागि प्रयोगात्मक उपकरण तथा शैक्षिक सामग्री खरिद गर्ने।
५. गण्डकी विश्वविद्यालय परिक्षा नियन्त्रण कार्यालयको भवन निर्माण कार्यको प्रकृया थालनी गर्ने।
६. Departmental research management cell setup निर्माण कार्य, multi-purpose hall setup कार्य यसै आ.व. मा सम्पन्न गर्ने।
७. मल्टी मेडिया स्टुडियो निर्माण कार्य, सवारी साधन पार्किंग निर्माण कार्य, गण्डकी विश्वविद्यालय खेल मैदान निर्माण कार्य (भलिबल कोर्ट, क्रिकेट पिच), फार्मेसी कार्यक्रमका लागि मोडल फार्मेसी निर्माण कार्यलाई यसै आ.व. मा सम्पन्न गर्ने।
८. गण्डकी विश्वविद्यालयका विभिन्न कलेज/परिसर, भवन मर्मत सम्भार, मर्मत कार्य, निर्माण कार्यलाई निरन्तरता दिने।
९. आविष्कार केन्द्रदेखि मुख्य भवनसम्म बिजुली तार विस्तार कार्य, ल्याब, लाइब्रेरी एवं मल्टिपर्पोज हलमा सिसिटिभि जडान कार्य, ल्याब, लाइब्रेरी एवं मल्टिपर्पोज हलका लागि इन्भर्टर जडान कार्य सम्पन्न गर्ने।
१०. गण्डकी विश्वविद्यालयको विभिन्न स्थानमा जमिन/जग्गा संरक्षण कार्यलाई निरन्तरता दिने।
११. गण्डकी विश्वविद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरूका लागि सेवा सुरक्षा स्थायी गर्ने सम्बन्धी आवश्यक प्रक्रियाको थालनी गरिने।
१२. पदाधिकारीका लागि सवारी साधन तथा कर्मचारीका लागि हलुका सवारी साधन खरिद कार्य गर्ने।

१३. विश्वविद्यालयका लागि मेशिनरी औजार, कम्प्युटर लगायत अन्य उपकरण तथा MIT-AI कक्षा संचालनका लागि प्रयोगात्मक उपकरण तथा शैक्षिक सामग्री खरिद कार्य गर्ने।

१४. फार्मेसी कक्षा संचालनका लागि प्रयोगात्मक उपकरण, शैक्षिक सामग्री तथा Chemical, Reagent, Glassware आदि सामाग्री खरिद गर्ने।

१५. MIT-AI विषयको स्नातकोत्तर तहको शैक्षिक कार्यक्रम सञ्चालनमा ल्याउने।

१६. गण्डकी  विश्वविद्यालयको बेलचौतारा, मालेपाटनमा भवन निर्माण सम्बन्धी DPR अध्ययन कार्यका लागि परामर्श सेवा लिने कार्य गर्ने।

१७. क्षेत्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलन गर्ने कार्यलाई निरन्तरता  दिने।

१८. गण्डकी विश्वविद्यालयका लागि Admission, Exam, Research, Digital data Management System लगायत Software खरिद कार्य गर्ने।

१९. Municipal Development विषयको स्नातकोत्तर अध्यापन कार्यको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने।

२०. अनुसन्धान तथा अन्वेषण एवं निरन्तर शिक्षा कार्यक्रमलाई सञ्चालनमा ल्याउने।

२१. विश्वविद्यालयमा न्यासिक परिषद्को, कार्यकारी परिषदको र  प्राज्ञिक परिषद्को बैठकका निर्णयहरू कार्यान्वयन गर्ने।

२२. नियमित रूपमा विस्तारित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनका गर्ने।

आ.व. २०८१।८२ मा कार्यान्वयनमा ल्याइने उपरोक्त प्रमुख कार्यहरूका लागि बजेटको विनियोजन निम्न अनुसार छ।

क. विश्वविद्यालयको मुख्य प्रशासनिक भवन निर्माण कार्यलाई निरन्तरता दिन यस आर्थिक वर्षका लागि रु. ७ करोड विनियोजन।

ख. विश्वविद्यालयलाई प्राप्त जग्गाहरूमा तारबार लगायत जग्गा संरक्षण सम्बन्धी कार्य गर्न रु. २० लाख बजेट विनियोजन।

ग. पदाधिकारी सवारी साधन सवारी साधन खरिदका लागि रु. ८५ लाख रकम विनियोजन।

घ. विश्वविद्यायलाई थप प्रविधि मैत्री बनाउनका लागि कम्प्युटर तथा अन्य उपकरणहरूको खरिद कार्य, प्रयोगात्मक उपकरण तथा शैक्षिक सामग्री खरिद कार्य,  अनुसन्धान, अन्वेषण तथा आविष्कार सम्बन्धी कार्यलाई प्राथमिकतामा राखिएको ले यसका लागि रु. ८० लाख बजेट विनियोजन गर्ने।

ङ. विश्वविद्यालयका निर्माण सम्पन्न भएका भवनहरूका लागि कार्पेट तथा पर्दा खरिद कक्षाकोठामा फर्निचर तथा फर्निसिंग कार्यलाई आवश्यक रकम विनियोजन गरिएको छ।

च. गण्डकी विश्वविद्यालयको विभिन्न भवनका विस्तृत आयोजना विवरण (डिपिआर) तयार गर्ने कार्य, विभिन्न विषयका पाठ्यक्रम निर्माण,   शिक्षक तथा कर्मचारी वृत्ति विकास कार्यक्रम र विश्वविद्यालयका लागि भर्ना, परीक्षा, अनुसन्धान र जनशक्ति व्यवस्थापनका लागि आवश्यक सफ्टवेयर खरिद कार्यका लागि आवश्यक रकम विनियोजन।

छ. पुस्तक तथा शैक्षिक सामाग्री खरिद, मेशनेरी औजार मर्मत, सवारी साधन मर्मतका सवारी साधन भाडाका लागि आवश्यक बजेट विनियोजन।

ज. अन्य मर्मत कार्य र सवारी साधनको बिमाका लागि आवश्यक बजेट विनियोजन।


झ. विभिन्न कार्यक्रमका आन्तरिक तथा बाह्य अन्तिम परीक्षा सञ्चालन तथा परीक्षाफल सम्बन्धी कार्य लाई थप व्यवस्थित गर्ने।

# ४. गण्डकी विश्वविद्यालयको सांगठनिक स्वरूप र वर्तमान कार्यरत सङ्गठन

गण्डकी विश्वविद्यालय ऐन, २०७६ को दफा ५ मा उल्लेखित संगठन संरचना बमोजिमका अंगहरू र गण्डकी विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासन नियमावली, २०७७ को नियम ३ को अनुसूची १ मा उल्लेख गरिए अनुसारको सांगठनिक स्वरूप तल चार्ट नं. १ मा दिइएको छ।

विश्वविद्यालय स्थापना भएको केवल पाँच वर्ष मात्र पुरा भई छैटौं वर्षमा सञ्चालन भई रहेको अवस्थामा सांगठनिक स्वरूप निर्णाण भए पनि केही निकाय तथा इकाइहरू पूर्ण रूपमा स्थापना भइ सञ्चालनमा आई नसकेको अवस्था छ भने केहि नयाँ निकाय तथा इकाइहरू न्यासिक परिषद्को स्वीकृतिमा स्थापना भई सञ्चालनमा समेत आएका छन्। सञ्चालनमा आई नसकेका निकाय तथा इकाइहरू मध्ये विज्ञ मण्डल, अन्तराष्टिय समिति, उद्यमशीलता तथा उष्मायन केन्द्र, प्राविधिक प्रतिष्ठान, चिकित्सा विज्ञान सङ्काय, विकास, वातावरण र स्रोत सङ्काय, विद्यार्थी कल्याण तथा सामाजिक मामिला र कानुनी मामिला, आईटी सहितका निकाय, सङ्काय तथा इकाइहरू स्थापना भई नसकेको अवस्था छ भने कानुन तथा व्यवस्थापन सङ्काय यसै आ.व. मा स्थापना भई यसले आफ्नो कार्य सञ्चालन समेत गरिसकेको छ।

**चार्ट नं. १ः गण्डकी विश्वविद्यालयको सांगठनिक स्वरूप**



## ४.१. गण्डकी विश्वविद्यालयको न्यासिक परिषद्

गण्डकी विश्वविद्यालयको सर्वोच्च निकायको रूपमा न्यासिक परिषद् रहेको छ। यो ऐन बन्नुपूर्व नेपालमा सञ्चालित विश्वविद्यालयहरूका ऐनले विश्वविद्यालयको सर्वोच्च निकायको रूपमा विश्वविद्यालय सभाको व्यवस्था गरेको पाइन्छ। तर यस ऐनले सर्वोच्च निकायको रूपमा न्यासिक परिषद् व्यवस्था गरेको छ। ऐनले विश्वविद्यालय सञ्चालनका लागि सर्वोच्च निकायका रूपमा अधिकार सम्पन्न न्यासिक परिषद् (Board of Trustees) को व्यवस्था गरेको छ भने विश्वविद्यालयको पूरा समय काम गर्ने मुख्य कार्यकारी पदाधिकारीको रूपमा कुलपतिको व्यवस्था गरेको छ। आ.व. २०८१।८२ मा न्यासिक परिषद्मा देहाय बमोजिमको रहेको छ।

**तालिका नं. १**

**आ.व. २०८१।८२ मा कायम रहेको न्यासिक परिषद्को विवरण**

| क्र.सं. | नाम | पद | आवद्धता | जिल्ला |
|---|---|---|---|---|
| १. | प्रा.डा. कैलाशनाथ प्याकुर्‍याल | अध्यक्ष | गण्डकी विश्वविद्यालय | |
| २. | प्रा.डा. गणेशमान गुरुङ्ग | कुलपति | गण्डकी विश्वविद्यालय | २०८१।११।३ सम्म |
| ३. | प्रा.डा. इन्द्र प्रसाद तिवारी | कुलपति | गण्डकी विश्वविद्यालय | २०८१।१२।२९ देखि |
| ४. | संस्थागत प्रतिनिधित्व | सदस्य | सचिव, सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश | |
| ५. | चन्द्रप्रसाद ढकाल | सदस्य | अध्यक्ष, आईएमई ग्रुप | बाग्लुङ्ग |
| ६. | डा.जीत जोशी | सदस्य | Associate Vice President for International Education and Global Engagement, California State University, Long Beach | तनहुँ |
| ८. | श्री कृष्ण प्रसाद आचार्य | सदस्य | कार्यकारी अध्यक्ष, Multi Energy Development Pvt. Lt, Director of RM Investment and RB Complex | |
| ९. | श्री दिवा कुमारी तिलिजा पुन | सदस्य | समाजसेवा | २०८२।०२।०१ सम्म |
| १०. | श्री निर्मल गुरुङ्ग | सदस्य | अध्यक्ष, सगरमाथा टेलिभिजन | |
| ११. | प्रा.डा. सुरेश राज शर्मा | सदस्य | काठमाण्डौ विश्वविद्यालय न्यासिक परिषद्को आजिवन सदस्य | २०८१।९।१९ सम्म |
| १२. | प्रा.डा.संगिता सिंह | सदस्य | प्राध्यापक, ईन्जिनियरिङ् क्यम्पस, ललितपुर | |
| १३. | श्री तारा देवी गुरुङ्ग | सदस्य | विज्ञ, ग्रामीण विकास | |
| १४. | श्री सुशिला पाण्डे | सदस्य | विज्ञ, समाजशास्त्र | |
| १५. | प्रा.डा. रमेश कान्त अधिकारी | सदस्य | सल्लाहकार, नेपाल जनस्वास्थ्य प्रतिष्ठान | |
| १६. | रमेश शर्मा | सदस्य | प्रबन्ध निर्देशक, शर्मा एण्ड कम्पनी | |
| १७. | डा. यमुना घले | सदस्य | Senior Research Fellow, Institute for Integrated Development Studies (IIDS) | |
| १८. | डा. सुनिल बाबु श्रेष्ठ | सदस्य | प्राज्ञ, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान | २०८१।०४।११ देखि |
| १९. | डा. इन्दिरा पौडेल | सदस्य | नेत्र विशेषज्ञ, तिलगङ्गा आँखा अस्पताल | २०८१।०४।११ देखि |
| २०. | डा. वीरवहादुर कार्की | सदस्य | सहप्राध्यापक, पृथ्वी नारायण क्याम्पस, पोखरा | २०८१।११।०२ देखि |

आ.व. २०८१।८२ मा संस्थापक कुलपतिको पदावधि समाप्त भयो र वहाँ मिति २०८१।११।३ गते सम्म मात्र न्यासिक परिषद् सदस्य रहनु भयो भने अन्य दुई जना सदस्यहरू राजिनामा दिई अवकास लिनु भयो। कुलपति सदस्य रहने रिक्त पदमा नयाँ कुलपति समावेश हुनु भयो भने आ.व. २०८१।८२ मा अन्य तीन जना नयाँ सदस्यहरू थपिनु भयो।

### न्यासिक परिषद्को बैठक

गण्डकी विश्वविद्यालय ऐन, २०७६ को परिच्छेद ४ को दफा ८ ले न्यासिक परिषद्को बैठक सामान्यतया ४ महिनाको १ पटक बस्ने छ भनिएको भएतापनि अध्यक्षले आवश्यकतानुसार सो अवधि अगावै पनि बोलाउन सक्ने प्रावधान छ। ऐनले जे व्यवस्था गरेको भएतापनि विश्वविद्यालय स्थापनाका सुरुका दिन धेरै समस्या झेल्नु पर्ने र गण्डकी विश्वविद्यालयले पनि थुप्रै बिषयहरु समाधान गर्नु पर्ने हुँदा आ.व. २०८१।८२ सालमा न्यासिक परिषद्को बैठक ६ पटक बसेको छ। न्यासिक परिषद्का बैठकको विवरण (आ.व. २०८१।८२) देहायवमोजिम रहेको छ।

**तालिका नंः २**

**न्यासिक परिषद्को बैठक सम्बन्धी विवरण**

| क्र.सं. | मिति | मुख्य निर्णयहरू |
|---|---|---|
| १ | २०८१।०२।०७ | न्यासिक परिषद्मा रिक्त हुन आउने सदस्य नियुक्ति गर्न सिफारिस समिति गठन गर्ने बारे |
| २ | २०८१।०४।११ | ▪ न्यासिक परिषद्को रिक्त सदस्य पदपूर्ति सम्बन्धमा<br>▪ गण्डकी विश्वविद्यालय शिक्षक, कर्मचारीको सेवा शर्त, नियुक्ति तथा बढुवाका लागि सिफारिस गर्ने मापदण्ड र पदस्थापन निमयावली, २०८१ सम्बन्धमा<br>▪ गण्डकी विश्वविद्यालयको आ.ब. २०८१।०८२ को अनुमानित बजेट सम्बन्धमा |
| ३ | २०८१।०९।१९ | ▪ नवनियुक्त सदस्यहरुको स्वागत, प्रा.डा. सुरेशराज शर्माको राजीनामा, न्यासिक परिषद्का रिक्त हुन आएको सदस्य पूर्ती बारे, कुलपतिको पदावधि बारे, आ.व. २०८०।०८१ को वार्षिक प्रतिवेदन बारे |
| ४ | २०८१।११।०२ | ▪ न्यासिक परिषद्को रिक्त सदस्य पद पूर्ति बारे। |
| ५ | २०८२।०२।०१ | ▪ नवनियुक्त कुलपति र न्यासिक परिषद्का सदस्यहरूको स्वागत।<br>▪ आर्थिक वर्ष २०८२।८३ को पूर्व अनुमानित बजेट<br>▪ विश्वविद्यालयमा नयाँ कार्यक्रमहरू स्थापना र सञ्चालन सम्बन्धमा।<br>▪ न्यासिक परिषद्का उपसमिति सम्बन्धमा।<br>▪ न्यासिक परिषद्का सदस्य श्री दिवा कुमारी तिलिजा पुनको राजिनामा सम्बन्धमा र सो स्थानमा सदस्यको पदपूर्ति गर्न सिफारिस समिति गठन गर्ने सम्बन्धमा।<br>▪ न्यासिक परिषद्को बैठक सम्बन्धी कार्यविधि तयार गर्ने सम्बन्धमा।<br>▪ शिक्षक कर्मचारीको विशेष आन्तरिक प्रतियोगिता सम्बन्धमा।<br>▪ विश्वविद्यालयको रणनैतिक योजना (Strategic Plan) सम्बन्धमा।<br>▪ विश्वविद्यालयको अक्षयकोष (Endowment Fund) सम्बन्धमा।<br>▪ माननीय मुख्यमन्त्रीज्यू समक्ष प्रस्तुत विश्वविद्यालयको प्रस्तुतिकरणको जानकारी।<br>▪ विश्वविद्यालयलाइ बौद्धिक श्रोत केन्द्र (Intellectual Resource Centre) को रुपमा स्थापित गर्ने सम्बन्धमा। |

### न्यासिक परिषद्को सल्लाहकार परिषद्

विश्वविद्यालयको प्राज्ञिक, शैक्षिक तथा व्यवस्थापकिय कार्यहरू सञ्चालन गर्न आवश्यक सल्लाह र सुझाव प्राप्त गर्न गण्डकी विश्वविद्यालय ऐन, २०७६ को दफा २२ अधिनमा अध्यक्षले एक सल्लाहकार परिषद् गठन गर्न सक्ने व्यवस्था भए बमोजिम हाल तल उल्लेखित एक सल्लाहकार परिषद् रहेको छ।

**तालिका नं. ३**

**आ.व. २०८१।८२ मा कायम रहेको न्यासिक परिषद्को सल्लाहकार परिषद्को विवरण**

| सि.नं. | नाम | प्राज्ञिक क्षेत्र (विज्ञता) | कैफियत |
|---|---|---|---|
| 1. | Prof David Anthony Kirby, PhD | Entrepreneurship | |
| 2. | Prof Dinesh Chandra Devkota, PhD | Engineering Science (Founder BoT Chairperson) | |
| 3. | Prof Keshar J. Baral, PhD | Management Studies | |
| 4. | Prof Kim Jae Young, Ph.D | Civil and Environmental Engineering | |
| 5. | Prof Medani Bhandari, PhD | Sociology | |
| 6. | Prof Murari Suvedi, PhD | Agricultural and Extension Education | |
| 7. | Prof Nar Kaji Gurung, PhD | Animal Nutrition | |
| 8. | Colonel Padam Bahadur Gurung | | |

### न्यासिक परिषद्बाट गठित विभिन्न उपसमितिहरूको विवरण

न्यासिक परिषद्ले आफ्ना कार्यहरूलाई सहज गर्न विभिन्न चार उपसमितिहरू समेत गठन गरेको छ। हाल ती उपसमितिहरू र तीनमा आवद्ध सदस्यहरू निम्नानुसार छन्।

**तालिका नं. ४**

**आ.व. २०८१।८२ मा कायम रहेको न्यासिक परिषद्का उपसमितिहरूको विवरण**

| उपसमितिको नाम | जिम्मेवारी | सदस्यहरूको नाम | गठन मिति | कैफियत |
|---|---|---|---|---|
| १. प्राज्ञिक तथा शैक्षिक उपसमिति | संयोजक | १. डा. जीत जोशी | २०७७।११।०३ | |
| | सदस्य | २. डा. चण्डिका पण्डित | | |
| २. बजेट तथा श्रोत व्यवस्थापन उपसमिति | संयोजक | १. कृष्ण प्रसाद आचार्य | | |
| | सदस्य | २. डा. मिन वहादुर श्रेष्ठ | २०७९।०३।२९ | पदावधि समाप्त |
| | सदस्य | ३. चन्द्र ढकाल | | |
| | सदस्य | ४. निर्मल गुरुङ्ग | | |
| | सदस्य-सचिव | ५. डा. कैलाश तिमिल्सिना | | |
| ३. निति निर्माण उपसमिति | संयोजक | १. डा. मिन वहादुर श्रेष्ठ | २०७९।०३।२९ | पदावधि समाप्त |
| | सदस्य | २. सुशिला पाण्डे | | |
| | सदस्य | ३. दिवाकुमारी तिलिजा पुन | २०८२।०२।०१ | राजीनामा |
| | सदस्य | ४. डा. जीत जोशी | | |
| | सदस्य-सचिव | ५. प्रा.डा. नवराज देवकोटा | | |
| ४. मुल्याङ्कन उपसमिति | | | | सदस्य पछि तोक्ने |

## ४.२. गण्डकी विश्वविद्यालयको कार्यकारी परिषद्

विश्वविद्यालयको वार्षिक बजेट र कार्यक्रम तर्जुमा गर्न, विश्वविद्यालयका लागि भौतिक पूर्वाधार, स्रोत व्यवस्थापन गर्न, प्राज्ञिक परिषदद्वारा पेस भएका शैक्षिक नीति, योजना र कार्यक्रम उपर विचार गरी न्यासिक परिषदमा सिफारिस गर्न, स्वदेशी वा विदेशी शिक्षण संस्थाले विश्वविद्यालयसँग सम्बन्धन लिन, न्यासिक परिषद्का निर्णय र निर्देशन कार्यान्वयन गर्न, कुलपतिको काम कारबाहीमा सहयोग गर्न, शिक्षण संस्थालाई तोकिए बमोजिम सम्बन्धन दिन न्यासिक परिषदमा सिफारिस गर्न, शैक्षिक कार्यक्रमको मुल्यांकन गरी आवश्यकता अनुसार सङ्काय तथा शैक्षिक संस्था खोल्ने, स्थानान्तरण गर्ने र खारेज गर्ने सम्बन्धमा न्यासिक परिषदमा सिफारिस गर्न, कुनै पनि स्वदेशी वा विदेशी, सरकारी वा गैर सरकारी, शैक्षिक वा अन्यकुनै निकाय वा व्यक्तिबाट प्राप्त आर्थिक सहयोग स्वीकार गर्नका लागि न्यासिक परिषद् समक्ष पेस गर्न विश्वविद्यालयको दोस्रो सांगठनिक संरचनामा देहायका सदस्य भएको कार्यकारी परिषद्को व्यवस्था छ।

**तालिका नंः ५**

**कार्यकारी परिषद् गठन सम्बन्धी विवरण**

| | |
|---|---|
| (१) कुलपति | संयोजक |
| (२) उपकुलपति | सदस्य |
| (३) डीनहरू मध्येबाट कुलपतिले तोकेका दुई जना | सदस्य |
| (४) विश्वविद्यालय अन्तर्गतका केन्द्र र प्रतिष्ठानका प्रमुखमध्येबाट कुलपतिले तोकेका दुई जना | सदस्य |
| (५) रजिष्ट्रार | सदस्य-सचिव |

आ.व. २०८१।८२मा देहाय बमोजिमको कार्यकारी परिषद् रहेको छ।

**तालिका नंः ६**

**आ.व. २०८१।८२ को कार्यकारी परिषद्को विवरण**

| क्र.सं. | नाम | कार्यकारी पद | विश्वविद्यालय पद | कैफियत |
|---|---|---|---|---|
| १. | प्रा.डा. गणेशमान गुरुङ्ग | संयोजक | कुलपति | २०८१।११।२ सम्म |
| २. | प्रा. डा. इन्द्र प्रसाद तिवारी | संयोजक | कुलपति | २०८१।१२।२९ देखि |
| ३. | प्रा. डा. नवराज देवकोटा | सदस्य | उपकुलपति | |
| ४. | डा. कपिल अधिकारी | सदस्य | डीन, विज्ञान तथा प्रविधि सङ्काय | |
| ५. | प्रा. हिमराज गिरी | सदस्य | डीन, कानुन तथा व्यवस्थापन सङ्काय | |
| ६. | डा. कैलाश तिमिल्सिना | सदस्य सचिव | रजिस्ट्रार | |

**कार्यकारी परिषद्को बैठक**

गण्डकी विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासन नियमावली, २०७७ को परिच्छेद ४ को नियम १३ ले कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधिमा कार्यकारी परिषद्को बैठक आवश्यकता अनुसार बस्नेछ भनि उल्लेख गरेको छ। विश्वविद्यालयले न्यासिक परिषद्ले दिएका नीति तथा कार्यक्रम कार्यान्वयन गर्नु पर्ने भएकाले

आ.व. २०८१।८२ मा गण्डकी विश्वविद्यालयक कार्यकारी परिषद्का १७ बैठकहरू बसेका छन्। यस आ.व. मा कार्यकारी परिषद्ले देहायवमोजिमका प्रमुख निर्णयहरू गरेको छ।

**कार्यकारी परिषद्का नीति तथा योजना सम्बन्धी निर्णयहरू**

यस अवधिमा विश्वविद्यालयको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी न्यासिक परिषद्मा सिफारिस गरिएको छ। साथै, आगामी आर्थिक वर्षका लागि प्रस्तावित बजेट तथा कार्यक्रमको प्रारम्भिक तयारी अघि बढाइएको छ। विश्वविद्यालयको प्रशासनिक, शैक्षिक तथा परीक्षा व्यवस्थापन प्रणालीलाई प्रभावकारी र समयानुकूल बनाउन विभिन्न कार्यविधिहरू अनुमोदन तथा आवश्यक संशोधन गरिएको छ।

**शैक्षिक कार्यक्रम तथा परीक्षा सम्बन्धी निर्णयहरू**

स्नातक तथा स्नातकोत्तर तहका शैक्षिक कार्यक्रमहरूको नियमित सञ्चालन तथा व्यवस्थापन सुनिश्चित गरिएको छ। नयाँ शैक्षिक कार्यक्रम सञ्चालनको सम्भाव्यता अध्ययनका लागि कार्यदल गठन गरिएको छ। पाठ्यक्रम विकास समितिहरू गठन तथा पुनर्गठन गरी पाठ्यक्रम सुधारका कार्यहरू अघि बढाइएका छन्। प्रवेश परीक्षा, आन्तरिक परीक्षा तथा विशेष परीक्षासम्बन्धी निर्देशिका र पाठ्यक्रम स्वीकृत गरी परीक्षा प्रणालीलाई व्यवस्थित बनाइएको छ।

**मानव संसाधन व्यवस्थापन सम्बन्धी निर्णयहरू**

शिक्षक तथा कर्मचारीको सेवासर्त, करार नवीकरण, म्याद थप तथा कार्यसम्पादन मूल्याङ्कनसम्बन्धी निर्णयहरू गरिएका छन्। कार्यक्रम संयोजक, डिन, सल्लाहकार तथा विज्ञहरूको जिम्मेवारी, सेवा सुविधा तथा कार्यक्षेत्र निर्धारण गरिएको छ। साथै, कोर्ष करार शिक्षक व्यवस्थापन समिति पुनर्गठन गरी पारिश्रमिक तथा व्यवस्थापन प्रणालीलाई थप व्यवस्थित बनाइएको छ।

**अनुसन्धान, नवप्रवर्तन तथा सम्मेलन सम्बन्धी निर्णयहरू**

अनुसन्धान तथा नवप्रवर्तनलाई प्रोत्साहन गर्न सङ्काय अनुसन्धान अनुदान (Faculty Research Grant) सञ्चालन तथा स्वीकृति गरिएको छ। अनुसन्धान प्रकाशन प्रोत्साहनसम्बन्धी मार्गनिर्देशन स्वीकृत गरिएको छ। यसैगरी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलन, गोष्ठी तथा तालिम कार्यक्रमहरूको आयोजना तथा सहआयोजनासम्बन्धी निर्णयहरू गरिएका छन्, जसले विश्वविद्यालयको शैक्षिक पहिचान अभिवृद्धि गर्न सहयोग पुर्याएको छ।

**वित्तीय तथा प्रशासनिक सुशासन सम्बन्धी निर्णयहरू**

आय-व्यय विवरण, कच्चावारी, बेरुजु नियमितीकरण तथा खाता सञ्चालनसम्बन्धी निर्णयहरू गरी वित्तीय अनुशासन कायम गरिएको छ। बैंकिङ प्रणाली, रकम रकमान्तरण तथा वित्तीय नियन्त्रण प्रणालीलाई सुदृढ बनाइएको छ। साथै, विश्वविद्यालयका लागि थप आर्थिक स्रोत सुनिश्चितताका सम्भावित उपायहरू पहिचान गरी कार्यान्वयनको दिशामा पहल गरिएको छ।

**भौतिक पूर्वाधार तथा सेवा सुविधा सम्बन्धी निर्णयहरू**

मुख्य प्रशासनिक भवन तथा परीक्षा नियन्त्रण कार्यालय र अन्य पूर्वाधार विकाससम्बन्धी कार्यहरू अघि बढाइएका छन्। कक्षा सञ्चालनका लागि भवन व्यवस्थापन तथा कक्षाहरू स्थानान्तरण गरिएको छ। नयाँ खरिद, यातायात तथा सुरक्षासम्बन्धी सेवाहरूको व्यवस्थापन गरी विश्वविद्यालयको दैनिक सञ्चालनलाई थप सहज बनाइएको छ।

**विद्यार्थी हित तथा अतिरिक्त क्रियाकलाप सम्बन्धी निर्णयहरू**

विद्यार्थी हितलाई प्राथमिकतामा राख्दै छात्रवृत्ति, स्टाइपेन्ड तथा विद्यार्थी सहायतासम्बन्धी निर्णयहरू गरिएका छन्। खेलकुद, सांस्कृतिक तथा अतिरिक्त क्रियाकलाप प्रवर्द्धनका लागि समिति गठन तथा कार्यविधि निर्माण गरिएको छ। अन्तरविश्वविद्यालय सहकार्य तथा विभिन्न प्रतियोगितामा विश्वविद्यालयको सहभागिता अभिवृद्धि गरिएको छ।

**गुणस्तर सुनिश्चितता तथा संस्थागत विकास सम्बन्धी निर्णयहरू**

विश्वविद्यालय अनुदान आयोग अन्तर्गतको QAA (Quality Assurance and Accreditation) प्रक्रिया अघि बढाइएको छ। साथै, विश्वविद्यालय र सरोकारवालाबीच समन्वय, छलफल तथा संवाद कार्यक्रमहरू सञ्चालन गरिएका छन्।

**समग्र मूल्याङ्कन**

आर्थिक वर्ष २०८१।८२ मा कार्यकारी परिषद्बाट गरिएका निर्णयहरूले गण्डकी विश्वविद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि, सुशासन प्रवर्द्धन, वित्तीय अनुशासन सुदृढीकरण तथा दिगो संस्थागत विकासमा उल्लेखनीय योगदान पुर्याएका छन्। कार्यकारी परिषद्ले विश्वविद्यालयलाई एक सक्षम, उत्तरदायी र गुणस्तरीय उच्च शिक्षा संस्थाका रूपमा विकास गर्ने दिशामा प्रभावकारी भूमिका निर्वाह गरेको देखिन्छ।

## ४.३. गण्डकी विश्वविद्यालयको प्राज्ञिक परिषद्

विश्वविद्यालय अन्तर्गत अध्ययन, अनुसन्धान र प्रशिक्षण हुने विषयहरुको पाठ्यक्रम निर्धारण गर्न तथा सबै तहका शैक्षिक, प्राज्ञिक तथा अनुसन्धान कार्यको सञ्चालन तथा मूल्यांकन गर्न, सङ्काय र शैक्षिक संस्थाबाट प्राप्त शैक्षिक नीति, योजना र कार्यक्रम सम्बन्धी प्रस्ताव उपर विचार गरी कार्यकारी परिषदमा सिफारिस गर्न, विश्वविद्यालयमा भर्ना हुन चाहने विद्यार्थीको भर्ना सम्बन्धी आधार योग्यता, प्रक्रिया र सङ्ख्या निर्धारण गर्न तथा एक शैक्षिक सत्रमा पूरा गर्नुपर्ने न्यूनतम हाजिरी प्रतिशत निर्धारण गर्न, अनुसन्धान सम्बन्धी नीति तर्जुमा गर्न र अनुसन्धान कार्यक्रमलाई स्वीकृति प्रदान गर्न, शिक्षण र अनुसन्धानको स्तर निर्धारण गर्न, आन्तरिक प्राज्ञिक विषयमा कार्यकारी परिषद्लाई राय सल्लाह दिन, विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिक कार्यलाई व्यवस्थित गर्न देहाय बमोजिमका सदस्यहरु रहेको एउटा प्राज्ञिक परिषद् व्यवस्था गरिएको छ।

**तालिका नंः ७**

**प्राज्ञिक परिषद् गठन सम्बन्धी विवरण**

| क्रमांक | पद/सदस्यता | भूमिका / विवरण |
|---|---|---|
| (क) | उपकुलपति | संयोजक |
| (ख) | रजिष्ट्रार | सदस्य |
| (ग) | डीनहरु | सदस्य |
| (घ) | शिक्षण संस्थाका प्रमुखहरु | सदस्य |
| (ङ) | विश्वविद्यालयका प्राध्यापकहरु | कुलपतिले तोकेका कम्तीमा एक जना महिला सहित चार जना सदस्य |
| (च) | शिक्षाविद | न्यासिक परिषद्ले तोकेका दुई जना सदस्य |
| (छ) | विश्वविद्यालयका पाठ्यक्रम तथा परीक्षा सम्बन्धी निकाय प्रमुखहरू | सदस्य |
| (ज) | प्राज्ञिक परिषद्ले छानेको डीन | सदस्य सचिव |

**वर्तमान प्राज्ञिक परिषद्**

गण्डकी विश्वविद्यालयले गण्डकी विश्वविद्यालय ऐन, २०७६ को परिच्छेद ६ को दफा ११ अनुसार गण्डकी विश्वविद्यालयका उपकुलपति प्रा.डा. नवराज देवकोटाको संयोजकत्वमा विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिक कार्यलाई व्यवस्थित गर्न निम्नअनुसारको प्राज्ञिक परिषद् गठन गरेको छ।

**तालिका नंः ८**

**आ.व. २०८१।८२ को प्राज्ञिक परिषद्को विवरण**

| क्र.सं. | नाम थर | पद | गठनका आधार/प्रतिनिधित्व |
|---|---|---|---|
| १. | प्रा. डा. नवराज देवकोटा | अध्यक्ष | उपकुलपति |
| २. | डा. कैलाश तिमिल्सिना | सदस्य | रजिष्ट्रार |
| ३. | डा. राजेन्द्र घिमिरे | सदस्य | शिक्षाविद् |
| ४. | डा. गणपति ओझा | सदस्य | शिक्षाविद् |
| | प्रा. हिमराज गिरी | सदस्य सङ्काय) | डीन, कानुन तथा व्यवस्थापन सङ्काय |
| ५. | डा. कपिल अधिकारी | सदस्य-सचिव | डीन, विज्ञान तथा प्रविधि सङ्काय |

आ.व. २०८१।८२ मा प्राज्ञिक परिषद्ले पाँच बैठकहरू बसी निम्न प्रमुख निर्णयहरू गरेको छ।

क) Masters of Information Technology- Artificial Intelligence (MIT-AI) कार्यक्रमको 1st and 2nd सेमेस्टरको पाठ्यक्रम अनुमोदन
Bachelor in Sports Management (BSM) कार्यक्रमको 7th and 8th semester मा संचालन हुने विषयबस्तु र क्रेडिट आवर निर्धारण

ख) Bachelor of Information Technology (BIT) 7th and 8th semester मा संचालन हुने विषयबस्तु र क्रेडिट आवर निर्धारण

ग) Bachelor of Pharmacy (B-Pharm) 7th and 8th semester मा संचालन हुने विषयबस्तु र क्रेडिट आवर निर्धारण

घ) BALLB कार्यक्रमको 6th सेमेस्टरसम्मको पाठयक्रमको अनुमोदन

ङ) BBA कार्यक्रमको 6th सेमेस्टरसम्मको पाठयक्रम अनुमोदन

च) कर्मचारी सेवा नियमावली पाठ्यक्रम सम्बन्धि सुझाव दिने

छ) BBA कार्यक्रमको 7th and 8th semester and specialization subjects पाठयक्रम अनुमोदन

ज) रोजगारमुखी सिप विकास तालिम (Short Training Course in IT) को पाठयक्रम अनुमोदन र Masters of Science in Climate Change and Sustainability डिग्री स्थापनाको निर्णय।

### ४.४. गण्डकी विश्वविद्यालय जनशक्ति व्यवस्थापन समिति

विश्वविद्यालयलाई आवश्यक पर्ने शिक्षक र कर्मचारी परिपूर्ति गर्न गण्डकी विश्वविद्यालय ऐन, २०७६ अनुसार जनशक्ति व्यवस्थापन समितिको देहाय बमोजिम गठन हुने व्यवस्था छ।

**तालिका नं: ९**

**जनशक्ति व्यवस्थापन समितिको गठन सम्बन्धी विवरण**

| | | |
|---|---|---|
| (क) | उपकुलपति | अध्यक्ष |
| (ख) | न्यासिक परिषद्को अध्यक्षले तोकेको | सदस्य |
| (ग) | कुलपतिले तोकेको | सदस्य |

**तालिका नं: १०**

**आ.व. २०८१।८२ को जनशक्ति व्यवस्थापन समितिको सम्बन्धी विवरण**

| क्र.सं. | नाम | पद | | कैफियत |
|---|---|---|---|---|
| १. | प्रा.डा. नवराज देवकोटा | अध्यक्ष | उपकुलपति | |
| ४. | प्रा.डा. विश्वकल्याण पराजुली | सदस्य | विज्ञ, प्राज्ञिक क्षेत्र | २०८१।०२।२८ मा राजिनामा |
| ५. | श्री कृष्णप्रसाद आचार्य | सदस्य | विज्ञ, प्रशासनिक क्षेत्र | २०८२।०२।२८ मा राजिनामा |

आ.व. २०८१।८२ मा जनशक्ति व्यवस्थापन समितिले १४ वटा बैठकहरू बसी निम्न प्रमुख निर्णयहरू गरेको छ।

- कुलपति कार्यालयको विशेष आन्तरिक प्रकिया अघि बढाउन आदेश र निर्णय।
- कर्मचारी, शिक्षक सेवा सर्त, नियुक्ति तया बढुवाका लागि मापदण्ड र नियामावली, २०८१ प्र्योग गरी आवश्यक कार्यविधि तथा मापदण्ड निर्माण।
- विशेष आन्तारिक प्रतियोगिताद्वारा शिक्षक तथा कर्मचारी नियुक्तिका आधार, अङ्क विभाजन, व्यवस्थापन तथा सिफारिस सम्बन्धी कार्यविधि, २०८१ पारित।
- विशेष आन्तरिक परिक्षाको लागि पाठ्यक्रम विकासको लागि विषय विज्ञ तोक्ने।
- विशेष आन्तरिक परिक्षाको लागि कर्मचारी सम्बन्धी सबै पाठ्यक्रम माथि छलफल र स्वीकृत।
- विशेष आन्तरिक परिक्षाको लागि उपप्राध्यापक (Assistant Professor) सम्बन्धी सबै पाठ्यक्रम (IT, Electronics, Natural Product Chemistry, Pharmacology, Pharmaceutics, Anatomy and Physiology, Sports Management, Physical Education, Economics, English, Management, Law, Environment Science) माथि छलफल र स्वीकृत।
- विशेष आन्तरिक परिक्षाको लागि आवश्यक निर्देशिका "विशेष आन्तारिक प्रतियोगिताद्वारा शिक्षक नियुक्तिका आधार, अङ्क विभाजन व्यवस्थापन तथा सिफारिस सम्बन्धी निर्देशिका, २०८१" पारित।
- विशेष आन्तरिक परिक्षाको लागि दरखास्त फारमको ढाँचा पारित।
- विशेष आन्तरिक परिक्षाको लागि मिति २०८१।११।०१ गतेको राष्ट्रिय स्तरको पत्रिका अन्नपूर्ण पोष्टमा विज्ञापन प्रकाशन।
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को विशेष आन्तरिक परिक्षा सम्बन्धी प्राप्त पत्रमा छलफल।

### ४.५. गण्डकी विश्वविद्यालयको परीक्षा समिति

विश्वविद्यालय अन्तर्गतका परीक्षाको सञ्चालन, व्यवस्थापन र अभिलेख व्यवस्थापन गर्न देहायबमोजिमको परीक्षा समिति रहने प्रावधान छ।

**तालिका नंः ११**

**परीक्षा समिति समितिको गठन सम्बन्धी विवरण**

| क्र.सं. | समिति | पद |
|---|---|---|
| क. | उपकुलपति | अध्यक्ष |
| ख. | रजिष्ट्रार | सदस्य |
| ग. | सङ्कायका डिनहरु | सदस्य |
| घ. | परीक्षा शाखा प्रमुख | सदस्य-सचिव |

उपरोक्त प्रावधान अनुसार गठित आ.व. २०८१।८२ को परीक्षा समितिको गठन सम्बन्धी विवरण

**तालिका नंः १२**

**आ.व. २०८१।८२ को परीक्षा समिति समितिको विवरण**

| क्र.सं. | नाम | पद | आवद्धता |
|---|---|---|---|
| क. | प्रा. डा. नवराज देवकोटा | अध्यक्ष | उपकुलपति |
| ख. | डा. कैलाश तिमिल्सिना | सदस्य | रजिष्ट्रार |
| ग. | डा. कपिल अधिकारी | सदस्य | डीन, विज्ञान तथा प्रविधि सङ्काय |
| | प्रा. हिमराज गिरी | सदस्य | डीन, कानुन तथा व्यवस्थापन सङ्काय |
| घ. | डा. किसन कोइराला | सदस्य-सचिव | परीक्षा शाखा प्रमुख |

गण्डकी विश्वविद्यालयले तोकिएको कार्यविधिअनुसार वैज्ञानिक, पारदर्शी र समय सापेक्ष तरिकाले अन्तिम बाह्य परीक्षा सञ्चालन गर्दै आएको छ। समितिले तय गरेका अन्तिम बाह्य परीक्षा विधि एंव सञ्चालन बारे संक्षिप्त जानकारी विवरण तल प्रस्तुत गरिन्छ।

गण्डकी विश्वविद्यालयले परीक्षा व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७८ अनुसार प्रथम अन्तिम बाह्य परीक्षा सञ्चालन गर्दै आएको छ। परीक्षा समिति स्थापना भएदेखि नै विश्वविद्यालयले परीक्षा प्रक्रियालाई चुस्त, विधिवत्, पारदर्शी र वैज्ञानिक ढङ्गले सञ्चालन गर्दै आएको छ। अन्तिम बाह्य परीक्षाको सञ्चालनदेखि नतिजा प्रकाशन र ग्रेडसिट वितरणसम्मका सबै कार्यहरू निर्धारित कार्यविधिअनुसार सम्पन्न गरिन्छ।

**परीक्षा सञ्चालनका लागि कार्यविधि निर्माण र अनुमोदनः**

परीक्षा समितिले सम्पूर्ण परीक्षा प्रक्रिया व्यवस्थित बनाउन एक कार्यविधि तयार गरी स्वीकृत गरेको छ।

उक्त कार्यविधिमा परीक्षा सञ्चालनका हरेक चरण'प्रश्नपत्र निर्माणदेखि नतिजा प्रकाशनसम्म'स्पष्ट रूपमा उल्लेख गरिएको छ। यसले सम्पूर्ण प्रक्रिया step-by-step (क्रमिक रूपमा) कसरी सम्पन्न गर्नुपर्ने हो भन्ने निर्देश प्रदान गर्दछ।

**परीक्षा सञ्चालनको चरणगत प्रक्रिया**

१. **विज्ञहरूको छनोट र रोस्टर सूची तयार गर्नेः** परीक्षा सञ्चालनका लागि सम्भावित संलग्न विज्ञहरूको रोस्टर लिस्ट तयार गरिन्छ। यस सूचीबाट नै प्रश्नपत्र निर्माण, परीक्षण, मोडरेशन र उत्तरपुस्तिका परीक्षणका लागि विज्ञहरू चयन गरिन्छ।

२. **प्रश्नपत्र निर्माण प्रक्रियाः** प्रत्येक विषयका लागि विज्ञहरूलाई निश्चित पूर्णाङ्क र निर्दिष्ट विधि अनुसार प्रश्न तयार गर्न लगाइन्छ।

३. **मोडरेशन प्रक्रियाः** तयार भएका प्रश्नपत्रहरू मोडरेटर विज्ञले समीक्षा (moderation) गर्छन्। मोडरेशन पछि २ सेट प्रश्नपत्रलाई अन्तिम रूपमा स्वीकृत गरिन्छ। तीमध्ये चिठ्ठा प्रणालीमार्फत एक सेट चयन गरिन्छ, जसलाई गोपनीय रूपमा सुरक्षित गरी छपाइ र वितरणका लागि जिम्मेवार कर्मचारीलाई तोकिएको हुन्छ।

४. **लिखित अन्तिम बाह्य परीक्षा सञ्चालनः** छनोट गरिएको प्रश्नपत्रको आधारमा अन्तिम लिखित बाह्य परीक्षा सञ्चालन गरिन्छ। सम्पूर्ण प्रक्रिया गोपनीयता, निष्पक्षता र विधिवत् ढङ्गले सम्पन्न गरिन्छ।

५. **उत्तरपुस्तिका कोडिङ र परीक्षणः** परीक्षा सम्पन्न भएपछि प्राप्त उत्तरपुस्तिकाहरूलाई कोडिङ प्रणाली अनुसार सङ्केत (code) गरिन्छ। त्यसपछि, रोस्टर सूचीमा रहेका विषय विज्ञहरूबाट उत्तरपुस्तिका परीक्षण गराइन्छ।

६. **उत्तरपुस्तिका समीक्षा र नतिजा प्रकाशनः** उत्तरपुस्तिका परीक्षणपछि परीक्षा नियन्त्रकको अध्यक्षतामा रोभर बैठक (review meeting) बसाएर उत्तरपुस्तिका संरक्षण गरिन्छ। त्यसपछि, लिखित परीक्षा भएको मितिदेखि ६० दिनभित्र अन्तिम नतिजा सार्वजनिक गर्ने व्यवस्था कार्यविधिमा प्रष्ट रूपमा तोकिएको छ।

## ४.६. गण्डकी विश्वविद्यालयको पाठ्यक्रम विकास समिति

विश्वविद्यालय अन्तर्गतका अध्ययन, अध्यापन र अनुसन्धान हुने विषयहरूको पाठ्यक्रम निर्धारण गर्नका लागि सिफारिस गर्न प्रत्येक सङ्कायमा देहायबमोजिमको पाठ्यक्रम विकास समिति रहने व्यवस्था छ।

**तालिका नंः १३**

**पाठ्यक्रम विकास समितिको गठन सम्बन्धी विवरण**

| क्र.सं. | समिति | पद |
|---|---|---|
| क. | सङ्काय डीन | संयोजक |
| ख. | उपकुलपतिले तोकेको सम्बन्धित विषय विज्ञ दुईजना | सदस्य |
| ग. | विषय शिक्षक | सदस्य |

उपरोक्त प्रावधान अनुसार गठित आ.व. २०८१।८२ को पाठ्यक्रम विकास समितिको गठन सम्बन्धी विवरण यस प्रकार छ।

**तालिका नंः १४**

**आ.व. २०८१।८२ को पाठ्यक्रम विकास समितिको विवरण**

| क्र.सं. | नाम | पद | आवद्धता | कैफियत |
|---|---|---|---|---|
| क. | डा. कपिल अधिकारी | संयोजक | विज्ञान तथा प्रविधि सङ्काय | |
| ख. | डा. कृष्णराज अधिकारी | सदस्य | | |
| ग. | डा. बिमला शर्मा | सदस्य | | |
| घ. | श्री प्रकाश पौडेल | सदस्य | BPH कार्यक्रम | |
| ङ. | श्री सरोज गिरी | सदस्य | BIT कार्यक्रम | |
| च. | श्री विश्वास राज पौडेल | सदस्य | BBA कार्यक्रम | |
| छ. | श्री रवि कुमार सिलवाल | सदस्य | BALLB कार्यक्रम | |

पाठ्यक्रम विकास समितिको गठन सम्बन्धमा आ.व. २०८१।८२ मिति २०८१।९।३ गते देखि विश्वविद्यालयमा दुई छुट्टाछुट्टै सङ्कायको स्थापना भएकोले पाठ्यक्रम विकास समितिको गठनपनि छुट्टाछुट्टै भएका छन् र तिनिहरूको विवरण तल तालिका नं. १५ र १६ मा दिइएअनुसार छ।

**तालिका नंः १५**

**आ.व. २०८१।८२ को विज्ञान तथा प्रविधि सङ्काय पाठ्यक्रम विकास समितिको विवरण**

| क्र.सं. | नाम | पद | आवद्धता | कैफियत |
|---|---|---|---|---|
| क. | डा. कपिल अधिकारी | संयोजक | डीन, विज्ञान तथा प्रविधि सङ्काय | |
| ख. | डा. कृष्णराज अधिकारी | सदस्य | | |
| ख. | डा. बिमला शर्मा | सदस्य | | |
| ग. | श्री प्रकाश पौडेल | सदस्य | बी. फार्मेसी कार्यक्रम | |
| घ. | श्री सरोज गिरी | सदस्य | BIT कार्यक्रम | |

**तालिका नंः १६**

**आ.व. २०८१।८२ को कानुन तथा व्यवस्थापन सङ्काय पाठ्यक्रम विकास समितिको विवरण**

| क्र.सं. | नाम | पद | आवद्धता | कैफियत |
|---|---|---|---|---|
| क. | प्रा. हिम राज गिरी | संयोजक | डीन, कानुन तथा व्यवस्थापन सङ्काय | |
| ख. | श्री राम बहादुर थापा | सदस्य | (व्यवस्थापन विज्ञ) | |
| ग. | श्री हरि सुबेदी | सदस्य | (कानुन विज्ञ) | |
| घ. | डा. मधु सुधन सुबेदी | सदस्य | BSM कार्यक्रम | |
| ङ. | श्री विश्वास राज पौडेल | सदस्य | BBA कार्यक्रम | |
| च. | श्री रवि कुमार सिलवाल | सदस्य | BALLB कार्यक्रम | |

**पाठ्यक्रम निर्माण**

गण्डकी विश्वविद्यालयको लागि विभिन्न पाठ्यक्रमहरु निर्माण गर्ने सन्दर्भमा हाल सुचना प्रविधि (BIT), खेलकुद व्यवस्थापन (Sports Management), बिबिए (BBA), कानुन (BALLB) र बि फर्मा (B.Pharma) पाठ्यक्रम कार्यान्वयनमा आएको छ भने निम्न विषयको को Course Syllabus को काम सम्पन्न भै सकेको छ।

**तालिका नंः १७**

**पाठ्यक्रम निर्माण गठन सम्बन्धी विवरण**

| |
|---|
| • BSc Nursing, BPT (Bachelor of Physiotherapy), |
| • BSc Radio - Imaging Technology, |
| • B. Diet and Nutrition |
| • MBBS/BDS, Course syllabus निर्माण सम्पन्न |
| • B.MLT (BSc Medical Lab Technology), |
| • BSc. Horticulture |
| • Bachelor of Speech and Audiometry, |
| • Bachelor of Cosmetology, |
| • Bachelor of Agriculture Engineering, |
| • Bachelor of Fishery |
| • Masters of Information technology- Artificial Intelligence (MIT-AI) |

## ४.७. गण्डकी विश्वविद्यालयका सङ्कायहरू र ती अन्तरगत सञ्चालित शैक्षिक कार्यक्रमहरू

वर्तमान अवस्थामा गण्डकी विश्वविद्यालयमा दुई सङ्कायहरू स्थापनामा छन्।

१. विज्ञान तथा प्रविधि सङ्काय (Faculty of Science and Technology)
२. कानुन तथा व्यवस्थापन सङ्काय (Faculty of Law and Management)

### ४.७.१. विज्ञान तथा प्रविधि सङ्काय *(Faculty of Science and Technology)*

विज्ञान तथा प्रविधि सङ्काय शैक्षिक कार्यक्रमहरूको सञ्चालनका सुरुवातका दिनमा स्थापना भएको सङ्काय हो। २०८१ कार्तिक महिनामा कानुन तथा व्यवस्थापन सङ्कायको स्थापना पश्चात् विज्ञान तथा प्रविधि सङ्काय अन्तर्गत Bachelor of Pharmacy (BPharm), Bachelor of Information Technology (BIT) and Master of Information Technology-Artificial Intelligence (MIT-AI) कार्यक्रमहरू कायम रहेका छन्।

आर्थिक वर्ष २०८०।८१ मा यस डीनको कार्यालयले शैक्षिक योजना, कार्यक्रम विकास, भर्ना व्यवस्थापन, पाठ्यक्रम अन्तिम रूप दिने र सङ्काय क्षमता निर्माण जस्ता तल उल्लेखित प्रमुख कार्यहरू सम्पन्न भए।

- Master of Information Technology-Artificial Intelligence (MIT-AI) तथा Climate Change and Sustainable Development कार्यक्रमहरू स्थापनाका लगि कार्यशाला सञ्चालन गरि Curriculum Structure लाई अन्तिम रूप दिने काम भयो।
- शैक्षिक तयारी र गुणस्तर सुनिश्चित गर्दै MIT-AI कार्यक्रमको सूक्ष्म पाठ्यक्रम (Micro-curriculum) लाई पनि अन्तिम रूप दिने काम सम्पन्न भयो।
- Master of Information Technology-Artificial Intelligence (MIT-AI) कार्यक्रम स्थापनाका लागि प्राज्ञिक परिषद्बाट स्वीकृति दिने काम भयो।

- पाठ्यक्रम विकासमा, फार्मेसी स्नातक (बी-फार्म) कार्यक्रमको पूर्ण पाठ्यक्रमलाई ५ औं देखि ८ औं सेमेस्टरहरू समेट्दै कार्यशाला मार्फत अन्तिम रूप दिने काम भयो।
- बीआईटी, र बी-फार्म कार्यक्रमहरूको लागि विस्तृत पाठ्यक्रम बुलेटिनहरूलाई अन्तिम रूप दिने काम भइ प्रकाशनको लागि तयार गरियो।
- प्रवेश परीक्षा र भर्नाहरूलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्ने कार्य सम्पन्न गर्दै BIT र MIT-AI कार्यक्रमहरूको लागि प्रवेश परीक्षाहरू समयमै सञ्चालन गरियो जसमा MIT-AI प्रवेश परीक्षाको लागि पूर्ण रूपमा कम्प्युटर-आधारित परीक्षण (CBT) प्रणालीको सफल कार्यान्वयन समावेश थियो।
- BIT, B-Pharm, र MIT-AI का नयाँ भर्ना भएका विद्यार्थीहरूको लागि अभिमुखीकरण कार्यक्रमहरू व्यवस्थित रूपमा आयोजना गरियो, जसले विद्यार्थीहरूले शैक्षिक कार्यक्रम सञ्चालनमा जानकारी प्रदान गर्यो।
- शिक्षण गुणस्तर र संस्थागत क्षमता अभिवृद्धि गर्न, डीनको कार्यालयले आधुनिक शिक्षण विधि र शैक्षिक व्यावसायिकतामा केन्द्रित सङ्काय सदस्यहरूको लागि तीन दिने कार्यशाला (व्यावसायिक विकास कार्यक्रम) आयोजना गर्यो।
- यसबाहेक, डीनको कार्यालयले स्नातकोत्तर कार्यक्रमहरूको प्रचार प्रसार र स्नातकोत्तर अध्ययनसँग सम्बन्धित विशेष कार्यशालाहरूको आयोजना मार्फत शैक्षिक प्रवर्द्धन र आउटरिच गतिविधिहरूलाई सक्रिय रूपमा सञ्चालन गर्यो।

**विज्ञान तथा प्रविधि सङ्काय सङ्काय अन्तर्गतका शैक्षिक कार्यक्रमहरू**

**१.१. *Bachelor of Information Technology (BIT)***

Bachelor of Information Technology (BIT) कार्यक्रम नेपालमा अत्यन्तै माग भएको शैक्षिक कार्यक्रममध्ये एक हो। Gandaki University मा BIT कार्यक्रम वि.सं. २०७८ सालमा औपचारिक रूपमा सुरु गरिएको हो र हालसम्म पाँच वटा ब्याचका विद्यार्थीहरू अध्ययनरत छन्। BIT कार्यक्रमले समय सापेक्ष पाठ्यक्रम, प्रविधि, र अनुसन्धानमैत्री अध्ययन-अध्यापन विधिहरू अवलम्बन गरेको छ । यस कार्यक्रमको Curriculum नियमित रूपमा Industry Standard अनुसार अद्यावधिक गर्रिदै आएको छ, जसले स्नातक विद्यार्थीहरूलाई वास्तविक कार्यक्षेत्रका चुनौतीहरू सामना गर्न सक्षम बनाउने लक्ष्य राखेको छ।

**तालिका नंः १८**

**आ.व. २०८१।८२ मा बिआइटी कार्यक्रम अन्तर्गतका विद्यार्थी सम्बन्धी विवरण**

| ब्याच | संख्या |
|---|---|
| पहिलो | २२ |
| दोस्रो | २३ |
| तेस्रो | ४१ |
| चौथो | ४७ |
| पाँचौं | ४८ |
| कुल विधार्थी संख्या | १८१ |

पहिलो ब्याचका विद्यार्थीहरू हाल छैठौ सेमेस्टरमा अध्ययन गरिरहेका छन्।

बि.आइ.टी. (Bachelor in Information Technology) कार्यक्रम सञ्चालन गर्नको लागि हाल निम्नानुसारका पूर्णकालिन उपप्राध्यापकहरू तथा अतिथि प्राध्यापकहरू कार्यरत रहेकाछन्।

**पूर्णकालीन प्राध्यापकहरू:**

१. सरोज गिरी
२. अनुप अधिकरी
३. अमृत पौडेल
४. राजेश कमर
५. शिवराम दाम

**अतिथि प्राध्यापकहरू:**

१. सुरज बसन्त तुलाचन

हालसम्म सञ्चालन गरिएका प्रमुख शैक्षिक तथा सह-शैक्षिक प्रगति गतिविधिहरूको सारांश निम्नानुसार प्रस्तुत गरिएको छ।

(क) **BIT विद्यार्थीहरूलाई UGC Grant:** आर्थिक वर्ष २०८१।८२ मा BIT कार्यक्रमको ८औं semester का विद्यार्थीहरू Katrina Basnet, Suman Poudel, Roshan Lama र Mandika Gurung ले University Grants Commission (UGC) को Entrepreneurship Support Program अन्तर्गत NPR २४ लाख seed fund प्राप्त गरेका छन्। उनीहरूको "Samabuddha: Bagasse Tableware" शीर्षकको project ले उत्कृष्ट business development plan का लागि विशेष मान्यता प्राप्त गरेको थियो।

(ख) **Internet of Things (IoT) Workshop:** BIT विद्यार्थीहरूका लागि २०८१ जेठ १२ देखि १७ गते सम्म Yarsa Tech द्वारा ६ दिने IoT Product and App Development Course सञ्चालन गरिएको थियो। यस workshop मार्फत विद्यार्थीहरूले circuit design, React Native प्रयोग गरी mobile app deployment, तथा MQTT protocol सम्बन्धी व्यावहारिक ज्ञान हासिल गरेका थिए। प्रशिक्षणको क्रममा विद्यार्थीहरूले AudiQR case study मा आधारित smart switch application विकास गरेका थिए। यो workshop Gandaki University र Yarsa Tech बीच भएको Memorandum of Understanding (MoU) अन्तर्गत सञ्चालन गरिएको हो, जसको उद्देश्य innovation, research तथा IT क्षेत्रमा career opportunity वृद्धि गर्नु हो। यस कार्यक्रमले पोखरामा industry–academia collaboration प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका खेलेको छ।

(ग) **Students with Society (Senior Citizens का लागि Digital Literacy Program):** Gandaki University ले स्थानीय समुदायका Senior Citizens लाई सशक्त बनाउने उद्देश्यसहित Digital Literacy Training Program सञ्चालन गरेको थियो। BIT विद्यार्थीहरूद्वारा सहजीकरण गरिएको यस कार्यक्रमले जेष्ठनागरिकलाई Smartphone प्रयोग तथा Digital Communication र Content Creation सम्बन्धी आवश्यक सीप प्रदान गर्ने लक्ष्य राखेको थियो।

प्रशिक्षणमा सहभागीहरूले निम्न विषयहरूमा तालिम प्राप्त गरेका थिए:

- Facebook account सिर्जना तथा व्यवस्थापन
- Messenger र WhatsApp प्रयोग गरी communication र video call

- TikTok मा content सिर्जना तथा upload
- Cybercrime को आधारभूत जानकारी र safe internet usage
- Content creation को अवधारणा र local influencer को रूपमा identity निर्माण

(घ) **Python Django Workshop:** Django development skill को बढ्दो मागलाई मध्यनजर गर्दै, छैठौं Semester का विद्यार्थीहरूका लागि २०८१ फाल्गुन २३ देखि २७ गते सम्म पाँच दिने Python Django workshop आयोजना गरिएको थियो। यस workshop ले Python language र Django framework मार्फत hands-on training प्रदान गर्दै विद्यार्थीहरूको project development क्षमता अभिवृद्धि गर्ने उद्देश्य राखेको थियो।

(ङ) **८औं** Semester **का विद्यार्थीहरूका लागि Internship:** BIT curriculum अनुसार ८औं Semester मा २ क्रेडीट कोर्सको अनिवार्य Internship Course समावेश गरिएको छ। पहिलो ब्याचका विद्यार्थीहरू हाल पोखराका विभिन्न अग्रणी IT industries मा Paid तथा Unpaid Internship गरिरहेका छन्। Gandaki University ले Internship अवसर सुनिश्चित गर्न विभिन्न National IT Companies सँग MoU हस्ताक्षर गरेको छ। तीन महिनाको अवधिको यो Internship ले विद्यार्थीहरूलाई Graduation पश्चात् तुरुन्तै रोजगार हासिल गर्न Real-world industry experience प्रदान गर्ने लक्ष्य राख्दछ।

(च) **Technology Entrepreneurship विषयक Guest Lecture:** सातौं Semester का BIT विद्यार्थीहरूका लागि "Technology Entrepreneurship" विषयमा Guest Lecture आयोजना गरिएको थियो। उक्त session Karmacharya Bakes and Foods का Director श्री Bikram Karmacharya द्वारा प्रदान गरिएको थियो। उहाँले entrepreneurship mindset र strategy सम्बन्धी आफ्ना अनुभवहरू साझा गर्नुभएको थियो, जसले aspiring student entrepreneurs लाई उल्लेखनीय प्रेरणा प्रदान गरेको थियो।

(छ) BIT Program **का लागि Laboratory Infrastructure:** व्यावहारिक शिक्षालाई प्रभावकारी बनाउन Gandaki University ले BIT विद्यार्थीहरूका लागि निम्न Dedicated Laboratory हरू स्थापना गरेको छः

a. GPU-equipped Server Lab

b. Network Server Lab (Networking Lab)

c. Two Computer Laboratories

d. Electronics Laboratory

e. Digital Logic Laboratory

f. Microprocessor Laboratory

g. Wireless Communication Laboratory (आर्थिक वर्ष २०८०।८१ मा थप गरिएको)

आ.व. २०८१।८२ मा परीक्षा समितिले अन्तिम नतिजा प्रकाशन गरी सम्पन्न गरेको BIT कार्यक्रमको विभिन्न सेमेष्टरको संक्षिप्त विवरण तल दिइएको छ।

तालिका नंः १९

**परीक्षा सञ्चालन मितिः २०८१।०५।१६ देखि २०८१।०६।११ को विवरण**

| क्र. सं. | ब्याच | सेमेस्टर | परीक्षा फाराम भरेका विद्यार्थी संख्या (Regular + Partial) | उत्तीर्ण भएका विद्यार्थी संख्या | अनुत्तीर्ण भएका विद्यार्थी संख्या | पुनर्योगमार्फत उत्तीर्ण भएका विद्यार्थी संख्या | जम्मा उत्तीर्ण विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०२३ | दोस्रो | ४७+२० | २२+१० | २५+१० | ० | ३२ | |
| २ | २०२२-२ | चौथो | ४१+८ | २३+२ | १८+६ | ० | २५ | |
| ३ | २०२२-१ | पाँचौं | २३+० | १३+० | १० | ० | १३ | |
| ४ | २०२१ | छैठौं | २२+० | २०+० | २ | ० | २० | |

तालिका नंः २०

**परीक्षा सञ्चालन मितिः २०८१।१२।१० देखि २०८२।०१।१९ विवरण**

| क्र. सं. | ब्याच | सेमेस्टर | परीक्षा फाराम भरेका विद्यार्थी संख्या (Regular + Partial) | उत्तीर्ण भएका विद्यार्थी संख्या | अनुत्तीर्ण भएका विद्यार्थी संख्या | पुनर्योगमार्फत उत्तीर्ण भएका विद्यार्थी संख्या | जम्मा उत्तीर्ण विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०२४ | पहिलो | ४०+२९ | २३+२३ | १६+६ | ० | ४६ | १ जना रद्द |
| २ | २०२३ | तेस्रो | ४४+१५ | २०+४ | २४+११ | ० | २४ | |
| ३ | २०२२-२ | पाँचौं | ४१+१० | २७+२ | १२+८ | ० | २९ | २ जना रद्द |
| ४ | २०२२-१ | छैठौं | २२+० | १६+० | ४ | १ | १७ | १ जना रद्द |
| ५ | २०२१ | सातौं | २२+० | २१+० | १ | ० | २१ | |

### २.२. बि. फार्मेसी *(Bachelor of Pharmacy)*

यस गण्डकी विश्वविद्यालय अन्तर्गत फार्मेसी विषयको स्नातक तहको पठनपाठन पोखरा महानगरपालिका-३२, मालमुल, ज्ञानकुञ्जमा २०७८ देखि सञ्चालन भईरहेको छ। यस वर्षको, MEC निरीक्षण र मूल्याङ्कन पछि फार्मेसी कार्यक्रमको लागि ३० सिट छुट्याएको छ। जसमा प्रयोगशाला सुविधाहरू, पुस्तकालय स्रोतहरू, कक्षा कोठाहरू र शिक्षण सङ्कायको मूल्याङ्कन गरिएको थियो । चिकित्सा शिक्षा आयोगले तोकेका अधिकांश मापदण्डहरू पूरा भएकोले स्तरोन्नति प्रदान गरिएको हो। सोको निम्ति चिकित्सा शिक्षा आयोगको परीक्षा उत्तीर्ण विद्यार्थीहरू नेपाल फार्मेसी अध्ययनरत छन। गण्डकी विश्वविद्यालय बी. फार्मेसी कार्यक्रम नेपाल फार्नेसी काउन्सिलको मापदण्ड समेत पुरा गरेको छ।

तालिका नं: २१

**बि. फार्मेसी कार्यक्रम अन्तर्गतका विद्यार्थी सम्बन्धी विवरण**

| सेमेस्टर | MEC छात्रवृत्ति (सरकारी कोटा) | पूर्ण छात्रवृत्ति (सरकारी कोटा) | शुल्क तिर्ने |
|---|---|---|---|
| पहिलो सेमेस्टर | पाचौ ब्याच (२०२५) | २३ | ४ |
| दोस्रो सेमेस्टर | चौथो ब्याच (२०२४) | १५ | ३ |
| तेस्रो सेमेस्टर | तेस्रो ब्याच (२०२३) | १४ | ४ |
| चौथो सेमेस्टर | दोस्रो ब्याच (२०२२) | १५ | ५ |
| छैठौं सेमेस्टर | पहिलो ब्याच (२०२१) | १५ | ० |
| विद्यार्थी संख्या (छात्रवृत्ति र भुक्तानी) | | ८२ | १६ |
| कुल विद्यार्थीहरू | ९८ | | |

**बि. फार्मेसी कार्यक्रम अन्तर्गतका पूर्णकालीन शिक्षकहरू:**

१. श्री प्रकाश पौडेल, कार्यक्रम संयोजक
२. डा. राजकुमार थापा
३. डा. सुशील भण्डारी
४. श्री रोशनी गुरुङ
५. श्री दीपा खत्री
६. श्री रुपेश अधिकारी
७. श्री जुलु त्रिपाठी

**बि. फार्मेसी कार्यक्रम अन्तर्गतका कोर्स करार शिक्षक:**

१. श्री गौतम सुनार
२. श्री मदन बराल
३. श्री केशव लामिछाने
४. डा. रिपु मर्दन कुँवर
५. डा. हरीप्रसाद देवकोटा

**प्रयोगशाला सहायक:**

१. श्री सागरानन्द गिरी

**आ.व. २०८१।८२ मा फार्मेसी कार्यक्रमको मुख्य उपलब्धिहरू**

- सिट संख्यामा वृद्धिः चिकित्सा शिक्षा आयोग (MEC) बाट भौतिक पूर्वाधार र जनशक्तिको मूल्याङ्कन पश्चात सिट संख्या २० बाट बढाएर ३० पुर्याइएको छ।
- विद्यार्थी भर्नाः ५औं ब्याच (२०२५) मा २७ जना विद्यार्थी भर्ना भएका छन्, जसमा २३ जना सरकारी छात्रवृत्ति र ४ जना सःशुल्क तर्फका रहेका छन्। हाल कुल ९८ जना विद्यार्थीहरू ३२ वटा विभिन्न जिल्लाबाट अध्ययनरत छन्।

- उत्कृष्ट नतिजाः विश्वविद्यालयको बोर्ड परीक्षामा औसत उत्तीर्ण दर ९०% भन्दा माथि रहेको छ र शैक्षिक क्यालेण्डरको पूर्ण पालना गरिएको छ।
- अनुसन्धान र अनुदानः पहिलो ब्याचका विद्यार्थीहरूले नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (NAST) बाट तीन वटा विभिन्न अनुसन्धान अनुदान प्राप्त गरेका छन्। साथै, शिक्षकहरूले पनि पाँच वटा भन्दा बढी आन्तरिक तथा बाह्य अनुसन्धान अनुदान प्राप्त गरी अनुसन्धान गरिरहेका छन्।
- अतिरिक्त क्रियाकलापः साइबर सुरक्षा सम्बन्धी सचेतना, निःशुल्क दन्त शिविर, र अन्तर-विश्वविद्यालय फर्मा हाजिरीजवाफ प्रतियोगितामा तेस्रो स्थान हासिल गर्न सफल भएका छन्।

**शैक्षिक तथा प्रयोगात्मक गतिविधिहरू**

- प्रयोगशालाः माइक्रोबायोलोजी र बायोकेमेस्ट्री प्रयोगशालाहरू स्थापना गरिएका छन्। विद्यार्थी संख्या बढेसँगै थप रसायन र उपकरणहरूको आवश्यकता देखिएको छ।
- क्षेत्रीय भ्रमणः विद्यार्थीहरूलाई औषधिजन्य वनस्पति संकलनका लागि घोरेपानी र विभिन्न औषधि उद्योगहरू (जस्तैः निभिक्स, सिद्धार्थ, टाईम्स फर्मा आदि) को भ्रमण गराइएको छ।
- इन्टर्नशिपः पहिलो व्याच (सातौं सेमेस्टर) का विद्यार्थीहरूको सामुदायिक फार्मेसी इन्टर्नशिप सम्पन्न भएको छ।
- अतिथि कक्षाः फर्माकोलोजी, एनालिटिकल केमेस्ट्री जस्ता विषयहरूमा विज्ञहरूद्वारा विशेष कक्षाहरू सञ्चालन गरिएको छ।
- आ.व. २०८१।८२ मा खरिद गरिएका सामग्रीहरूः यस आ.व. मा रसायन र $CO_2$ ग्यास सिलिन्डर, रसायन र विविध सामग्रीहरू, टक्सिकोलोजीका लागि रसायनहरू, प्रयोगशालाका रसायन र विविध सामग्रीहरू, मुसा (फर्माकोलोजी प्रयोगात्मकका लागि) तथा माइक्रोबायोलोजी र अनुसन्धानका उपकरणहरू गरी जम्मा रु. ३३ लाख ६१ हजार भन्दा बढी रकमको खरिद गरिएको छ।

कार्यक्रम सञ्चालनका बखत भएका सिकाईका आधारमा यस कार्यक्रम अन्तर्गत एउटा नमूना फार्मेसी (Model Pharmacy) र एनिमल हाउस (Animal House) को स्थापना, मनिपाल हस्पिटल र विभिन्न औषधि उद्योगहरूसँग सहकार्यका लागि सम्झौता, जडिबुटी उद्यान (Herbal Garden) को पूर्ण रूपमा कार्यान्वयनमा तथा केही थप पुस्तकहरू खरिद भएमा यस कार्यक्रम करिब पूर्ण रूपमा सञ्चालन हुने कार्यरत शिक्षकहरूको बुझाई छ।

**तालिका नंः २२**

**परीक्षा संचालन मितिः २०८१।०५।१६ देखि २०८१।०६।११ को विवरण**

| क्र.सं. | वर्ष | सेमेष्टर | परीक्षा फारम भरेका विद्यार्थी (Regular + Partial) | उत्तिर्ण भएका विद्यार्थी (Regular + Partial) | अनुतिर्ण भएका विद्यार्थी (Regular + Partial) | पुनर्योग मार्फत उत्तिर्ण | जम्मा उत्तिर्ण विद्यार्थी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०२२ | 4th | २० + १ | १७ + १ | ३ + ० | ० | १८ | |

तालिका नंः २३

परीक्षा संचालन मितिः २०८१।०९।२४ देखि २०८१।१०।१० को विवरण

| क्र.सं. | वर्ष | सेमेष्टर | परीक्षा फारम भरेका विद्यार्थी (Regular + Partial) | उत्तिर्ण भएका विद्यार्थी (Regular + Partial) | अनुतिर्ण भएका विद्यार्थी (Regular + Partial) | पुनर्योग मार्फत उत्तिर्ण | जम्मा उत्तिर्ण विद्यार्थी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०२४ | 2nd | १८ + ३ | १७ + २ | १ + १ | ० | १९ | |
| २ | २०२३ | 3rd | १८ + ० | १७ + ० | १ + ० | ० | १७ | |
| ३ | २०२१ | 6th | १५ + ० | १५ + ० | ० + ० | ० | १५ | |

तालिका नंः २४

परीक्षा संचालन मितिः २०८१।१२।१० देखि २०८२।०१।१९ को विवरण

| क्र.सं. | वर्ष | सेमेष्टर | परीक्षा फारम भरेका विद्यार्थी (Regular + Partial) | उत्तिर्ण भएका विद्यार्थी (Regular + Partial) | अनुतिर्ण भएका विद्यार्थी (Regular + Partial) | पुनर्योग मार्फत उत्तिर्ण | जम्मा उत्तिर्ण विद्यार्थी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०२२ | 5th | २० + ० | १७ + ० | ३ + ० | ० | १७ | |

तालिका नंः २५

परीक्षा संचालन मितिः २०८२।०३।१३ देखि २०८२।०३।२९ को विवरण

| क्र.सं. | वर्ष | सेमेष्टर | परीक्षा फारम भरेका विद्यार्थी (Regular + Partial) | उत्तिर्ण भएका विद्यार्थी (Regular + Partial) | अनुतिर्ण भएका विद्यार्थी (Regular + Partial) | पुनर्योग मार्फत उत्तिर्ण | जम्मा उत्तिर्ण विद्यार्थी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०२५ | 1st | २७ + २ | २७ + १ | ० + १ | ० | २८ | |
| २ | २०२४ | 3rd | १८ + १ | १५ + ० | ३ + १ | ० | १५ | |
| ३ | २०२३ | 4th | १८ + ३ | १७ + ३ | १ + ० | ० | २० | |
| ४ | २०२१ | 7th | १५ + ० | १५ + ० | ० + ० | ० | १५ | |

### २.३. *Master of Information Technology in Artificial Intelligence (MIT–AI)*

गण्डकी विश्वविद्यालयमा Master of Information Technology in Artificial Intelligence (MIT–AI) कार्यक्रम शैक्षिक वर्ष वि.सं. २०८१ मा औपचारिक रूपमा सुरु गरिएको हो। यो कार्यक्रम नेपालमा Artificial Intelligence क्षेत्रमा सञ्चालनमा आएका अग्रणी स्नातकोत्तर कार्यक्रमहरू मध्ये एक हो। यस कार्यक्रमको उद्देश्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बढ्दो AI professionals, researchers, तथा academicians को मागलाई सम्बोधन गर्नु हो। कार्यक्रमको पहिलो भर्नामा १७ जना विद्यार्थीहरू भर्ना भएका छन्। Research-oriented curriculum, आधुनिक laboratory infrastructure, तथा practical र industry-relevant skills मा जोड दिइएकाले यस कार्यक्रमले शैक्षिक क्षेत्रमा सकारात्मक ध्यान आकर्षित गर्न सफल भएको छ।

Masters of Information technology- Artificial Intelligence (MIT-AI) कार्यक्रम अन्तर्गत निम्न शिक्षकहरू कार्यरत रहेका छन्।

१. डा. कपिल अधिकारी
१. सरोज गिरी
२. डा. अशिम खड्का
३. अमृत पौडेल
४. राजेश कमर
५. शिवराम दाम

त्यस्तै यस कार्यक्रमका लागि निम्नलिखित अतिथि प्राध्यापकहरू समेतको सेवा उपलब्ध भएको छ।

१. डा. इश्वरमणी अधिकारी
२. डा. विशेस ख़नाल
३. डा. रजनी चुल्याडो

कार्यक्रमको शैक्षिक गतिविधिहरू तथा प्रगति

(क) MIT–AI कार्यक्रम semester-based system अनुसार सञ्चालन हुँदै आएको छ। मूल्याङ्कन प्रणालीमा continuous evaluation, internal assessments, laboratory work, assignments, presentations, तथा end-semester examinations समावेश छन्। पाठ्यक्रमलाई theory, practical exposure, र research को सन्तुलित संयोजन हुने गरी डिजाइन गरिएको छ। यसमा Artificial Intelligence, Machine Learning, Data Science, तथा Emerging AI Technologies का core र advanced क्षेत्रहरू समेटिएका छन् र शिक्षण तथा सिकाइमा Conceptual understanding of AI fundamentals, Practical implementation using modern tools and frameworks, Research-based learning and innovation, Ethical and societal implications of Artificial Intelligence लाई विशेष जोड दिइएको छ।

(ख) प्रयोगशाला तथा अनुसन्धान पूर्वाधारः MIT–AI कार्यक्रमका teaching–learning तथा research गतिविधिहरूलाई प्रभावकारी बनाउन विश्वविद्यालयले अत्याधुनिक प्रयोगशाला सुविधाहरू स्थापना गरेको छ जस अन्तर्गत GPU-Equipped Server Laboratory, Network Server (Networking) Laboratory, र Computer Laboratory प्रमुख छन्।

(ग) Student Assistantship Program: MIT–AI कार्यक्रमको एक विशिष्ट विशेषता भनेको Student Assistantship Program हो, जसको उद्देश्य academic excellence र research culture को प्रवर्द्धन गर्नु हो। यस योजना अन्तर्गत प्रत्येक intake बाट पाँच जना विद्यार्थीहरूलाई assistantship का लागि चयन गरिन्छ र पहिलो batch का ५ जना विद्यार्थीहरू assistantship प्राप्त गरिरहेका छन्। ती विद्यार्थीहरूलाई Teaching Assistant (TA) तथा Research Assistant (RA) को रूपमा संलग्न गराइन्छ र प्रत्येक विद्यार्थीले विश्वविद्यालयमा हप्तामा २० घण्टा शैक्षिक तथा अनुसन्धान गतिविधिमा योगदान दिन्छ । प्रत्येक assistantship विद्यार्थीलाई मासिक रु. २०,०००/- stipend प्रदान गरिन्छ । यस पहलले academic capacity building मा महत्वपूर्ण योगदान पुऱ्याउँदै भविष्यका academicians तथा researchers उत्पादन गर्न सहयोग पुऱ्याउने विश्वास गरिएको छ।

(घ) Workshops, Guest Lectures तथा Academic Enrichment Activities: यी कार्यक्रम अन्तर्गत पहिलो semester मा “Machine Learning in the Real World” विषयमा पाँच दिने intensive workshop आयोजना

गरिएको थियो। यस workshop ले विद्यार्थीहरूको practical competence अभिवृद्धि गर्न उल्लेखनीय भूमिका खेलेको छ।

त्यस्तै Academic learning र industry practice बीचको gap कम गर्न विभिन्न शैक्षिक संस्था, अनुसन्धान संस्था तथा Industry professionals को सहभागिता गरिएको छ। यी सत्रहरूबाट विद्यार्थीहरूले AI research trends, industry expectations, तथा career pathways सम्बन्धी महत्त्वपूर्ण सिकाई प्राप्त गरेका छन्।

(ङ) Ongoing Research-Oriented Sessions: नियमित रूपमा research methodologies, AI research tools and frameworks, तथा emerging trends in AI सम्बन्धी interactive sessions, seminars, तथा workshops सञ्चालन हुँदै आएका छन्। यी सत्रहरू PhD scholars तथा industry experts द्वारा सञ्चालन गरिन्छन्, जसले विद्यार्थीहरूको research capability विकास गर्न र सशक्त academic research environment निर्माण गर्न सहयोग पुर्याइरहेका छन्।

(च) Learning Resources तथा Library Support: MIT–AI कार्यक्रमको शैक्षिक तथा अनुसन्धान गतिविधिलाई सहयोग पुर्याउन विश्वविद्यालयले पर्याप्त संख्यामा reference books तथा learning materials खरिद गरेको छ। यी स्रोतहरू library मा उपलब्ध छन् र coursework, assignments, research work तथा independent study का लागि अत्यन्त उपयोगी साबित भएका छन्।

### ४.७.२. कानुन तथा व्यवस्थापन सङ्काय (Faculty of Law and Management)

वि.सं. २०८१ कार्तिक महिनामा कानुन तथा व्यवस्थापन सङ्कायको स्थापना पश्चात् यो सङ्काय अन्तर्गत Bachelor of Sport Management (BSM), Bachelor of Business Administration (BBA) and Bachelor of Arts and Bachelor of Law (BALLB) कार्यक्रमहरू समावेश भएका छन्। आर्थिक वर्ष २०८०।८१ मा यस डीनको कार्यालयले शैक्षिक योजना, कार्यक्रम विकास, भर्ना व्यवस्थापन, पाठ्यक्रम अन्तिम रूप दिने र सङ्काय क्षमता निर्माण जस्ता तल उल्लेखित प्रमुख कार्यहरू सम्पन्न भए।

- बीएसएम कार्यक्रमको लागि विस्तृत पाठ्यक्रम बुलेटिनलाई अन्तिम रूप दिने काम भइ प्रकाशनको लागि तयार गरियो।
- BSM, BBA, र BALLB कार्यक्रमहरूको लागि प्रवेश परीक्षाहरू समयमै सञ्चालन गरियो।
- BSM, BBA र BALLB का नयाँ भर्ना भएका विद्यार्थीहरूको लागि अभिमुखीकरण कार्यक्रमहरू व्यवस्थित रूपमा आयोजना गर्ने कार्य सम्पन्न भयो।
- शिक्षण गुणस्तर र संस्थागत क्षमता अभिवृद्धि गर्न, डीनको कार्यालयले आधुनिक शिक्षण विधि र शैक्षिक व्यावसायिकतामा केन्द्रित सङ्काय सदस्यहरूको लागि तीन दिने कार्यशाला (व्यावसायिक विकास कार्यक्रम) गोष्ठीको आयोजना गर्यो।

आ.व. २०८१।८२ मा परीक्षा समितिले अन्तिम नतिजा प्रकाशन गरी सम्पन्न गरेको BPH कार्यक्रमको विभिन्न सेमेष्टरको संक्षिप्त विवरण तल दिइएको छ।

**कानुन तथा व्यवस्थापन सङ्काय अन्तर्गतका शैक्षिक कार्यक्रमहरू**

**२.१. खेलकुद व्यवस्थापन** ***(Bachelor in Sports Management)***

विश्वविद्यालयले खेलकुद क्षेत्रको अभिभावकत्व निर्वाह गर्नुकासाथै समग्र खेलकुदको सम्वर्द्धन, प्रवर्द्धन, विकास र खेलकुद प्रतिको आकर्षण अभिवृद्धि गरी खेलकुदको स्तरलाई अझै उचाइमा पुर्याउन सक्ने दक्ष, सक्षम, उत्पादनशील र तालिम प्राप्त उच्च स्तरीय जनशक्ति उत्पादन गर्नका निम्ति नेपालमा नै प्रथम पटक स्नातक तहको पठनपाठन

सञ्चालन गर्दै आएको छ। सोही अनुरूप यस गण्डकी विश्वविद्यालयले वि.सं. २०७८ सालदेखि ४ वर्षे (८ सेमेष्टर) स्नातक तहमा खेलकुद व्यवस्थापन विषयको पठनपाठन सुरुवात गरी आ.व. २०८१।८२ मा द्वितीय, चौथो, पाँचौ र छैठौं (चार वटा) सेमेष्टरका कक्षाहरु नियमित सञ्चालन भईरहेका छन्। यस कार्यक्रममा आ.व. २०८१।८२ मा कार्यक्रम संयोजक सहित ४ जना पूर्णकालीन उपप्राध्यापकहरू कार्यरत छन् भने आवश्यकताका आधारमा अंशिक शिक्षकहरुको समेत व्यवस्था गरिएको छ। यस कार्यक्रममा आ.व. २०८१।८२ मा ५० जना विद्यार्थीहरू अध्ययनरत छन्। यस वर्षको सम्पूर्ण नियमित कक्षाहरू मिति २०८१।०१।२४ गतेदेखि सञ्चालन भएका हुन्।

आ.व. २०८१।८२ मा BSM कार्यक्रम अन्तर्गत रहेका पूर्णकालीन उपप्राध्यापकहरू निम्न अनुसार छन्।

१. डा मधु सुधन सुवेदी, कार्यक्रम संयोजक
२. श्री आशिष आचार्य
३. श्री सुरेश बहादुर थापा
४. श्री सोनम बुद्ध लामा

उपरोक्त पूर्णकालीन उपप्राध्यापकहरूको अतिरिक्त निम्न १० जनाले कोर्ष करार शिक्षकको रूपमा कार्य गरेका छन्

१. क्षितिज बराल
२. भावना भुर्तेल
३. प्रमेश गुरुङ्ग
४. दिपक के.सी.
५. मनिस साह
६. अमृता कुँवर
७. ममता अधिकारी
८. दिपेन्द्र पहारी
९. केशव शरण लामिछाने
१०. सन्तोष भण्डारी

गण्डकी विश्वविद्यालय Faculty of Law and Management अन्तर्गतको Bachelor in Sports Management Program (BSM) कार्यक्रमबाट आ.व. २०८१।८२ मा सम्पादित प्रमुख कार्यहरू तल उल्लेख गरिन्छ।

- नियमित शिक्षण-सिकाइ गतिविधिहरू
- सबै सेमेस्टरहरूमा शैक्षिक क्यालेन्डर अनुसार व्यवहारमा आधारित सिकाइलाई प्रश्रये दिँदै क्षेत्रीय एक्सपोजरसँग एकीकरणगरी कक्षाहरू सञ्चालन
- परियोजना-आधारित कक्षा प्रस्तुतीकरणहरूको प्रयोग र विद्यार्थी मूल्याङ्कन
- खेलकुद व्यवस्थापन, प्रशिक्षण, खेलकुद विज्ञान, र कार्यक्रम व्यवस्थापनमा राष्ट्रिय र अन्तर्राष्ट्रिय विज्ञहरूद्वारा गेष्ट लेक्चर
- राष्ट्रिय खेलकुद परिषद्, अन्य खेलकुद संघका प्रतिनिधिहरूद्वारा प्रदान गरिएका विशेष व्याख्यानहरू
- प्रमुख कार्यक्रमहरूको आयोजना तथा सहभागीताः यस कार्यक्रम अन्तर्गत (क) चान्सलर रनिङ शिल्ड फुटबल प्रतियोगिता (२०८१ मंसिर) कार्यक्रममा योजना, अफिसियटिङ्ग र मिडिया कभरेजमा सक्रिय भई संलग्न; (ख) दोस्रो विश्वविद्यालय स्तरीय खेलकुद प्रतियोगिता (२०८१ फाल्गुन) राष्ट्रिय खेलकुद परिषद्सँगको सहकार्यमा आयोजना गरिएको; र (ग) अन्तर्राष्ट्रिय, राष्ट्रिय र क्षेत्रीय कार्यक्रमहरूमा सहभागिता

- इन्टर्नशिप र फिल्ड वर्कः एन्फा, प्रदेश खेलकुद परिषद् र सरकारी विद्यालयहरू जस्ता प्रतिष्ठित खेलकुद संस्थाहरूमा ७औं सेमेस्टरका विद्यार्थीहरूलाई इन्टर्नशिप र फिल्ड वर्कमा पठाइ खेलकुद सञ्चालन, कोचिङ, फिटनेस प्रशिक्षण, र प्रशासनमा व्यावहारिक अनुभव प्राप्त गर्न सफल तथा स्थानगत भ्रमणमा उच्च उचाइ खेलकुद प्रशिक्षण सम्भाव्यता अध्ययनको लागि मुस्ताङ भ्रमण
- सहयोग र साझेदारीः प्रशिक्षण, इन्टर्नशिप, र कार्यक्रम सहकार्यको लागि स्थानीय खेलकुद संघहरूसँग सम्झौता सुरु गरिएको छ र आगामी वर्षको लागि अन्तर्राष्ट्रिय एक्सपोजर र विद्यार्थी आदानप्रदान अवसरहरूको योजना बनाइँदैछ।

आ.व. २०८१।८२ मा परीक्षा समितिले अन्तिम नतिजा प्रकाशन गरी सम्पन्न गरेको बि. फार्मेसी कार्यक्रमको विभिन्न सेमेष्टरको संक्षिप्त विवरण तल दिइएको छ।

**तालिका नं: २६**

**परीक्षा संचालन मितिः २०८१।०५।१६ देखि २०८१।०६।११ को विवरण**

| क्र. स. | वर्ष | सेमेष्टर | परीक्षा फारम भरेका विद्यार्थी (Regular + Partial) | उत्तिर्ण भएका विद्यार्थी (Regular + Partial) | अनुतिर्ण भएका विद्यार्थी (Regular + Partial) | पुनर्योग मार्फत उत्तिर्ण | जम्मा उत्तिर्ण विद्यार्थी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०२३ | 2nd | १० + ३ | ६ + २ | ४ + १ | ० | ८ | |
| २ | २०२२-२ | 4th | ७ + १ | ५ + १ | २ + ० | ० | ६ | |
| ३ | २०२२-१ | 5th | ८ + ० | ८ + ० | ० + ० | ० | ८ | |
| ४ | २०२१ | 6th | ११ + ० | ११ + ० | ० + ० | ० | ११ | |

**तालिका नं: २७**

**परीक्षा संचालन मितिः २०८१।१२।१० देखि २०८२।०१।१९ को विवरण**

| क्र. सं. | वर्ष | सेमेष्टर | परीक्षा फारम भरेका विद्यार्थी (Regular + Partial) | उत्तिर्ण भएका विद्यार्थी (Regular + Partial) | अनुतिर्ण भएका विद्यार्थी (Regular + Partial) | पुनर्योग मार्फत उत्तिर्ण | जम्मा उत्तिर्ण विद्यार्थी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०२४ | 1st | ९ + १ | ४ + ० | ४ + १ | ० | ४ | १ रद्द |
| २ | २०२३ | 3rd | ११ +२ | ७ + २ | ४ + ० | ० | ९ | |
| ३ | २०२२-२ | 5th | ६ + ० | ६ + ० | ० + ० | ० | ६ | |
| ४ | २०२२-१ | 6th | ८+० | ७+० | १+० | ० | ७ | |
| ५ | २०२१ | 7th | ११+० | ११+० | ०+० | ० | ११ | |

## २.२. बि.बि.ए *(Bachelor of Business Administration)*

विद्यार्थीहरूलाई व्यावसायिक, व्यावहारिक र समाजमुखी ज्ञान प्रदान गर्दै बि.बि.ए. कार्यक्रम सैद्धान्तिक र व्यावहारिक शिक्षणको संयोजनमार्फत नेतृत्वदायी, नवप्रवर्तनशील र व्यवस्थापकीय क्षमतायुक्त जनशक्ति उत्पादन गर्ने लक्ष्यका साथ विश्वविद्यालयमा सञ्चालित पहिलो मध्येको कार्यक्रम हो। यस कार्यक्रमको उद्देश्य विभिन्न संघ-संस्थामा प्रभावकारी नेतृत्व र व्यवस्थापन गर्न सक्ने दक्ष मानव संसाधन तयार पार्नु हो।

कार्यक्रमले नविनतम पाठ्यक्रम, प्रविधि र अनुसन्धानमैत्री अध्ययन-अध्यापन विधि अवलम्बन गर्दै विद्यार्थीलाई व्यवहारिक तथा समाजमुखी शिक्षणमा केन्द्रित ज्ञान प्रदान गर्दै आएको छ।

यस विश्वविद्यालयको बीबीए कार्यक्रम अन्तर्गत सातौ सेमेस्टरसम्मको कक्षाहरु संचालन हुदै आएको छ, यस कार्यक्रममा हाल निम्नानुसार विद्यार्थी संख्या रहेका छन्।

**तालिका नंः २८**

**बीबीए कार्यक्रम अन्तर्गतका विद्यार्थी सम्बन्धी विवरण**

| सेमेस्टर | महिला | पुरुष | जम्मा | ब्याच |
|---|---|---|---|---|
| प्रथम | - | - | - | - |
| द्वितीय सेमेस्टर | १७ | १३ | ३० | चौथो |
| तेस्रो सेमेस्टर | | | | |
| चौथो सेमेस्टर | १४ | ८ | २२ | तेस्रो |
| पाचौ सेमेस्टर | | | | |
| छैठौ सेमेस्टर | १५ | ४ | १५ | दोस्रो |
| सातौ सेमेस्टर | २० | ६ | २६ | पहिलो |

**शैक्षिक जनशक्तिको विवरण**

यस कार्यक्रम संचालन गर्नको लागि आ.व. २०८१।८२ मा कूल ९ जना शैक्षिक जनशक्ति रहेका छन् जस मध्ये ५जना पूर्णकालिन उप-प्राध्यापकहरू छन् भने ४ जना कोर्स-करार अन्तर्गतका उप-प्राध्यापकहरु रहेका छन्।

**तालिका नंः २९**

**बीबीए कार्यक्रम अन्तर्गतका शिक्षकहरूको विवरण**

| | | |
|---|---|---|
| १. | बिश्वास राज पौडेल | पूर्णकालीन उप-प्राध्यापक (संयोजक) |
| २. | रक्षा पराजुली | पूर्णकालीन उप-प्राध्यापक |
| ३. | इन्जु ज्ञवलि | पूर्णकालीन उप-प्राध्यापक |
| ४. | रमेश पौडेल | पूर्णकालीन उप-प्राध्यापक |
| ५. | सुसन थापा | पूर्णकालीन उप-प्राध्यापक |
| ६. | बिनोद कार्की | कोर्ष करार |
| ७. | रोशिना कुवर | कोर्ष करार |
| ८. | सन्तोश भण्डारी | कोर्ष करार |
| ९. | मन्जु सुबेदी | कोर्ष करार |

गण्डकी विश्वविद्यालय Faculty of Law and Management अन्तर्गतको Bachelor in Sports Management Program (BSM) कार्यक्रमबाट आ.व. २०८१।८२ मा सम्पादित प्रमुख कार्यहरू तल उल्लेख गरिन्छ।

- गण्डकी विश्वविद्यालय अन्तर्गत सञ्चालित बीबीए कार्यक्रमको २०७८।७९ शैक्षिक सत्रमा भर्ना भएको प्रथम ब्याचका सातौं सेमेस्टरका विद्यार्थीहरूले "सोशल इमर्शन इन्टर्नसिप" अन्तर्गत स्याङ्जा जिल्लाको ऐरपानी र

नुवाकोट क्षेत्रको अध्ययन भ्रमण (Field Visit) सफलतापूर्वक सम्पन्न गरेका छन्। सामुदायिक अनुभूति, सामाजिक उत्तरदायित्व र व्यवहारिक शिक्षामा आधारित उक्त कार्यक्रम २०८२ असार १३ र १४ गते सञ्चालन गरिएको थियो।

- पोखरा विश्वविद्यालय व्यवस्थापन विद्यार्थी परिषदद्वारा हालै सम्पन्न तेस्रो वित्तीय हाजिरीजवाफ प्रतियोगितामा गण्डकी विश्वविद्यालय अन्तर्गत बीबीए कार्यक्रमका विद्यार्थीहरूले दोस्रो स्थान प्राप्त गरी उत्कृष्ट प्रदर्शन गर्दै पाँच हजार रुपैयाँ नगद पुरस्कार तथा प्रमाणपत्र प्राप्त गरेका हुन्। प्रतियोगितामा सहभागिता जनाउँदै विद्यार्थीहरूले वित्तीय ज्ञान, विश्लेषणात्मक क्षमता र समूहगत समन्वयमा प्रभावशाली उपस्थिति जनाएका थिए।
- गण्डकी विश्वविद्यालय अन्तर्गत सञ्चालित बीबीए कार्यक्रमका पाँचौं र छैटौं सेमेस्टरमा अध्ययनरत पाँच जना विद्यार्थीहरूले विश्वविद्यालयद्वारा आयोजित अन्तिम परीक्षामा पूर्ण SGPA ४.० प्राप्त गरी शैक्षिक उत्कृष्टता हासिल गरेका छन्। सरोज बिक्रम चन्द, कामना पौडेल, बिनिता बराल, अनुप बोहोरा र अन्जना पराजुलीले आफ्नो सेमेस्टरमा शतप्रतिशत ग्रेड ल्याउँदै उदाहरणीय सफलता देखाएका हुन्। गण्डकी विश्वविद्यालयका बीबीए विद्यार्थीहरूले ICP Elevate २०२५ अन्तर-कलेज व्यवसाय व्यवस्थापन प्रतियोगितामा सफल सहभागिता जनाएका छन्। असार ११ र १२ गते पोखरामा सम्पन्न उक्त प्रतियोगितामा अस्मिता खनाल, निशा भट्टराई (वित्त), दिपेश क्षेत्री (नेतृत्व), छबी भरती ठकाली (नवप्रवर्तन) र चाहना शाह (मार्केटिङ) ले प्रभावशाली उपस्थिति जनाएका थिए। टोली संयोजकको भूमिका बीबीए पाँचौं सेमेस्टरका विद्यार्थी विमल पोखरेलले निर्वाह गरेका थिए।
- गण्डकी विश्वविद्यालयका बीबीए छैटौं सेमेस्टरका विद्यार्थी अनुजा गौतम र अनुप बोहोरा Liberty Camp 2025 – Nepal मा सहभागी भएका छन्। असार १३ देखि १८ गते काठमाडौंको बूढानीलकण्ठस्थित Royal Villa Resort मा सम्पन्न उक्त अन्तर्राष्ट्रिय क्याम्पमा उनीहरू नेपालभरका प्रतिस्पर्धीहरूबाट छानिएका थिए। Language of Liberty Institute द्वारा आयोजित कार्यक्रममा स्वतन्त्रता, उद्यमशीलता, र नेतृत्व विषयमा कार्यशाला, संवाद र प्रस्तुतिहरू गरिएको थियो। नबिल बैंकका सीईओ मनोजकुमार ज्ञवालीले युवामा वित्तीय स्वतन्त्रता र उद्यमशील सोचको महत्त्वबारे विशेष सत्र सञ्चालन गरेका थिए।
- गण्डकी विश्वविद्यालयले व्यवस्थापन शिक्षामा पहिलोपटक कृत्रिम बुद्धिमत्ता, व्यवसाय र एनालिटिक्स (AI, Business & Analytics) केन्द्रित विशेषज्ञता समावेश गरेको छ। बीबीए कार्यक्रमअन्तर्गत सुरु गरिएको यस नयाँ विकल्पले व्यवसायमा एआईको प्रयोग, मेसिन लर्निङ, पूर्वानुमान विश्लेषण, डेटा—आधारित निर्णय, सामाजिक सञ्जाल विश्लेषण तथा प्रविधि-सम्बद्ध उत्पादन र सेवाहरूको अध्ययनलाई समेटेको छ।

आ.व. २०८१।८२ मा परीक्षा समितिले अन्तिम नतिजा प्रकाशन गरी सम्पन्न गरेको BBA कार्यक्रमको विभिन्न सेमेष्टरको संक्षिप्त विवरण तल दिइएको छ।

**तालिका नंः ३०**

**परीक्षा संचालन मिति २०८१।०५।१६ देखि २०८०।०६।११ को विवरण**

| क्र.सं. | वर्ष | सेमेष्टर | परीक्षा फारम भरेका विद्यार्थी (Regular + Partial) | उत्तिर्ण भएका विद्यार्थी (Regular + Partial) | अनुतिर्ण भएका विद्यार्थी (Regular + Partial) | पुनर्योग मार्फत उत्तिर्ण | जम्मा उत्तिर्ण विद्यार्थी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०२३ | 2nd | २३ + ५ | १५ + २ | ८ + ३ | ० | १७ | |
| २ | २०२२-२ | 4th | १९ + ६ | १९ + १ | ० + ५ | ० | २० | |
| ३ | २०२२-१ | 5th | २६ + ० | २१ + ० | ५ + ० | ० | २१ | |

तालिका नं: ३१

**परीक्षा संचालन मिति २०८१।१२।१० देखि २०८२।०१।१९ को विवरण**

| क्र. सं. | वर्ष | सेमेष्टर | परीक्षा फारम भरेका विद्यार्थी (Regular + Partial) | उत्तिर्ण भएका विद्यार्थी (Regular + Partial) | अनुतिर्ण भएका विद्यार्थी (Regular + Partial) | पुनर्योग मार्फत उत्तिर्ण | जम्मा उत्तिर्ण विद्यार्थी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०२४ | 1st | ३१ + १० | १६ + ४ | १५ + ६ | ० | २० | |
| २ | २०२३ | 3rd | २३ + ६ | १७ + ३ | ६ + ३ | ० | २० | |
| ३ | २०२२-२ | 5th | १९ + ५ | १८ + १ | १ + ४ | ० | १९ | |
| ४ | २०२२-१ | 6th | २६ + ० | २१ + ० | ५ + ० | ० | २१ | |

### २.३ *विएएलएलबी (BALLB- Bachelor of Arts, Bachelor of Law)*

गण्डकी विश्वविद्यालयले वि.सं. २०७८ मा विएएलएलबी (Bachelor of Arts Bachelor of Laws – BALLB) कार्यक्रमको पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७९ बाट यस कार्यक्रमको पठनपाठन औपचारिक रूपमा सुरु गरेको हो। मानविकी र कानुन विषयको समन्वित अध्ययनलाई केन्द्रमा राखी तयार गरिएको यस कार्यक्रम अन्तर्गत कुल १९० क्रेडिटको विषयभार समावेश गरिएको छ।

आ.व. २०८१।८२ सम्म विएएलएलबी कार्यक्रम अन्तर्गत पाँचौं सेमेस्टरसम्मका कक्षाहरू सञ्चालन हुँदै आएका छन्। यस कार्यक्रममा हाल अध्ययनरत विद्यार्थीहरूको सेमेस्टरगत विवरण निम्नानुसार रहेको छ।

तालिका नं. ३२

**विएएलएलबी कार्यक्रममा अध्ययनरत विद्यार्थी संख्या**

| सेमेस्टर | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| प्रथम सेमेस्टर | ० | ० | ० |
| द्वितीय सेमेस्टर | २५ | १२ | ३७ |
| तृतीय सेमेस्टर | " | " | " |
| पाचौ  सेमेस्टर | २७ | १२ | ३९ |
| छैठो सेमेस्टर | २४ | १३ | ३७ |
| सातौ सेमेस्टर | २६ | ९ | ३५ |

वि.ए.एल.एल.बी. कार्यक्रमको शैक्षिक गुणस्तर सुनिश्चित गर्न पूर्णकालीन तथा कोर्स करारका उपप्राध्यापकहरूको संलग्नता रहेको छ। तिनको विवरण निम्नानुसार छः

तालिका नं. ३३

**विएएलएलबी कार्यक्रम अन्तर्गतका उपप्राध्यापकहरू**

| क्र.सं. | नाम | पद / प्रकृति | अध्यापन विषय | क्रेडिट |
|---|---|---|---|---|
| १ | रबि कुमार सिलवाल | पूर्णकालीन उपप्राध्यापक (संयोजक) | Legal Research, Law of Public Governance, Jurisprudence, Criminology | १० |
| २ | सबिन तिवारी | पूर्णकालीन उपप्राध्यापक | Company Law, Contract Law, Practical Training, Immigration Law | ९ |
| ३ | सुष्मा ओझा | पूर्णकालीन उपप्राध्यापक | Nepalese Legal System, Family Law, Comparative Law, Practical Training | १० |
| ४ | महेश अर्याल | कोर्स करार | Constitutional Law, Criminal Law, IT Law | ८ |
| ५ | भिमनाथ बराल | कोर्स करार | International Relations | ३ |
| ६ | दयाशंकर अधिकारी | कोर्स करार | Procedural Law I, II | ६ |
| ७ | राजकुमार भुजेल | कोर्स करार | International Law I, II, Evidence Law | ८ |
| ८ | मंजू अधिकारी | कोर्स करार | Agricultural Law | २ |
| ९ | सन्तोष न्यौपाने | कोर्स करार | National Security and Defence | २ |
| १० | गोविन्द काफ्ले | कोर्स करार | Gender Justice | २ |
| ११ | रोशिना कुँवर | कोर्स करार | Legal Psychology | २ |
| १२ | जीवन सागर भण्डारी | कोर्स करार | Legal Nepali | ३ |
| १३ | विपना चापागाईं | कोर्स करार | | १५ |

वि.ए.एल.एल.बी. कार्यक्रमको प्रशासनिक व्यवस्थापनका लागि निम्न कर्मचारी कार्यरत रहनुभएको छः

१. लक्ष्मण सुबेदी - प्रशासन सहायक (पाँचौं तह)

आ.व. २०८१।८२ मा सम्पादित प्रमुख शैक्षिक कार्यहरू

चालु शैक्षिक वर्षमा वि.ए.एल.एल.बी. कार्यक्रम अन्तर्गत सम्पादित प्रमुख शैक्षिक तथा सह-शैक्षिक कार्यहरू निम्न अनुसार छन्।

क) कोभिड-१९ महामारीका कारण तेस्रो सेमेस्टरमा उत्पन्न शैक्षिक क्यालेन्डरको असन्तुलनलाई सम्बोधन गर्न अतिरिक्त कक्षाहरूको व्यवस्था गरी अध्यापन कार्य सम्पन्न गरिएको तथा परीक्षा पूर्वनिर्धारित रुटिनअनुसार एकै समयमा सञ्चालन गरिएको।

ख) विद्यार्थी तथा शिक्षकलाई अध्ययन-अध्यापनमा थप सशक्त रूपमा अघि बढाउन आवश्यक नियमन तथा निर्देशन कार्यलाई निरन्तरता दिइएकाले बोर्ड परीक्षामा सफल हुने विद्यार्थी संख्या तथा GPA स्कोरमा ऐतिहासिक सुधार देखिएको।

ग) कानुन अध्ययनका लागि अनिवार्य मानिने अदालती अभ्यास अन्तर्गत यस शैक्षिक वर्षमा विद्यार्थीहरूले अन्तर्राष्ट्रिय मूट कोर्ट प्रतिस्पर्धामा सफलतापूर्वक सहभागिता जनाएको तथा अन्तर–विश्वविद्यालय स्तरका मूट कोर्ट प्रतिस्पर्धामा सहभागी भई प्रथम लगायतका विभिन्न पुरस्कार जित्न सफल भएका।

घ) २०८१ फागुन महिनादेखि बिहान १०:०० बजेसम्म सञ्चालन हुँदै आएको कक्षा व्यवस्थालाई मध्यान्हसम्म विस्तार गरी दैनिक पाँच पिरियडसम्म कक्षा सञ्चालन गर्न सहज व्यवस्था गरिएको छ।

ङ)	कानुन कार्यक्रम सञ्चालन भएयता पहिलोपटक विश्वविद्यालयको आफ्नै नमुना अदालतमा अभ्यास अदालत (मुट कोर्ट) प्रतियोगिता सञ्चालन गरिएको छ।

च)	बार, बेञ्च र न्यायालयबीचको अन्योन्याश्रित सम्बन्धलाई व्यवहारिक रूपमा बुझाउने उद्देश्यले २०८१ असार महिनामा न्यायाधीशहरू र विद्यार्थीहरूबीच दुईदिने न्यायिक साक्षात्कार कार्यक्रम सफलतापूर्वक सञ्चालन गरियो।

छ)	विश्वविद्यालय र नेपाल बार काउन्सिलबीचको समन्वयलाई सुदृढ गर्ने उद्देश्यले नेपाल बार काउन्सिलका उपाध्यक्ष तथा नेपाल बार एसोसिएसनका अध्यक्ष वरिष्ठ अधिवक्ता गोपालकृष्ण घिमिरे तथा नेपाल बार गण्डकी प्रदेश प्रमुखको उपस्थितिमा अनुगमन तथा सुझाव सङ्कलन कार्यक्रम सम्पन्न गरियो।

ज)	विद्यार्थीहरूलाई विषयविज्ञहरूको अनुभव र विशेषज्ञताबाट लाभ दिलाउन समय सापेक्ष रूपमा भिजिटिङ लेक्चर सञ्चालन गरिएको छ।

झ)	समाज सेवा तथा सामाजिक उत्तरदायित्वको भावना विकास गर्ने उद्देश्यले विद्यार्थीहरू मानव सेवा आश्रम जस्ता संस्थामा गई अनुगमन तथा सहयोग गतिविधिमा सहभागी गराइयो।

ञ)	जिल्ला प्रशासन कार्यालय, कारागार कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा पोखरास्थित उच्च अदालत र कास्की जिल्ला अदालतमा विद्यार्थीहरूलाई तालिकाबद्ध रूपमा शैक्षिक भ्रमण गराउँदै व्यवहारिक ज्ञान अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिइएको।

**नयाँ क्रियाकलापहरु तर्फः**

१) अभ्यास अदालत, विद्यार्थीहरू मार्फत समाजका विभिन्न क्षेत्रमा कानुनी साक्षरता कार्यक्रमलाई नियमित गर्ने कार्य शुरु गरिएको छ।

२) कानुनी शिक्षालाई स्नातकोत्तरसम्म संचालन गर्ने उद्देश्यले सम्भाव्यता अध्ययनको प्रक्रियालाई अघि बढाइएको छ र सो सन्दर्भमा सम्बन्धित निकायमा सुझाव दिइएको छ।

३) परम्परागत शिक्षणलाई सुधार गर्दै सकेसम्म धेरै व्यवहारिक र आधुनिक बनाउने सुधारात्मक पहल गरिएको छ।

आ.व. २०८१।८२ मा परीक्षा समितिले अन्तिम नतिजा प्रकाशन गरी सम्पन्न गरेको BBA कार्यक्रमको विभिन्न सेमेष्टरको संक्षिप्त विवरण तल दिइएको छ।

**तालिका नं. ३४**

**परीक्षा संचालन मिति २०८१।०५।१६ देखि २०८०।०६।२५ को विवरण**

| क्र.स. | वर्ष | सेमेष्टर | परीक्षा फारम भरेका विद्यार्थी (Regular + Partial) | उत्तिर्ण भएका विद्यार्थी (Regular + Partial) | अनुतिर्ण भएका विद्यार्थी (Regular + Partial) | पुनर्योग मार्फत उत्तिर्ण | जम्मा उत्तिर्ण विद्यार्थी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०२३ | 2nd | ४१ + ३४ | २२+२५ | १९ + ९ | ० | ४७ | |
| २ | २०२२-२ | 4th | ३८ + ६ | ३२+४ | ६ + २ | ० | ३६ | |
| ३ | २०२२-१ | 5th | ३५ + ० | ३२ + ० | ३ + ० | ० | ३२ | |

तालिका नं. ३५

परीक्षा संचालन मिति २०८१।१२।१० देखि २०८२।०१।१९ को विवरण

| क्र. सं. | वर्ष | सेमेष्टर | परीक्षा फारम भरेका विद्यार्थी (Regular + Partial) | उत्तिर्ण भएका विद्यार्थी (Regular + Partial) | अनुतिर्ण भएका विद्यार्थी (Regular + Partial) | पुनर्योग मार्फत उत्तिर्ण | जम्मा उत्तिर्ण विद्यार्थी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०२४ | 1st | ४०+४१ | १३+३३ | २७+६ | ० | ४६ | २ रद्द |
| २ | २०२३ | 3rd | ४०+१२ | २२+७ | १८+५ | ० | २९ | |
| ३ | २०२२-२ | 5th | ३८+३ | ३७+३ | १+० | ० | ४० | |
| ४ | २०२२-१ | 6th | ३५+० | ३१+० | ४+० | ० | ३१ | |

## ४.८. गण्डकी विश्वविद्यालयको छात्रवृत्ति कार्यक्रम

विद्यार्थी भर्नाका लागि लिइएको प्रवेश परीक्षाको प्राप्ताङ्कको साथै SEE र SLC को प्राप्ताङ्कको आधारमा तयार गरिएको योग्यताक्रमका आधारमा प्रथम हुने २ जनालाई (कम्तिमा १ जना महिला हुनेगरी) प्रत्येक शैक्षिक सत्रमा र विश्वविद्यालयले सञ्चालन गरेका विभिन्न कार्यक्रमहरुको सेमेष्टर शुल्कमा पूर्ण छात्रवृत्ति सुरक्षित गरिएको छ । तर जुन सुकै तहका छात्रवृत्तिका लागि छात्रवृत्ति लाभग्राही छनौट गर्दा योग्यताक्रममा प्रथम महिला भएमा दोस्रो पनि स्वतः महिला लाभग्राही रहनेछ। साथै विद्यार्थी भर्नाका लागि लिइएको प्रवेश परीक्षा, SEE र SLC को प्राप्ताङ्कको आधारमा तयार गरिएको योग्यताक्रमका आधारमा द्वितीय हुने २ जनालाई (कम्तिमा १ जना महिला हुनेगरी) सेमेष्टर शुल्क (Tuition Fee) मा ५० प्रतिशत छात्रवृत्ति सुरक्षित गरिएको छ। भर्नाका लागि लिईएको प्रवेश परीक्षा, SEE र SLC को प्राप्ताङ्कको आधारमा तयार गरिएको योग्यताक्रमका आधारमा गण्डकी प्रदेश प्रथम हुने २ जनालाई (कम्तिमा १ जना महिला हुनेगरी) सेमेष्टर शुल्क (Tuition Fee) मा ५० प्रतिशत छात्रवृत्ति सुरक्षित गरिएको छ। गण्डकी विश्वविद्यालयको खेलकुद व्यवस्थापन विषयमा अध्ययन गर्न आउने विद्यार्थीहरूमध्ये अन्तर्राष्ट्रिय खेलाडीलाई १००%, राष्ट्रिय खेलाडी भएको खण्डमा ५०% (पचास प्रतिशत) र क्षेत्रीय तहको खेलाडी भएको खण्डमा २५%( पच्चीस प्रतिशत) सेमेस्टर ट्युसन शुल्कमा छुट गरिएको छ। कुलपति छात्रवृति कार्यक्रमको व्यवस्था अन्तर्गत कुलपतिको सिफारिसमा हरेक शैक्षिक सत्रमा भर्ना भएका विद्यार्थीहरू मध्ये बढीमा दुई जनालाई ५०% (पचास प्रतिशत) सेमेस्टर ट्युसन शुल्कमा छुट गरिएको छ।

आ.व. २०८१।८२ मा विश्वविद्यालयबाट कुल १६९ जना अर्थात् २९.५% विद्यार्थीहरूले छात्रवृत्ति प्राप्त गरिरहेका छन् जस मध्ये पुरुष ७९ र महिला ९० जनाले छात्रवृत्ति प्राप्त गरिरहेका छन्। आ.व. २०८१।८२ छात्रवृत्ति प्राप्त गरिरहेका विद्यार्थीहरूको विवरण अनुसूची २ प्रस्तुत गरिएको छ।

## ४.९. गण्डकी विश्वविद्यालय अनुसन्धान, अन्वेषण तथा आविष्कार केन्द्र (Research, Innovation and Invention Centre)

गण्डकी विश्वविद्यालयले आफ्नो स्थापनाकालदेखि नै देश र समाजको लागि आवश्यक विषयमा अध्ययन, अनुसन्धान तथा आविष्कार गर्न, गराउन, देशलाई औद्योगिकीकरणमा लैजान र उच्च उत्पादकत्व हासिल गर्न प्रविधिको विकास र विस्तार गर्न, निजी क्षेत्र तथा सहकारी क्षेत्रको समन्वय तथा सहकार्यमा अध्ययन अनुसन्धान गर्न-गराउन,अध्ययन तथा अनुसन्धानसम्बन्धी कार्यमा स्वदेशी तथा विदेशी सङ्घ, संस्था र अनुसन्धान केन्द्रसँग सहकार्य

गर्न, केन्द्रले अनुसन्धान तथा अन्वेषण र आविष्कार सम्बन्धी कार्य गर्दा आधुनिक प्रविधि र विधि प्रयोग गर्न गराउन र अध्ययन अनुसन्धान सम्बन्धी नीति निर्धारण गर्न विश्वविद्यालयमा अनुसन्धान र अन्वेषण तथा आविष्कार केन्द्रको व्यवस्था गरिएको छ। जसका मुख्य-मुख्य कार्यहरू निम्नानुसार रहेका छन्।

**(क) फ्याकल्टी रिसर्च ग्रान्ट-२०८१:** गण्डकी विश्वविद्यालयले प्राज्ञिक क्षेत्रमा अध्यापन र अनुसन्धानलाई एकीकृत रूपमा अगाडि बढाउने नीति अवलम्बन गर्दै आएको छ। यसै अनुरूप, विश्वविद्यालयको अनुसन्धान, अन्वेषण तथा केन्द्रले हरेक वर्ष विश्वविद्यालयमा कार्यरत प्राध्यापकहरूबाट अनुसन्धान प्रस्ताव आह्वान गर्ने गर्दछ। यस वर्ष (आ.व. २०८१।८२) का लागि पनि विश्वविद्यालयले उत्कृष्ट अनुसन्धान प्रस्तावहरू छनोट गरी ४ लाख ५० हजार रुपैयाँ रकमको 'फ्याकल्टी रिसर्च ग्रान्ट-२०८१' वितरण गरेको छ। यो अनुदानको मुख्य उद्देश्य प्राध्यापकहरूलाई मौलिक अनुसन्धानमा प्रोत्साहन गर्नु र विश्वविद्यालयको प्राज्ञिक स्तर अभिवृद्धि गर्नु हो। गण्डकी विश्वविद्यालयको सङ्काय अनुसन्धान अनुदान-२०८१ को लागि प्राप्तकर्ताहरूको विवरण यस प्रकार छः

**तालिका नं. ३६**

**सङ्काय अनुसन्धान अनुदान-२०८१ को लागि प्राप्तकर्ताहरूको विवरण**

| Principal investigator | Program | Research Title | Amount |
|---|---|---|---|
| Amrit Poudel, Assistant Professor | Information Technology Program | Assessing the impact of a new AI-powered online compiler on the academic performance of students | 50,000 |
| Saroj Giri, Assistant Professor | Information Technology | Image based plant disease prediction using Deep Learning Method | 50,000 |
| Julu Tripathi, Assistant Professor | Pharmacy | Formulation and evaluation of fast dissolving oral thin film of Ambroxol Hydrochloride | 1,00,000 |
| Raj Kumar Thapa, PhD, Assistant Professor | Pharmacy | Microplastics: Are we drinking safe bottled water in Nepal? | 1,00,000 |
| Roshani Gurung, Assistant Professor | Pharmacy | Phytochemical screening, in-vitro antioxidant activity and in-vitro α-amylase inhibitory effect of Malvaviscus arboreus flower extract used traditionally for antidiabetic activity | 1,00,000 |
| Inju Gyawali, Assistant Professor | Management | Executive compensation and firm performance: Evidence from Nepalese Banking Industry | 50,000 |

**(ख) जागृति' जर्नलको प्रकाशनः** विश्वविद्यालयको आधिकारिक जर्नल "जागृति" को पहिलो अङ्क सन् २०२४ जुलाईमा प्रकाशित भयो। यसमा स्वास्थ्य, वातावरण, कृषि र सूचना प्रविधि लगायतका विभिन्न विषयका १० लेखहरू समावेश छन्। दोस्रो अंक सन् २०२५ जुलाईका लागि तयारी भइरहेको छ।

**(ग) अन्तर्राष्ट्रिय सम्मेलन र सहकार्यः** विश्वविद्यालयले सन् २०२५ जनवरी ३-५ मा GUIC-२०२५ अन्तर्गत "Networking Minds for Resilient Future" थिममा अन्तर्राष्ट्रिय सम्मेलन सफलतापूर्वक सम्पन्न गर्यो। यसमा नेपालसहित ८ देशका शोधकर्ताहरूको सहभागिता थियो।

**(घ) एकेडेमिया-इन्डस्ट्री डायलगः** विश्वविद्यालय अनुदान आयोग (UGC) को सहयोगमा फर्मास्युटिकल क्षेत्र र विश्वविद्यालयबीच सहकार्य सुदृढ गर्न २०८२ वैशाख १४ मा एक विशेष संवाद कार्यक्रम आयोजना गरियो। यसले औषधी उद्योग र शैक्षिक क्षेत्र बीच ज्ञान र स्रोतको आदानप्रदानमा मद्दत पुर्याएको विश्वास गरिएको छ।

**(ङ) क्षमता विकास तथा सामुदायिक सेवाः** क्षमता विकास तालिमः यस कार्यक्रम अन्तर्गत २०८२ असार १३-१४ मा लुम्लेमा प्राध्यापक र कर्मचारीहरूका लागि वित्तीय व्यवस्थापन र वैज्ञानिक अनुसन्धान लेखन सम्बन्धी आवासीय तालिम सञ्चालन गरियो।

निःशुल्क स्वास्थ्य शिविरः त्यस्तै, २०८२ वैशाख २७ मा विश्वविद्यालयले 'पूर्व कर्मचारी सेवा परिषद' सँगको सहकार्यमा स्वास्थ्य शिविर आयोजना गर्यो, जहाँ १०० भन्दा बढी स्थानीयले सेवा प्राप्त गरेका थिए।

**(च) उद्यमशीलता सहायता कार्यक्रम-२०८१ (ESP-2081:** गण्डकी विश्वविद्यालयको अनुसन्धान, अन्वेषण तथा आविष्कार केन्द्रले विश्वविद्यालय अनुदान आयोग (UGC) को सहयोगमा 'उद्यमशीलता सहायता कार्यक्रम-२०८०' सफलतापूर्वक सम्पन्न गरेको छ। यस कार्यक्रम अन्तर्गत विशेषगरी 'ग्रिन टेक्नोलोजीमा आधारित उद्यमशीलता तालिम' (GTET) सञ्चालन गरिएको थियो, जसको उद्देश्य युवा प्राध्यापक र विद्यार्थीहरूलाई दिगो र वातावरणमैत्री व्यवसाय सुरु गर्न आवश्यक सीप र ज्ञान प्रदान गर्नु थियो।

यस तालिममा अवधारणा विकास, योजना निर्माण र दिगोपनको मूल्याङ्कन जस्ता पक्षहरूमा केन्द्रित रही प्रयोगात्मक सत्रहरू सञ्चालन गरिएको थियो। सोही सफलतालाई निरन्तरता दिँदै यस वर्ष "उद्यमशीलता सहायता कार्यक्रम-२०८१" सुरु गरिएको छ। यसमा ३० जना सहभागीहरू रहेका छन् र उनीहरूलाई राष्ट्रिय स्तरका प्रतियोगिताहरूमा सहभागी हुन विभिन्न क्षेत्रका विज्ञहरूद्वारा मेन्टरिङ र मार्गदर्शन प्रदान गरिँदै छ।

**(छ) नास्ट (NAST) प्रकाशन प्रोत्साहन पुरस्कारः** नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (NAST) ले २०८२ वैशाख २१ मा जारी गरेको सूचना अनुसार, गण्डकी विश्वविद्यालयको अनुसन्धान, आविष्कार तथा आविष्कार केन्द्रका कार्यकारी निर्देशक डा. राजकुमार थापा 'नास्ट प्रकाशन प्रोत्साहन पुरस्कार' बाट सम्मानित हुनुभएको छ। उहाँको क्यान्सर उपचारमा न्यानो प्रविधिको प्रयोगसम्बन्धी "Recent advances in albumin nanoparticle-based cancer therapies" शीर्षकको अनुसन्धानमूलक लेखका लागि यो सम्मान प्रदान गरिएको हो। उक्त लेख सन् २०२४ मा औषधि विज्ञान क्षेत्रको प्रतिष्ठित 'Q1' श्रेणीको अन्तर्राष्ट्रिय जर्नल (Journal of Pharmaceutical Investigation) मा प्रकाशित भएको थियो।

### ४.१०. गण्डकी विश्वविद्यालय अन्तर्राष्ट्रिय सम्बन्ध र विकास मामिला (International Relations and Development Affairs)

गण्डकी विश्वविद्यालयले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक तथा अनुसन्धान संग सम्बद्ध विभिन्न विश्वविद्यालयहरू तथा अनुसन्धान र अन्य संघ संस्थाहरू संग सम्बन्ध स्थापित गरी शैक्षिक कार्यक्रमहरू, प्राध्यापक तथा विद्यार्थी आदानप्रदान, क्षमता अभिबृद्धि, अनुसन्धान तथा प्रकाशनमा सहकार्य गर्न अन्तर्राष्ट्रिय सम्वन्ध र विकास मामिला सम्बन्धमा कार्य गरिरहेको छ।

उपरोक्त उद्देश्य परिपूर्ति गर्न हाल सम्म गण्डकी विश्वविद्यालयले विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय विश्वविद्यालयहरू तथा अनुसन्धान र अन्य संघ संस्थाहरूसँग सम्बन्ध स्थापना गरी सकेको छ।

अन्तर्राष्ट्रिय सम्बन्ध तथा विकास मामिला शाखाको जुलाई २०२४-जुलाई २०२५ सम्मका कार्यहरू र प्रगति सारांशको रूपमा तल प्रस्तुत गरिएको छ।

**(क) अन्तर्राष्ट्रिय भ्रमण तथा सहकार्य**

- **दक्षिण कोरिया भ्रमणः** इनहा विश्वविद्यालयमा आयोजित 'समर रिसर्च सेमिनार २०२५' मा सहभागिता जनाइयो। साथै, सफ्टवेयर फ्याक्ट्री र IFELSE Corp जस्ता आईटी कम्पनीहरूसँग इन्टर्नशिप र संयुक्त अनुसन्धानका लागि छलफल भएको छ। हान्दोङ ग्लोबल युनिभर्सिटीसँग द्विपक्षीय शैक्षिक सम्बन्धका लागि सम्झौता (MoU) प्रक्रियामा रहेको छ।
- **जापान भ्रमणः** 'साकुरा साइन्स एक्सचेन्ज प्रोग्राम' अन्तर्गत होक्काइडो विश्वविद्यालयसँग मिलेर स्वास्थ्य विज्ञान र चिकित्सा क्षेत्रमा शैक्षिक तथा सांस्कृतिक आदानप्रदान कार्यक्रम सम्पन्न गरिएको छ।

**(ख) आयोजित कार्यक्रम तथा कार्यशालाहरू**

- **अन्तर्राष्ट्रिय सम्मेलन (GUIC-2025):** जनवरी ३-५, २०२५ मा "Networking Minds for a Resilient Future" थिममा अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गरिएको थियो जसमा शाखाले आफ्नो भूमिका प्रभावकारी रूपमा निभायो।
- **जलवायु परिवर्तन नीति संवादः** गण्डकी प्रदेशमा जलवायु अनुकूलनका लागि सरोकारवाला र सरकारी निकायहरूसँग पोखरामा नीतिगत छलफल आयोजना गरिएको थियो।
- **प्राविधिक तालिमः** यार्सा टेकसँगको साझेदारीमा ६ दिने 'IoT प्रोडक्ट र एप डेभलपमेन्ट' कोर्स र ज्येष्ठ नागरिकहरूका लागि 'डिजिटल साक्षरता अभियान' सञ्चालन गरिएको।

**(ग) सम्झौता पत्र (MoUs):** अनुसन्धान, इन्टर्नशिप र शैक्षिक विकासका लागि विभिन्न स्वदेशी तथा विदेशी संस्थाहरूसँग सम्झौता गरिएको छः

- **भर्चुअल टेक्नोलोजी, सफ्टवेयर फ्याक्ट्री, र यार्सा टेक** (प्रविधि र अनुसन्धानका लागि)।
- **निजिन माइकोला गोगोल स्टेट युनिभर्सिटी (युक्रेन) र श्री नवमल फिरोदिया ल कलेज (भारत)** (शैक्षिक आदानप्रदानका लागि)।
- **(घ) आदानप्रदान तथा गतिशीलता कार्यक्रमः** फिलिपिन्सको सेन्ट्रल लुजोन स्टेट युनिभर्सिटी (CLSU) सँगको सहकार्यमा प्राध्यापक आदानप्रदान (Faculty Mobility) कार्यक्रम सञ्चालन गरी ज्ञान र सीप हस्तान्तरण गरिएको छ।

**(ङ) गण्डकी राउन्ड अप (प्रकाशन):** विश्वविद्यालयको ५औं वार्षिकोत्सवको अवसरमा 'गण्डकी युनिभर्सिटी राउन्ड अपः भोल्युम ३, अंक १' प्रकाशन गरियो। यसमा विश्वविद्यालयका उपलब्धिहरू, अनुसन्धान र भावी रणनीतिहरू समेटिएका छन्।

# ५. आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरण

गण्डकी विश्वविद्यालय केन्द्रीय कार्यालय तथा परीक्षा नियन्त्रण कार्यालयको महालेखा परीक्षकको कार्यालय शिक्षा तथा विश्वविद्यालय लेखा परीक्षण निर्देशनालय, काठमाण्डौबाट आ.व. २०८०।८१ सम्मको लेखा परीक्षण सम्पन्न भएको छ। विश्वविद्यालयको आम्दानी खर्चको गत तीन वर्षको प्रवृत्ति समेत जानकारी हुन सक्ने गरी गण्डकी विश्वविद्यालय न्यासिक परिषद्‌मा मिति २०८१।४।१६ गते प्रस्तुत भई स्वीकृत भए बमोजिमको आ.व. २०८१।८२ को एकिकृत आम्दानी खर्चको विवरण निम्न अनुसार प्रस्तुत गरिएको छ।

**तालिका नं. ३७**

**आ.व. २०७९।८०, २०८०।८१ र २०८१।८२ को एकिकृत आम्दानी खर्चको विवरण**

| आय शीर्षक | २०७९।८० | २०८०।८१ | २०८१।८२ | व्यय शीर्षक | २०७९।८० | २०८०।८१ | २०८१।८२ |
|---|---|---|---|---|---|---|---|
| सामाजिक विकास मन्त्रालयबाट चालु अनुदान | ६,००,००,००० | ७,००,००,००० | ५,००,००,००० | चालु खर्च | ८,८४,३६,११६ | ११,०१,८७,०५९ | ९,८४,२०,७७५ |
| सामाजिक विकास मन्त्रालयबाट पुँजिगत अनुदान | १४,००,००,००० | १०,४२,८१,१७५ | ७,९६,००,००० | पुँजिगत | १३,२६,८१,९६६ | ९,७४,९९,८३८ | ८,२१,९३,३१५ |
| जम्मा अनुदान | २० करोड | १७,४२,८१,१७५ | १,२९,६०,००० | | | | |
| विद्यार्थी फी | २,३२,२२,१७९ | ३,०५,६५,६८२ | ४,०४,५८,९९८ | | | | |
| अन्य अनुदान | ३,७७,१७६ | ४०,१८,७४४ | २५,२०,००० | | | | |
| व्याज आय | ९,४१,६७८.८१ | १२,७०,६००.३४ | ४,५५,२८७.०८ | | | | |
| विविध आय | २९,७६,३७६ | ३०,५७,२२३.७५ | ३,९५,००० | | | | |
| जम्मा आय | २२,७१,४०,२३५ | २१,३१,९३,४२५ | १७,३४,२९,२८५ | जम्मा व्यय | २२,११,१८,०८२ | २०,७६,८६,८९७ | १८,०६,१४,०९० |

**बजेटको स्थिति**

आर्थिक वर्ष २०८१।८२ मा गण्डकी विश्वविद्यालयले कुल रु. १७,३४,२९,२८५.०८ आम्दानी प्राप्त गरेको छ। यसमा प्रमुख स्रोत गण्डकी प्रदेश सामाजिक, युवा तथा खेलकुद मन्त्रालयबाट प्राप्त अनुदान हो, जसको रकम चालु तर्फ रु. ५,००,००,००० र पुँजिगत तर्फ रु. ७,९६,००,००० गरी जम्मा रु. १२,९६,००,००० रहेको छ। यसका साथै विश्वविद्यालयले आन्तरिक स्रोत मध्ये मुख्यतया विद्यार्थी फीबाट रु. ४,०४,५८,९९८ आम्दानी प्राप्त गरेको छ। यो आय विश्वविद्यालयको कुल आयको २३.३२ तथा सञ्चालन तर्फको ४१.११ प्रतिशत हो। यसले संस्थाको वित्तीय आधार बलियो बनाउन महत्वपूर्ण योगदान दिएको छ। चालु खर्चका आधारमा प्रति विद्यार्थी रु. १,२६,१८० खर्च हुन आएको देखिन्छ।

त्यसैगरी, यस आर्थिक वर्षमा विश्वविद्यालयको कुल खर्च रु. १,८०,६१४,०९०.१७ रहेको छ। चालु खर्चमा रु. ९८,४२०,७७५.१५ खर्च भएको छ, जसले प्रायः नियमित सञ्चालन, सेवा र कर्मचारी तलबका लागि योगदान दिएको छ। पुँजिगत खर्चमा रु. ८२,१९३,३१५.०२ खर्च भएको छ, जुन भवन, उपकरण तथा अन्य पूँजीगत परियोजनामा प्रयोग भएको हो। चालु र पुँजिगत खर्च लगभग बराबर भएकोले आगामी वर्षमा पूँजीगत परियोजनामा थप बजेट आवश्यक देखिन्छ।

यस वर्ष नपुग बजेट खर्च रु. ७,१८४,८०५.०९ रहेको छ भने भुक्तानी दिन बाँकी (दायित्व) रकम रु. १४,३०५,६२३.४६ रहेको छ। यसले आगामी वर्षको बजेट योजना तयार गर्दा वित्तीय सन्तुलन र दायित्व व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने आवश्यकता देखाउँछ।

निष्कर्षतः, चालु अनुदान प्रायः पूर्ण रूपमा उपयोग भएको छ भने पुँजिगत खर्च अपेक्षाकृत कम रहेको छ। कुल खर्च आम्दानीभन्दा केही बढी भएकोले आगामी वर्षमा बजेट नियमन, वित्तीय योजना तथा परियोजना व्यवस्थापनमा सुधार आवश्यक भएको कुरा तलको तालिकाले स्पष्ट गरेको छ।

आ.व. २०७९।८० देखि २०८१।८२ सम्मका तीन वर्षकि आम्दानी खर्चको प्रबृत्ति हेर्दा गण्डकी विश्वविद्यालयको आम्दानीमा क्रमिक बृद्धि भएको छ भने सामाजिक मन्त्रालयबाट प्राप्त पुँजिगत अनुदान प्रतिवर्ष ३ करोड भन्दा बढिको दरले घटेको छ भने चालु तर्फको अनुदान पनि आ.व. २०८१।८२ मा २९ प्रतिशत कम भएर आएको देखिन्छ।

**तालिका नं. ३८**

**आर्थिक वर्ष २०८१।८२ को पुँजीगत तर्फको बजेट र खर्चको विवरण**

| क्र.सं. | खर्च संकेत | खर्च शीर्षक | स्वीकृत बजेट (रु.) | जम्मा खर्च (रु.) | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ३११२ | गैर आवासीय भवन निर्माण / खरिद | ९७,३००,०००.०० | ६६,४६१,०५७.७८ | ६८.३१ | |
| २ | ३१११४ | जग्गा विकास कार्य | २,०००,०००.०० | - | ०.०० | |
| ३ | ३११२१ | सवारी साधन (बस) खरिद | ८,५००,०००.०० | - | ०.०० | |
| ४ | ३११२२ | मेशिनरी तथा औजार | १७,८००,०००.०० | ८,५५३,४५८.२९ | ४८.०५ | |
| ५ | ३११२३ | फर्निचर तथा फिक्चर्स | ३,०००,०००.०० | - | ०.०० | |
| ६ | ३११३० | अन्य पुँजीगत खर्च | ५,७००,०००.०० | ५,१७२,०१२.९६ | ९०.७४ | |
| ७ | ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ५,०००,०००.०० | १,७४१,८०२.९९ | ३४.८४ | |
| ८ | ३१२२१ | मौज्दात सामानहरू | २,०००,०००.०० | २६४,९८३.०० | १३.२५ | |
| | | जम्मा | १४१,३००,०००.०० | ८२,१९३,३१५.०२ | ५८.१७ | |

- स्वीकृत बजेटः चौध करोड तेह्र लाख रुपैयाँ मात्र
- जम्मा खर्चः आठ करोड एकानब्बे लाख त्रियानब्बे हजार तीन सय पन्ध्र रुपैयाँ दुई पैसा मात्र पुँजिगत खर्च तर्फ प्रदेश सरकारले निकासा दिएको रकम ७ करोड ९६ लाख मा १००% खर्च गरी थप २५ लाख ९३ हजार विश्वविद्यालयको आन्तरिक स्रोतबाट समेत खर्च गरिएको छ।

**तालिका नं. ३९**

**आर्थिक वर्ष २०८१।८२ को चालू तर्फको बजेट र खर्चको विवरण**

| सि.नं. | खर्च संकेत | खर्च शीर्षक | स्वीकृत बजेट (रु.) | बजेट खर्च (रु.) | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २११११ | पारिश्रमिक कर्मचारी | ५,००,०००,०००.०० | ४९,३०६,८६७.४४ | ८९.६५ | |
| २ | २११२१ | पोशाक | ५००,०००.०० | ४८०,०००.०० | ९६.०० | |
| ३ | २११२३ | औषधि उपचार खर्च | ५००,०००.०० | २३३,४४२.०० | ४६.६९ | |
| ४ | २११३२ | महंगी भत्ता | २,०००,०००.०० | १,७८३,७०३.७१ | ८९.१९ | |
| ५ | २११४१ | पदाधिकारी बैठक भत्ता | १,५००,०००.०० | १,२५९,६५१.०० | ८३.९८ | |
| ६ | २११४२ | पदाधिकारी अन्य सुविधा | १,१५५,०००.०० | १,००९,२००.०० | ८७.३८ | |
| ७ | २१२१४ | कल्याणकारी कोष | २,०००,०००.०० | - | - | |

| सि.नं. | खर्च संकेत | खर्च शीर्षक | स्वीकृत बजेट (रु.) | बजेट खर्च (रु.) | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| ८ | २२१११ | पानी तथा बिजुली | १,५००,०००.०० | १,२५८,४८३.०० | ८३.९० | |
| ९ | २२११२ | सञ्चार महसुल | ४००,०००.०० | ३९७,४२७.०० | ९९.३६ | |
| १० | २२२११ | इन्धन (पदाधिकारी) | ७९०,०००.०० | २९३,०४५.०० | ३७.०९ | |
| ११ | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | २,५००,०००.०० | २,८८५,०४६.०० | ११५.४० | |
| १२ | २२२१३ | सवारी साधन मर्मत खर्च | १,०००,०००.०० | १,०९९,८७५.७२ | १०९.९९ | |
| १३ | २२२१४ | बिमा तथा नवीकरण खर्च | ३००,०००.०० | ६४९,४८३.८० | २१६.४९ | |
| १४ | २२२२१ | मेशिनरी तथा औजार मर्मत, सम्भार तथा सञ्चालन | ५००,०००.०० | ५४७,३००.०२ | १०९.४६ | |
| १५ | २२३११ | मसलन्द तथा कार्यालय सामग्री | ५००,०००.०० | २१५,०२९.०१ | ४३.०१ | |
| १६ | २२३१३ | पुस्तक तथा सामग्री खर्च | १,०३०,०००.०० | २९५,००६.०० | २८.६४ | |
| १७ | २२३१४ | इन्धन — अन्य प्रयोजन | ३००,०००.०० | - | - | |
| १८ | २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन | १,०००,०००.०० | ४७०,३२२.६१ | ४७.०३ | |
| १९ | २२४११ | सेवा तथा परामर्श खर्च | ४,५००,०००.०० | ३,१६३,०६५.५७ | ७०.२९ | |
| २० | २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन | २००,०००.०० | ७१,४७५.०० | ३५.७४ | |
| २१ | २२४१३ | करार सेवा शुल्क | ७,५००,०००.०० | १२,४६८,३५४.७४ | १६६.२४ | |
| २२ | २२५११ | कर्मचारी तालिम खर्च | ३००,०००.०० | ७२,४००.०० | २४.१३ | |
| २३ | २२५१२ | सीप विकास तथा जनचेतना तालिम/गोष्ठी | ५००,०००.०० | ८०,००४.०० | १६.०० | |
| २४ | २२५२२ | कार्यक्रम खर्च | ५,५००,०००.०० | ४,९३८,२६४.९३ | ८९.७९ | |
| २५ | २२५२२ | परीक्षा नियन्त्रण कार्यालय | ५,०००,०००.०० | ४,१६२,९८९.८४ | ८३.२६ | |
| २६ | ‘ | डीन कार्यालय | ७,१००,०००.०० | ३,१९०,०३१.१४ | ४४.९३ | |
| २७ | २२६१२ | भ्रमण खर्च | १,४००,०००.०० | १,००७,६२५.०० | ७१.९७ | |
| २८ | २२७११ | विविध खर्च | १,०००,०००.०० | १,२५४,६८२.६२ | १२५.४७ | |
| २९ | २६२११ | अन्तर्राष्ट्रिय सदस्यता शुल्क तथा सहयोग | २००,०००.०० | - | - | |
| ३० | २८१४२ | घर भाडा | ६,७००,०००.०० | ५,८२८,०००.०० | ८६.९९ | |
| | | **जम्मा** | **११२,३७५,०००.००** | **९८,४२०,७७५.१५** | **८७.५८** | |

# ६. गण्डकी विश्वविद्यालयको भौतिक पूर्वाधार विकास

गण्डकी विश्वविद्यालय (Gandaki University), नेपालको पहिलो प्रदेश स्तरीय विश्वविद्यालय हो जुन कास्की जिल्लाको पोखरामा अवस्थित छ। विश्वविद्यालयले आफ्नो गुरुयोजना (Master Plan) (अनुसूची १) अनुसार अन्तर्राष्ट्रिय स्तरको पूर्वाधार निर्माण गर्ने लक्ष्य राखेको छ। आ.व. २०८१।८२ मा यसको भौतिक पूर्वाधारको प्रगति र कार्यक्रम यस प्रकार छ।

**(क) शासनिक कार्यालयः** हाल विश्वविद्यालयको मुख्य प्रशासनिक कार्यहरू पोखराको मुस्ताङ चोक बाट सञ्चालन भइरहेका छन्। यो परिसर नेपाल सरकार, हवाई विभागबाट भाडामा लिएको हो।

**(ख) मुख्य क्याम्पस क्षेत्र र स्थानः** यस विश्वविद्यालयको लागि पोखरा महानगरपालिकाको वडा नं. ३२, मालमुल (ज्ञानकुञ्ज) मा करिब ३५३ रोपनी जग्गामा अवस्थित छ। यो क्षेत्र प्राकृतिक रूपमा सुन्दर र शैक्षिक वातावरणका लागि उपयुक्त छ। पूर्ण रूपले पर्खाल र तारबारले सुरक्षित गरिएको यस क्याम्पसमा विभिन्न प्रिफ्याब (Prefab) भवनहरू निर्माण गरि जसमा कक्षाकोठाहरू, प्रशासनिक कार्य, पुस्तकालय, बहुउद्देश्यीय हल चमेनागृह जस्ता कार्यहरू सञ्चालनमा छन्। यसै आ.व. बाट पोखराको अन्य स्थानमा समेत छरिएर रहेका स्नातक तहका सबै कार्यक्रमहरू यही ज्ञानकुञ्ज क्याम्पसमा सञ्चालन भएका छन्।

यसै ज्ञानकुञ्ज क्याम्पसमा विश्वविद्यालयको पहिलो संरचना अनुसन्धान र आविष्कारका केन्द्रको भवन निर्माण भई अनुसन्धान र आविष्कारका लागि केही अत्याधुनिक मेशिनहरू समेत (जस्तैः CNC Lathe, 3D Printer) सहितको केन्द्र सञ्चालनमा छ।

ज्ञानकुञ्ज क्याम्पसको हाता भित्रै रु. १० करोड ९२ लाखको सम्झौतामा विश्वविद्यालयको केन्द्रीय कार्यालय र मुख्य प्रशासनिक भवनको संरचना निर्माण अन्तिम चरणमा छ र आगामी आ.व. २०८२।८३ मा प्रयोगको लागि तयार हुनेछ।

**(ग) परीक्षा नियन्त्रण कार्यालयः** हाल परीक्षा नियन्त्रण कार्यालय पोखरा-२९ भण्डारढिकमा भाडाको भवनमा अवस्थित छ। परीक्षा नियन्त्रण कार्यालयका लागि पोखरा-३२ को मालेपाटनमा रु. ४ करोड १५ लाख सम्झौतामा आफ्नै भवन निर्माणको शिलान्यास हुने चरणमा छ। साथै, उक्त भवन आ.व. २०८२।८३ मा सम्पन्न गर्ने लक्ष राखिएको छ।

**(घ) सूचना प्रविधि ब्लकः** पोखराको महेन्द्रपुलमा विश्वविद्यालयको IT भवन रहेको छ जहाँ सुरुमा Bachelor of Information Technology (BIT) कार्यक्रम सञ्चालनमा थियो भने BIT कार्यक्रम अहिले ज्ञानकुञ्ज क्याम्पसमै सरिसकेको छ र यहाँ यसै आ.व. देखि सञ्चालित MIT-AI कार्यक्रमका कक्षाहरू सञ्चालन हुन्छन्।

(ङ) प्रयोगशाला र पुस्तकालयः ज्ञानकुञ्ज क्याम्पसमा विभिन्न सङ्कायका लागि आवश्यक विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब र डिजिटल पुस्तकालयको व्यवस्था गरिएको छ।

**(च) खेलकुद मैदानः** विश्वविद्यालयले Bachelor of Sports Management (BSM) कार्यक्रम सञ्चालन भएकोले खेलकुदका आवश्यक पूर्वाधारहरू तयार गरी प्रयोगमा ल्याइएको छ।

आगामी आ.व. २०८२।८३ निर्माण कार्य भई रहेको निर्माणाधिन केन्द्रीय कार्यालय र निर्माण सुरु गर्ने निधो भएको परीका नियन्त्रण कार्यालयका अतिरिक्त आगामी आ.व. २०८२।८३ मा शैक्षिक भवन तथा अन्य भौतिक संरचना निर्माण प्रकृया अगाडी बढाउने योजना छ।

## सम्पत्ति संरक्षण

गण्डकी विश्वविद्यालयले PAMS सफ्टवेयर प्रयोग गरी आफ्नो सम्पत्तिको अभिलेख राखेको छ र यस आ.व. सम्मको एकिकृत स्थायी सम्पत्ति रु. १३ करोड ३५ लाख बराबरको रहेको छ।

## प्रयोगात्मक तथा शैक्षिक उपकरण

स्थापनाको छोटो समयलाई हेर्दा गण्डकी विश्वविद्यालयले प्रयोगात्मक तथा शैक्षिक उपकरणको व्यवस्था आवश्यकता अनुसार पुरा गर्दै गएको छ। यस आ.व. सम्म विश्वविद्यालयले प्रयोगात्मक तथा शैक्षिक उपकरणका लागि करिव रु. ५ करोड ८० लाख लगानी गरिसकेको छ।

## पुस्तकालय तथा शैक्षिक संशाधन केन्द्र

गण्डकी विश्वविद्यालयले आफ्ना विद्यार्थीहरूलाई आधुनिक र प्रविधिमैत्री शैक्षिक वातावरण प्रदान गर्न पुस्तकालयको व्यवस्था गरेको छ। यसमा हाल ७१७३ सन्दर्भ पुस्तक (Reference Books), पाठ्यपुस्तक (Textbook) साथै अन्य शैक्षिक संसाधनहरू समावेश छन्। पुस्तकालयमा विश्वविद्यालयले सञ्चालन गरेका विषयहरू (BIT, Pharmacy, BBA, Law, Sports र Management आदि) सँग सम्बन्धित प्रमुख पाठ्यपुस्तकहरू, सन्दर्भ सामग्रीहरू र अनुसन्धान सम्बन्धी जर्नलहरू उपलब्ध छन्। साथै, विश्वविद्यालयले परम्परागत पुस्तकका साथै ई-पुस्तकालय (E-Library) लाई प्राथमिकता दिएको छ। विद्यार्थीहरूले अनलाइन माध्यमबाट विभिन्न अन्तर्राष्ट्रिय जर्नल र ई-बुकहरू अध्ययन गर्न सक्छन्। हाल TUCL र NepJol मा समेत आबद्ध भएकाले Internet-based Resources को पहुँच सहज र सरल हुँदै गएको छ। पुस्तकालयमा ERP database software प्रयोग गरिएको छ र यसै एपमार्फत विद्यार्थीहरूले पुस्तकालयका पुस्तकहरू अनुरोध गर्न र उपलब्ध स्रोतहरूको जानकारी समेत लीन सक्ने सुविधा छ।

## विश्वविद्यालयको बस तथा यातायात व्यवस्थापन

गण्डकी विश्वविद्यालयको ज्ञानकुञ्ज क्याम्पस पोखरा महानगरपालिकाको केन्द्रीय स्थानहरू बाट करिव २० किलोमिटर पूर्वमा रहेको र लेखनाथ बस सेवा यस क्षेत्रमा सञ्चालनमा रहे पनि आवृत्ति (Frequency) कम भएकाले विद्यार्थीहरूलाई बिहान र दिव दुबै सत्रमा समयमा क्याम्पस पुग्न कठिनाई रहेकोले चारवटा ठूला बस प्रयोगगरी हालसम्म निशुल्क सेवा प्रदान गर्दै आएको छ। विश्वविद्यालयले लेखनाथ बस व्यवसायी समितिसंग छलफल गरी विश्वविद्यालय सम्म आउने-जाने यातायात सहज गर्ने प्रकृयामा छ।

# ७. गण्डकी विश्वविद्यालयको कर्मचारी व्यवस्थापन

विश्वविद्यालयले तर्जुमा गरेको निर्दिष्ट लक्ष्य/उद्देश्य प्राप्तिका लागि विभिन्न आर्थिक, भौतिक, मानवीय, सूचना प्रविधि स्रोतसाधनको आवश्यकता पर्दछ। विभिन्न साधनमध्ये जनशक्ति एक विवेकशील प्राणी भएकाले सङ्गठनमा आवश्यक अन्य साधनको कुशालतापूर्वक पहिचान, परिचालन तथा व्यवस्थापन गरी अपेक्षित उपलब्धि हासिल गर्न केन्द्रित रहने साधन हो। तसर्थ विश्वविद्यालयमा अन्य साधनको तुलनामा जनशक्तिको बढी एवं विशेष महत्व रहन्छ। जसको अभावमा अन्य साधन परिचालित गर्न र गतिशील तुल्याउन सकिँदैन।

विश्वविद्यालयमा आवश्यक जनशक्तिको अनुमान गर्ने, मेधावी जनशक्ति आकर्षण गरी सङ्गठनमा भित्र्याउने, तिनीहरूको विकास गर्ने र आवश्यक सेवासुविधा उपलब्ध गराई सङ्गठनको हितमा उपयोग गर्नेजस्ता समग्र व्यवस्थापकीय गतिविधिलाई कर्मचारी व्यवस्थापनले समेट्छ। मूलतः कर्मचारी व्यवस्थापन भन्नाले मुलुक र सङ्गठनमा आवश्यक पर्ने कर्मचारीको योजना, प्राप्ति, उपयोग, विकास, सम्भार, क्षतिपूर्ति, एकाकार र अवकाश योजनाजस्ता विषयको व्यवस्थापकीय कार्यलाई जनाउँछ।

विश्वविद्यालयको भौतिक, वित्तीय तथा अन्य सहयोगी स्रोत एवं सामग्रीलाई उपयोग गरी सङ्गठनको उद्देश्य हासिल गर्न उपयुक्त जनशक्ति छनोट गरी व्यवस्थित एवं वैज्ञानिक ढङ्गबाट व्यवस्थापन, सञ्चालन एवं परिचालन गर्ने कार्य नै कर्मचारी व्यवस्थापन हो। साङ्गठनिक व्यवस्थापनका अन्य पक्ष यसबाट निर्देशित एवं सञ्चालित हुने भएकाले कर्मचारी व्यवस्थापनलाई साङ्गठनिक व्यवस्थापनको सबैभन्दा महत्त्वपूर्ण पक्षको रूपमा लिने गरिन्छ। सङ्गठनको कार्यक्षेत्रको आधारमा आवश्यक पर्ने कर्मचारीको सङ्ख्या, स्तर र उपलब्धता अनुमान गर्ने, योजना बनाउने, प्राप्ति, विकास र उपयोग गर्नेलगायतका जनशक्ति केन्द्रित समग्र व्यवस्थापकीय कार्य कर्मचारी व्यवस्थापनका विषयवस्तु हुन्।

त्यसैले गण्डकी विश्वविद्यालयले आफूलाई चाहिने कर्मचारी भर्ना गर्नु अघि प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट सङगठन र व्यवस्थापन सर्वे (O&M) गराई त्यसैको आधारमा गण्डकी प्रदेश सरकार बाट कर्मचारी दरबन्दी स्वीकृत भएको सन्दर्भमा गण्डकी विश्वविद्यालय ऐन,(२०७६) को परिच्छेद ७ ले व्यवस्था गरेको जनशक्ति व्यवस्थापन समिति सक्रिय हुन गएको छ। विश्वविद्यालयको जनशक्ति व्यवस्थापन समितिले गण्डकी प्रदेश सरकारबाट स्वीकृत दरबन्दीका आधारमा लिखित, मौखिक र प्रयोगात्मक परीक्षाहरूका माध्यमबाट आवश्यक पर्ने शिक्षकहरु, अनुसन्धान शिक्षकहरू र अधिकृत स्तरदेखि कार्यालय सहयोगी र चालकहरु छनोट गर्दै आएको छ।

स्वीकृत दरबन्दीका आधारमा विश्वविद्यालयमा कार्यरत पदाधिकारी, शिक्षक र कर्मचारीको एकमुष्ठ नामावली अनुसूची ३ मा दिएइएको छ।

# ८. आर्थिक वर्ष २०८१/०८२ मा गण्डकी विश्वविद्यालयले हासिल गरेका प्रमुख प्रगतिहरू

यस वार्षिक प्रतिवेदनमा माथि दिइएका विवरण र प्रस्तुतिलाई आर्थिक वर्ष २०८१।८२ मा गण्डकी विश्वविद्यालयले हासिल गरेका प्रमुख प्रगतिहरू संक्षेपमा निम्नानुसार रहेका छन्।

- शैक्षिक सत्र २०८१।८२ मा अध्ययनका लागि भर्ना भएका कुल विद्यार्थीहरूको सङ्ख्या २९१ पुरूष र २८१ महिला गरी जम्मा ५७२ रहेको छ।
- गण्डकी विश्वविद्यालयले *Masters in Information Technology – Artificial Intelligence (MIT–AI)* स्नातकोत्तर कार्यक्रम सञ्चालनका लागि पाठ्यक्रम निर्माण तथा भर्ना प्रक्रिया सम्पन्न गरी अध्यापन कार्य प्रारम्भ गरेको छ। प्रथम सत्रमा भर्ना भएका जम्मा १७ जना विद्यार्थीहरूले प्रथम सेमेस्टरको अन्तिम परीक्षा सम्पन्न गरिसकेका छन् र द्वितीय सेमेस्टरको पठनपाठन नियमित रूपमा सञ्चालन भइरहेको छ।
- गण्डकी विश्वविद्यालयले *Decanted Prefab Classroom* भवन निर्माण कार्य सम्पन्न गरी यसै आ.व. २०८१।८२ देखि सञ्चालनमा रहेका सम्पूर्ण स्नातक तहका कार्यक्रमहरू आफ्नै भवनमा बिहान तथा दिवा सत्रमा विभाजन गरी सञ्चालन गरिरहेको छ। हाल २९ वटा कक्षा कक्ष, सम्बन्धित प्रयोगशाला, पुस्तकालय, मूटकोर्ट हल तथा क्यान्टिन सञ्चालनमा रहेका छन्।
- स्नातक तह बीआईटी सातौं सेमेस्टरमा अध्ययनरत चार जना विद्यार्थीहरूले *Entrepreneurship Support Program* अन्तर्गत विश्वविद्यालय अनुदान आयोगबाट रु. २४ लाख अनुदान प्राप्त गरेका छन्।
- गण्डकी विश्वविद्यालयमा प्रत्येक दुई वर्षमा आयोजना हुने *कुलपति रनिङ शिल्ड* प्रतियोगिता यस आर्थिक वर्ष (२०८१।८२) मा सफलतापूर्वक सम्पन्न गरिएको छ। यसैगरी राष्ट्रिय खेलकुद परिषद्द्वारा सञ्चालन गरिएको विश्वविद्यालयस्तरीय खेलकुद प्रतियोगितामा २०८१ फागुन महिनामा स्नातक तह *Sports Management* कार्यक्रमका विद्यार्थीहरूले सक्रिय सहभागिता जनाएका छन्।
- *Bachelor in Sports Management (BSM)* कार्यक्रममा अध्ययनरत विद्यार्थीहरूले राष्ट्रिय स्तरको विश्वविद्यालय खेलकुद कार्यक्रम सञ्चालनमा समन्वयकारी भूमिका निर्वाह गरेबापत पुरस्कृत भएका छन्। साथै, राष्ट्रिय विश्वविद्यालयस्तरीय खेलकुद प्रतियोगितामा १ स्वर्ण, २ रजत र १ कास्य पदक हासिल गर्दै नेपालका विश्वविद्यालयहरूमध्ये चौथो स्थान प्राप्त गर्न सफल भएका छन्।
- बी.ए. एल.एल.बी. कार्यक्रममा अध्ययनरत विद्यार्थीहरूले विभिन्न स्थानमा आयोजित अभ्यास अदालत (Moot Court) प्रतिस्पर्धामा सहभागिता जनाई उल्लेखनीय उपलब्धि हासिल गरेका छन्।
- *बी.ए. एल.एल.बी.* कार्यक्रमका विभिन्न सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरूलाई अदालती प्रक्रिया सम्बन्धी व्यवहारिक ज्ञान अभिवृद्धि गर्न जिल्ला अदालत, उच्च अदालत तथा जिल्ला प्रहरी कार्यालयको शैक्षिक भ्रमण कार्यक्रम सम्पन्न गरिएको छ।
- *बी.बी.ए.* कार्यक्रममा अध्ययनरत विद्यार्थीहरूले पोखरा विश्वविद्यालय व्यवस्थापन विद्यार्थी परिषद्द्वारा आयोजित वित्तीय हाजिरीजवाफ प्रतियोगितामा दोस्रो स्थान हासिल गरेका छन्।
- गण्डकी विश्वविद्यालयले व्यवस्थापन शिक्षामा पहिलोपटक *Artificial Intelligence, Business and Analytics (AI, Business & Analytics)* केन्द्रित विशेषज्ञता यसै आर्थिक वर्षदेखि समावेश गरेको छ।
- *Research and Innovation* क्षेत्रमा *Faculty Research Grant* अन्तर्गत विश्वविद्यालयका सात जना उपप्राध्यापकहरूलाई अनुसन्धान अनुदान प्रदान गरिएको छ। साथै, नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (नास्ट) द्वारा गण्डकी विश्वविद्यालय अनुसन्धान, आविष्कार तथा नवप्रवर्तन केन्द्रका कार्यकारी निर्देशक डा. राजकुमार थापालाई "Recent Advances in Albumin Nanoparticle-based Cancer Therapies" शीर्षकको उत्कृष्ट प्रकाशनका लागि नास्ट प्रकाशन प्रोत्साहन पुरस्कार प्रदान गरिएको छ।
- विश्वविद्यालयको प्रिफ्याब भवन परिसरभित्र आन्तरिक सडक निर्माण तथा Landscaping कार्य अन्तिम चरणमा पुगेको छ।

- गण्डकी विश्वविद्यालय, पोखरा-३२, मालमुलमा खानेपानीको आवश्यकता पूर्तिका लागि डिप बोरिङ कार्य सम्पन्न गरिएको छ।
- विश्वविद्यालय परिसरलाई हरियालीयुक्त बनाउने उद्देश्यले विभिन्न प्रजातिका ५०० वटा बिरुवा रोपण गरिएको छ।
- विश्वविद्यालयको मुख्य प्रशासनिक भवन निर्माण कार्यको सम्झौता भई निर्माण कार्य जारी रहेको छ। आगामी आर्थिक वर्षमा उक्त भवन निर्माण सम्पन्न गरी मुख्य कार्यालय पोखरा-३२ स्थित आफ्नै जग्गामा स्थानान्तरण गरिने अपेक्षा गरिएको छ।
- अध्ययन-अध्यापन सहज बनाउन पुस्तकालय, प्रयोगशाला तथा मल्टिपर्पस हलमा वातानुकूलन (AC) जडान कार्य सम्पन्न गरिएको छ।
- विभिन्न शैक्षिक कार्यक्रमका लागि आवश्यक फर्निचर, कार्पेट तथा पर्दा खरिद कार्य सम्पन्न गरिएको छ।
- विद्यार्थीहरूको अतिरिक्त क्रियाकलाप प्रवर्द्धनका लागि बास्केटबल कोर्ट, टेबल टेनिस, फुटबल मैदान तथा क्रिकेट पिच निर्माण कार्य सम्पन्न गरिएको छ।
- *BIT* कार्यक्रमका लागि *IT Integrated Lab* स्थापना गरिएको छ।
- गण्डकी विश्वविद्यालय अनुसन्धान तथा अन्वेषण एवं आविष्कार केन्द्रका लागि आवश्यक मेशिनरी उपकरण खरिद कार्य सम्पन्न गरिएको छ र छ वटा विभिन्न उत्पादनका *Prototype* तयार भइसकेका छन्।
- फार्मेसी कार्यक्रमका लागि प्रयोगात्मक प्रयोगशाला निर्माणसँगै आवश्यक केमिकल, ग्लासवेयर तथा अभिकर्मक (Agents) खरिद कार्य सम्पन्न गरिएको छ।
- विश्वविद्यालयले अनुसन्धानलाई प्राथमिकतामा राख्दै गण्डकी प्रदेशमा कृषि क्षेत्रमा अनुदान प्रवाहको प्रभावकारिता, प्रमुख कृषि वस्तुहरूको बजार मूल्य तथा आपूर्ति अवस्था, कृषि यान्त्रिकीकरणको प्रभावकारिता, साथै स्थानीय मदिरा उत्पादन तथा ब्रान्डिङसम्बन्धी अनुसन्धान कार्य सम्पन्न गरी अन्तिम प्रतिवेदन तयार गरिएको छ।
- विश्वविद्यालय परिसरमा पूर्व कर्मचारी परिषद्को आयोजनामा यसै आर्थिक वर्षमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको छ।
- मर्चाको गुणस्तर सुनिश्चित गर्न मर्चा परीक्षण प्रयोगशाला स्थापना कार्य अन्तिम चरणमा पुगेको छ।
- विश्वविद्यालयले नियमित रूपमा प्रकाशन गर्ने *Gandaki Roundup* प्रकाशित गरिएको छ भने *Jagriti Journal* को *Inaugural Volume–1* प्रकाशनको प्रक्रियामा रहेको छ।
- गण्डकी विश्वविद्यालयले हालसम्म २१ वटा अन्तर्राष्ट्रिय तथा १७ वटा राष्ट्रिय शैक्षिक संस्थासँग MoU सम्पन्न गरेको छ। यस आ.व. मा *Virtual Technology Pvt. Ltd., Software Factory, Yarsa Tech Pvt. Ltd., Nizhyn Mykola Gogol State University (Ukraine)* तथा *Shri Navalmal Firodia Law College (India)* सँग समझदारीपत्रमा हस्ताक्षर गरिएको छ।
- *Gandaki University International Conference–2025 "Networking Minds for a Resilient Future"* विषयक अन्तर्राष्ट्रिय सम्मेलन सफलतापूर्वक सम्पन्न गरी *Book of Abstract* प्रकाशित गरिएको छ। साथै *Gandaki University International Conference–2026 (GUIC–V)* का लागि सञ्चालन समिति गठन गरी आवश्यक पत्राचार सम्पन्न गरिएको छ।
- परीक्षा नियन्त्रण कार्यालयबाट यस आ.व. मा स्नातक तहका विभिन्न कार्यक्रमहरूको अन्तिम परीक्षा पाँच चरणमा सञ्चालन गरी शैक्षिक क्यालेन्डरअनुसार नतिजा प्रकाशन गरिएको छ।
- शिक्षक तथा कर्मचारीहरूको वृत्ति विकास र क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम तथा गोष्ठीहरू सम्पन्न गरिएको छ।

उपरोक्त कार्यहरूका लागि प्रदेश सरकारबाट चालु तर्फ विनियोजित रकम र विश्वविद्यालयको आन्तरिक आम्दानीसमेत गरी आ.व. २०८१।०८२ मा चालू खर्चतर्फ रु. ११ करोड २३ लाख ७५ हजार तथा पुँजीगत खर्चतर्फ रु. १४ करोड १३ लाख व्यय गरी उल्लेखनीय उपलब्धि हासिल गरिएको छ।

# ९. गण्डकी विश्वविद्यालयको भावी नीति तथा कार्यक्रमहरूको दृष्टिगोचर

गण्डकी विश्वविद्यालयले हालसम्म शैक्षिक विस्तार र नयाँ कार्यक्रम सञ्चालनमा उल्लेखनीय प्रगति हासिल गरे पनि, आगामी वर्षहरूमा यसलाई संस्थागत रूपमा स्थायी, प्रतिस्पर्धी र अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त विश्वविद्यालयका रूपमा स्थापित गर्न अझ धेरै कार्यहरू आवश्यक छन्।

विश्वविद्यालयले निर्णय र नीतिगत मार्गदर्शनको लागि निम्न आधार लिइ सुरुगर्नु उपयुक्त रहन्छ।

**बजारमुखी जनशक्तिः** मागमा आधारित (Demand-driven) नयाँ प्राविधिक र व्यावसायिक पाठ्यक्रमको निर्माण।

**अनुसन्धान कोषः** फ्याकल्टी र विद्यार्थीहरूका लागि विशेष अनुसन्धान वृत्ति (Grants) र फन्डको व्यवस्था।

**सार्वजनिक-निजी साझेदारी (PPP):** उद्योगहरूसँग सहकार्य गरी 'लर्न एण्ड अर्न' (Learn and Earn) कार्यक्रमको अवधारणा।

**डिजिटल रूपान्तरणः** सम्पूर्ण प्रशासनिक र शैक्षिक गतिविधिहरूलाई कागजविहीन (Paperless) बनाउने र अनलाइन सिकाइ प्रणालीलाई सुदृढ गर्ने।

गण्डकी विश्वविद्यालयले आफ्नो १० वर्षे रणनीतिक योजना (२०२२-२०३२) मार्फत "भविष्यमा स्वागत छ" (Welcome to the Future) भन्ने मूल नाराका साथ उच्च शिक्षामा नवीन आयामहरू थप्ने लक्ष्य राखेको छ। यो रणनीतिक योजना तयार भई कार्यन्वयनमा आएको तीन वर्ष पुराभईसकेको अवस्था र यस लाई प्रभावकारी कार्यान्वयन गर्न सो संग तालमेल हुने गरी उपयुक्त समयावधिको एक कार्य योजना (Action Plan) समेत तयार गर्नु पर्ने देखिएकाले उक्त रणनैतिक योजना (Strategic Plan) साथै गण्डकी विश्वविद्यालयले तयार गरेको Academic Program Need Assessment (२०२१) को समेत पुनरावलोकन गरी उक्त दुई रिपोर्टहरूको समय सान्दर्भिक परिमार्जन र तिनका लागि आवश्यक कार्य योजना (Action Plan) निर्माण गरी हालसम्म तयार भएका करिव एक दर्जन विषयहरूका पाठ्यक्रम संरचना एवं प्रारम्भिक खाका र समयको माग संगै स्नातक तहमा Bachelor of Civil Engineering; Bachelor of Mechatronic Engineering, Bachelor of Software Engineering; Bachelor of Hotel Management/Bachelor of Travel and Tourism र स्नातकोत्तर तहमा Master of Public Policy, Master of Municipality Planning, Master of Gerontology, Master in Pharmacy लगायतका विषयहरू बजारमा माग हुन सक्ने देखिएकाले यी विषयहरूको समेत Need Assessment, Curriculum Structure Development, Course Development, Course Implementation Management Plan समेत तयार गरी नयाँ कार्यक्रमहरूको पाठ्यक्रम संरचना एवं प्रारम्भिक खाका तयारी तर्फ लाग्नु आवश्यक देखिन्छ।

अनुसन्धान र नवप्रवर्तन (Research and Innovation) लाई विश्वविद्यालयको मेरुदण्ड मान्दै यसले 'अनुसन्धान, आविष्कार तथा नवप्रवर्तन केन्द्र' (RC-II) मार्फत स्थानीय समस्याको समाधान गर्ने प्रविधि र उपकरणहरूको विकासमा थप जोड दिन आवश्यक छ। वित्तीय व्यवस्थापनका लागि प्रदेश सरकारको अनुदानका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दाताहरू, निजी क्षेत्र र डायस्पोरासँगको साझेदारीबाट वित्तीय दिगोपना कायम गर्ने रणनीतिक सोच सशक्त रूपमा अगाडी बढाउनु पर्दछ। साथै, स्वदेशी तथा विदेशी विश्वविद्यालय र 'नीति अनुसन्धान प्रतिष्ठान' जस्ता संस्थाहरूसँगको संस्थागत सहयोग मार्फत प्राज्ञिक उत्कृष्टता र विश्वस्तरीय प्रतिस्पर्धात्मक क्षमता विकास गर्नु यसको प्रमुख दूरदृष्टि रहन पर्नेछ।

अनुसन्धानस्थानीय कच्चा पदार्थ र प्रविधिमा आधारित आविष्कार तथा फ्याकल्टी रिसर्च ग्राण्ट, Industry-Academia

Collaboration, अन्तर्राष्ट्रिय विश्वविद्यालयसँगको सम्बन्ध, प्रदेश सरकारको बजेट र वित्तीय अनुदान, बाह्य अनुसन्धान अनुदान, र सार्वजनिक-निजी साझेदारी लगानीका प्रमुख स्रोत हुन सक्छन्।

गण्डकी विश्वविद्यालयले अबको दशकमा आफूलाई नेपालकै एक 'मोडल विश्वविद्यालय' को रूपमा स्थापित गर्ने नीति लिनु आवश्यक छ। यसका लागि विश्वविद्यालयले शिक्षण पद्धतिलाई पूर्णतः प्रविधिमैत्री र व्यावहारिक बनाउँदै नयाँ शैक्षिक कार्यक्रमहरूको विस्तार गर्नु पर्छ। विशेषगरी, कृषि र पर्यटन जस्ता प्रदेशका मुख्य आधारहरूलाई प्रविधिसँग जोड्न 'एग्रो-टेक' र डिजिटल पर्यटनका कार्यक्रमहरू ल्याउने लक्ष्य उपयुक्त देखिन्छ। अनुसन्धान र नवप्रवर्तनका क्षेत्रमा विश्वविद्यालयले केवल सैद्धान्तिक ज्ञानमा सीमित नभई स्थानीय उत्पादनको व्यवसायीकरण र पेटेन्ट दर्तासम्मका प्रक्रियामा सघाउन 'इन्नोभेसन हब' सञ्चालन गर्ने नीति अख्तियार गरेको छ।

संस्थागत विकासका लागि विश्वविद्यालयले वित्तीय स्वायत्तता र दिगोपनाको मोडेल अपनाउनु अनिवार्य छ। यसअन्तर्गत सरकारी अनुदानमा मात्र भर नपरी आफ्नो आन्तरिक स्रोत परिचालन, परामर्श सेवा र अक्षय कोष (Endowment Fund) को विस्तार गर्नु, संस्थागत सहयोगका सन्दर्भमा, विश्वविद्यालयले विभिन्न देशका प्रतिष्ठित विश्वविद्यालयहरूसँगको 'क्रेडिट ट्रान्सफर' र संयुक्त अनुसन्धानका लागि सम्झौता गरी कार्यक्रम सुचारू गर्नु पर्छ। यसले विद्यार्थीहरूलाई विश्वव्यापी एक्सपोजर प्रदान गर्ने र विश्वविद्यालयको प्राज्ञिक स्तरलाई अन्तर्राष्ट्रिय मापदण्डमा पुर्‍याउने निश्चित छ।

गण्डकी विश्वविद्यालयले उपरोक्त दृष्टिकोणमा आफ्ना भावी नीति र कार्यक्रमहरू अगडी बढाउने विषयमा केन्द्रीत हुनु पर्ने देखिन्छ।

## ९.१. उच्च शिक्षा र विश्वविद्यालय सञ्चालनमा देखिएका समस्याहरू

उच्च शिक्षा र विश्वविद्यालय सञ्चालनमा विभिन्न चुनौतीहरू देखिएका छन्। मानविय र आर्थिक स्रोतको अभावले योग्य जनशक्ति उत्पादनमा बाधा पुर्‍याएको छ, जसले समाजका हरेक क्षेत्रमा नेतृत्व विकासमा असर पुर्‍याएको छ। प्रदेश विश्वविद्यालयहरू पर्याप्त अभिभावकत्व नपाउँदा संघीय सरकार र विश्वविद्यालय अनुदान आयोगको समर्थन आवश्यक देखिन्छ।

भौतिक पूर्वाधार र लगानीको कमीले सुविधासम्पन्न पूर्वाधारको विकासमा कठिनाइ ल्याएको छ। उच्च शिक्षामा न्यून लगानी हुनु र भौतिक सम्पत्तिको संरक्षण तथा त्यसबाट आय आर्जन नहुनु पनि चुनौतीका रूपमा रहिरहे। शैक्षिक नियमन र संरचनामा अभाव हुँदा एकीकृत शैक्षिक पात्रो कार्यान्वयन हुन सकेको छैन, नियामक निकायको अभाव छ र शिक्षण शुल्क परिमार्जनमा ढिलाइ भएको छ। संघीय संरचना, कानूनी र संवैधानिक व्यवस्थाहरू भए पनि केवल एकल विश्वविद्यालयका समस्या समाधानले सम्पूर्ण शिक्षा क्षेत्रका चुनौतीहरू समाधान गर्न सक्दैन।

उच्च शिक्षामा लगानी बढाउन प्रदेश सरकारको तत्परतामा कमी र नागरिक समाज तथा सञ्चार माध्यममा शिक्षाप्रतिको रुचि न्यून हुनुले थप चुनौती सिर्जना गरेको छ। प्रश्नपत्र निर्माणमा पर्याप्त विषय विज्ञको अभाव, उनीहरूको व्यस्तता, समय अभाव तथा प्रश्नपत्र तयार पार्न बढी समय आवश्यक हुनु समस्या रहेको छ। परीक्षा नियन्त्रण र मोडरेशनमा पनि करार शिक्षकहरूको व्यस्तता, समयमै विषय विज्ञ बोलाउन नसक्नु, र शिक्षकहरूबाट Internal Marks ढिलो प्राप्त हुनुका कारण नतिजा प्रकाशनमा ढिलाइ भएको छ।

सामग्रमामा, यी चुनौतीहरूले उच्च शिक्षा र विश्वविद्यालय सञ्चालनमा सुधार आवश्यक रहेको देखाउँछन् र दीर्घकालीन योजना, लगानी वृद्धि, पूर्वाधार विकास र नियामक सुधार अपरिहार्य रहेको छ।

## ९.२. चुनौती, अनुभव र भावी प्रतिबद्धता

गुणस्तरीय उच्च शिक्षाको खोजीमा पछिल्ला वर्षहरूमा विदेशिने विद्यार्थीहरूको संख्या निरन्तर रूपमा बढ्दै गएको छ। उच्च शिक्षा प्राप्तिका लागि विदेश जानु स्वाभाविक अन्तर्राष्ट्रिय अभ्यासका रूपमा स्वीकार्य भए तापनि, हजारौं दक्ष, सक्षम र शिक्षित जनशक्ति स्थायी रूपमा विदेशमै बसोबास गर्न थालेको वर्तमान अवस्थाले राष्ट्रको मानव पूँजीमा गम्भीर क्षति पुर्याइरहेको यथार्थलाई नजरअन्दाज गर्न सकिँदैन। प्रत्येक वर्ष उच्च शिक्षा प्राप्त गर्ने नाममा अरबौं रुपैयाँ बराबरको राष्ट्रिय पूँजी देश बाहिरिने क्रम तीव्र बन्दै गएको छ। कक्षा १२ उत्तीर्ण गरेपछि विदेश गएका विद्यार्थीहरूमध्ये ठूलो संख्याले उच्च शिक्षा सम्पन्न गरी स्वदेश फर्किएको ठोस तथ्याङ्क उपलब्ध नहुनु हाम्रो उच्च शिक्षा प्रणालीले स्नातकपछिको सुरक्षित भविष्य देशभित्रै सुनिश्चित गर्न नसकेको स्पष्ट संकेत हो। यदि उच्च शिक्षा हासिल गरी विदेशमा स्थापित भएका दक्ष जनशक्तिलाई स्वदेश फर्कने वातावरण निर्माण गर्न सकिने हो भने, त्यसले प्रदेश र राष्ट्रको समग्र सामाजिक-आर्थिक विकासमा उल्लेखनीय टेवा पुर्याउने थियो।

विश्वविद्यालयको दिगोपन र प्रभावकारिता विद्यार्थीबिनाको कल्पना गर्न सकिँदैन, किनकि विद्यार्थी नै विश्वविद्यालयको अस्तित्व, उर्जा र औचित्यका मूल आधार हुन्। पर्याप्त विद्यार्थी भर्ना र गुणस्तरीय शिक्षाको समन्वय बिना विश्वविद्यालय आफ्नो उद्देश्यमा सफल हुन सक्दैन। यससँगै, विश्वविद्यालयका शिक्षक तथा कर्मचारी संस्थागत सुदृढीकरणका मेरुदण्ड हुन् भन्ने यथार्थलाई आत्मसात् गर्नु अपरिहार्य छ। भौतिक रूपमा आकर्षक र ठूला संरचनाहरू मात्र निर्माण गरेर विश्वविद्यालय सफल हुँदैन; ती संरचनाभित्र कार्यरत शिक्षक र कर्मचारीको पेशागत सुरक्षा, स्थायित्व, क्षमता र प्रतिबद्धता सुनिश्चित नगरी संस्थागत उत्कृष्टता सम्भव हुँदैन। त्यसैले शिक्षक-कर्मचारीको स्थायित्व र विकासलाई विश्वविद्यालयले सर्वोच्च प्राथमिकताका रूपमा अगाडि बढाएको छ।

शिक्षण सिकाइ प्रक्रियालाई थप प्रभावकारी बनाउँदै अनुसन्धानमुखी विश्वविद्यालयको पहिचान निर्माण गर्न अनुसन्धान तथा कार्यपत्र लेखनका लागि छुट्टै बजेट व्यवस्था गर्नु अपरिहार्य देखिएको छ। आगामी आर्थिक वर्षमा पूर्वाधार विस्तार तथा थप निर्माण कार्य सम्पन्न गर्न पनि यथेष्ट आर्थिक स्रोत आवश्यक रहेको छ। त्यसैगरी, शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धिका लागि अभिमूखिकरण (Orientation), पुनर्ताजगी (Refresher) कार्यक्रम, अतिरिक्त तालिम तथा अध्ययन भ्रमणको निरन्तर व्यवस्था गर्नु समयको माग हो। विश्वविद्यालयलाई एक अग्रणी, विश्वासिलो र उदाहरणीय शैक्षिक संस्थाका रूपमा स्थापित गर्न सकिएमा, त्यसको गरिमा र अस्मिताले नै भविष्यमा हाम्रो सामूहिक पहिचान निर्माण गर्नेछ। यसर्थ, विश्वविद्यालयका सम्पूर्ण पक्षबाट प्रभावकारी, समन्वयात्मक र परिणाममुखी इमानदार प्रयासको आज झनै आवश्यकता रहेको छ। शिक्षक तथा कर्मचारीको स्थायित्व, पदोन्नति र विद्यार्थीलाई गण्डकी प्रदेशमै प्रविधिमैत्री तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्न पर्याप्त आर्थिक व्यवस्थापन गर्नु वर्तमान समयको सबैभन्दा ठूलो चुनौतीका रूपमा देखिएको छ।

कार्यसम्पादनका क्रममा अनुभव गरिएका समस्याहरूले उच्च शिक्षा प्रणालीका संरचनागत कमजोरीहरूलाई स्पष्ट रूपमा उजागर गरेका छन्। समाजका हरेक क्षेत्रलाई सुरक्षित, सक्षम र उत्तरदायी ढंगले नेतृत्व गर्न सक्ने जनशक्ति उत्पादनका लागि आवश्यक मानवीय तथा आर्थिक स्रोतको अभाव गम्भीर चुनौतीका रूपमा देखिएको छ। संघीय सरकार तथा विश्वविद्यालय अनुदान आयोगबाट प्रदेश विश्वविद्यालयलाई अपेक्षित अभिभावकत्व प्रदान हुन नसक्नुले संस्थागत सुदृढीकरणमा अवरोध सिर्जना गरेको छ। पर्याप्त लगानीको अभावका कारण सुविधासम्पन्न भौतिक पूर्वाधार विकासमा कठिनाइ उत्पन्न भएको छ। उच्च शिक्षामा न्यून लगानी, एकीकृत शैक्षिक पात्रोको अभाव वा प्रभावकारी कार्यान्वयन नहुनु, भौतिक सम्पत्तिको संरक्षण तथा त्यसबाट उपयुक्त आयआर्जन नहुनु, समग्र उच्च शिक्षाको सशक्त नियामक निकायको अभाव, र शिक्षण शुल्क दीर्घकालसम्म परिमार्जन हुन नसक्नु जस्ता समस्याहरू संरचनागत रूपमा विद्यमान छन्। संघीय संरचना, संवैधानिक तथा कानूनी व्यवस्थाको सन्दर्भमा हेर्दा,

एकल विश्वविद्यालयको प्रयासले मात्र उच्च शिक्षा क्षेत्रका समग्र समस्या समाधान सम्भव नदेखिएकाले, छाता ऐनमार्फत समग्र नीतिगत सुधार अपरिहार्य देखिएको छ।

परीक्षा व्यवस्थापनका क्रममा पनि व्यावहारिक समस्याहरू देखिएका छन्। पर्याप्त विषयविज्ञको अभाव र विज्ञहरूको कार्यव्यस्तताका कारण प्रश्नपत्र निर्माण, मोडरेशन, समपरीक्षण तथा नतिजा प्रकाशनमा समय व्यवस्थापन चुनौतीपूर्ण बनेको छ। आन्तरिक मूल्याङ्कन समयमै प्राप्त नहुँदा Marks Entry प्रक्रिया ढिलाइ हुनु र त्यसले नतिजा प्रकाशनमा असर पार्नु विश्वविद्यालयका लागि सुधार गर्नैपर्ने पक्ष हुन्।

यी चुनौतीहरूका बाबजुद कार्यसम्पादनका क्रममा महत्वपूर्ण सिकाइहरू पनि प्राप्त भएका छन्। विश्वविद्यालयको रणनीतिक योजनाअनुसार लक्ष्य प्राप्तिका लागि दिगो आर्थिक स्रोत व्यवस्थापन अपरिहार्य रहेको स्पष्ट भएको छ। विद्यार्थी भर्ना कार्यक्रमलाई थप व्यापक, व्यवहारिक र प्रतिस्पर्धी बनाइनुपर्ने देखिएको छ। परीक्षा व्यवस्थापनका संवेदनशील कार्यहरूमा यथोचित जनशक्ति परिचालन, विषयविज्ञहरूको रोष्टर प्रणालीको नियमित अद्यावधिक, विज्ञ जनशक्तिको दीर्घकालीन सुनिश्चितता तथा परीक्षाको गोपनीयता कायम राख्न उच्च सतर्कता आवश्यक रहेको अनुभूति भएको छ। साथै, विश्वविद्यालयका शिक्षक, कर्मचारी तथा सरोकारवाला पक्षहरूले व्यवस्थापन प्रणालीलाई अझ चुस्त, दुरुस्त र उत्तरदायी बनाउँदै लैजानुपर्ने स्पष्ट सन्देश प्राप्त भएको छ।

समाधानका सन्दर्भमा, विश्वविद्यालयले आफ्नै प्रयासबाट केही समस्याहरू समाधान गर्दै आएको भए तापनि, दीर्घकालीन र संरचनागत सुधार प्रदेश सरकार तथा विश्वविद्यालय अनुदान आयोगको सहयोग, उदारता र व्यवहारिक नीतिगत पहल बिना सम्भव देखिँदैन। विज्ञ व्यवस्थापनलाई प्रभावकारी बनाउन विश्वविद्यालयले विज्ञहरूको समयतालिकासँग तालमेल मिलाउँदै नियमित रूपमा रोष्टर सूची अद्यावधिक गर्ने र पोखरा उपत्यका बाहिरका बुटवल, चितवन, काठमाडौं लगायतका सहरहरूबाट पनि विषयविज्ञहरूलाई संलग्न गराउँदै लैजाने रणनीति अवलम्बन गरेको छ। यसले पाठ्यक्रम विकास, परीक्षा सञ्चालनको मर्यादा र शैक्षिक गुणस्तर अभिवृद्धिमा थप योगदान पुर्‍याउने विश्वास लिइएको छ। साथै, प्रदेश सरकारले विश्वविद्यालयको आवश्यकता अनुसार आवश्यक आर्थिक स्रोत व्यवस्थापन गर्ने र विश्वविद्यालय अनुदान आयोगले मौजुदा ऐनमा परिमार्जन गरी प्रदेश विश्वविद्यालयलाई समेट्ने व्यवस्था गरेमा गण्डकी विश्वविद्यालयसहित अन्य प्रदेश विश्वविद्यालयहरूले सामना गरिरहेका अधिकांश चुनौतीहरूको समाधान सम्भव हुने दृढ विश्वास व्यक्त गर्न चाहन्छु।

# १०. सारांश

गण्डकी विश्वविद्यालय आर्थिक रूपमा कमजोर तर मेधावी विद्यार्थीहरूलाई गुणस्तरीय उच्च शिक्षामा पहुँचयोग्य बनाउने दृढ संकल्पका साथ अघि बढिरहेको छ। उच्च शिक्षा सामाजिक न्याय, समान अवसर र दिगो राष्ट्रिय विकासको मूल आधार भएकाले यस क्षेत्रमा स्पष्ट, समन्वित र व्यवहारमैत्री नीतिगत व्यवस्था अपरिहार्य देखिन्छ। विशेषतः प्राविधिक तथा आधुनिक विषयमा विद्यार्थीको पहुँच विस्तार गर्न प्रदेशस्तरीय विश्वविद्यालयहरूलाई विश्वविद्यालय अनुदान आयोगको दायराभित्र समेटी छुट्टै एकीकृत कोष सञ्चालन गर्नु समयसापेक्ष आवश्यकता बनेको छ। यसका लागि विश्वविद्यालय अनुदान आयोग ऐनमा आवश्यक संशोधन गरी प्रदेश विश्वविद्यालयलाई समान हैसियत र पर्याप्त स्रोत उपलब्ध गराउन राज्यको प्रतिबद्धता अझ सुदृढ हुन आवश्यक छ।

देशभित्रै गुणस्तरीय उच्च शिक्षा प्रवर्द्धन गर्दै कक्षा १२ उत्तीर्ण गरेका विद्यार्थीलाई स्वदेशमै अध्ययन गर्ने वातावरण निर्माण गर्न सार्वजनिक तथा निजी शैक्षिक संस्थाबीच सहकार्य सुदृढ गर्नु अपरिहार्य छ। साथै, उच्च शिक्षाको गुणस्तर अभिवृद्धिका लागि योग्य, प्रतिभाशाली तथा अनुसन्धानमुखी जनशक्तिलाई विश्वविद्यालयमा शिक्षक तथा कर्मचारीका रूपमा आकर्षित गर्ने नीतिगत वातावरण निर्माण नगरी संस्थागत सुधार सम्भव हुँदैन। त्यसैगरी, लामो समयदेखि उच्च शिक्षा प्रणालीमा देखिँदै आएको समस्याको मूल जडका रूपमा रहेको शैक्षिक क्यालेन्डरको पूर्ण र कडाइका साथ कार्यान्वयन सुनिश्चित गर्न सरकार तथा सम्बन्धित नियामक निकायहरू थप उत्तरदायी र कठोर हुन आवश्यक देखिन्छ। गण्डकी विश्वविद्यालयले यी आधारभूत मान्यतालाई अक्षरशः पालना गर्दै उच्च शिक्षाको दिशा रूपान्तरण गर्ने प्रयत्नलाई निरन्तरता दिइरहेको छ।

सीमित स्रोतसाधन र विविध चुनौतीका बाबजुद पनि विश्वविद्यालयले चालु आर्थिक वर्षमा Masters in Information Technology – Artificial Intelligence (MIT–AI) जस्तो भविष्यमुखी र नवप्रवर्तनशील कार्यक्रम सञ्चालनमा ल्याउन सफल भएको छ। विश्वस्तरीय पाठ्यक्रम विकास, गुणस्तरीय शिक्षक तथा कर्मचारी व्यवस्थापन, व्यवहारिक र अनुसन्धानमुखी शिक्षण पद्धति, पारदर्शी तथा मेरिट-आधारित विद्यार्थी भर्ना प्रणाली, वार्षिक शैक्षिक क्यालेन्डरको कडाइका साथ पालना, र निर्णय प्रक्रियामा शीघ्रता तथा पारदर्शिताले विश्वविद्यालयलाई द्रुत गतिमा अघि बढाइरहेको छ। यसका साथै, नर्वे, जापान र संयुक्त राज्य अमेरिकाका विभिन्न विश्वविद्यालयहरूसँग शैक्षिक तथा अनुसन्धान सहकार्यका लागि समझदारीपत्र (MoU) सम्पन्न भइसकेका छन्, जसले विश्वविद्यालयलाई अन्तर्राष्ट्रिय शैक्षिक प्रणालीसँग जोड्ने महत्वपूर्ण आधार निर्माण गरेको छ।


पूर्वाधार विकासका दृष्टिले करिब रु. १२ करोडको लगानीमा विश्वविद्यालयका मुख्य प्रशासनिक तथा शिक्षण भवनहरू निर्माणाधीन अवस्थामा रहेका छन्। दीर्घकालीन र दिगो विकासलाई आत्मसात् गर्दै विश्वविद्यालयले विभिन्न निर्माण कार्यहरूका लागि वातावरण प्रभाव मूल्याङ्कन (Environmental Impact Assessment - EIA) अध्ययन कार्यसमेत प्रारम्भ गरिसकेको छ। न्यून आर्थिक स्रोतका बाबजुद पनि फरक तर विशिष्ट संस्थागत प्रयासमार्फत विश्वविद्यालयले अपेक्षाकृत उल्लेखनीय शैक्षिक, प्रशासनिक तथा पूर्वाधारगत उपलब्धि हासिल गर्न सफल भएको छ।

समग्रमा, यो वार्षिक प्रतिवेदनले गण्डकी विश्वविद्यालयको विगत वर्षको प्रगतिपथको दस्तावेजीकरण मात्र होइन, भविष्यका नीतिगत निर्णय, शैक्षिक विस्तार र संस्थागत सुदृढीकरणका लागि स्पष्ट मार्गदर्शन पनि प्रदान गरेको छ। गुणस्तरीय शिक्षा, अनुसन्धान, नवप्रवर्तन र अन्तर्राष्ट्रिय सहकार्यमार्फत प्रदेश र राष्ट्रको विकासमा योगदान पुर्याउने गण्डकी विश्वविद्यालयको प्रतिबद्धता आगामी दिनहरूमा अझ दृढ र प्रभावकारी बन्दै जाने विश्वास लिइएको छ।


# अनुसूची

## अनुसूची-१

### Master Plan of Gandaki University



**Master Plan of Malepatan Site**



# अनुसूची २

## आ.व. २०८१।८२ मा छात्रवृत्ति प्राप्त विद्यार्थीहरूको एकिकृत विवरण

| Degree: Bachelor in Information Technology (BIT) | | | | |
|---|---|---|---|---|
| **First Intake, 2078/79** | | | | Semester:6th |
| **Registration number** | **Name** | **Scholarship** | **Category** | **SGPA** |
| 021-1-02-1-023 | Roshan Lama | Full | Entrance Merit 1 | 3.77 |
| 021-1-02-1-021 | Rakshya Giri | Full | Entrance Merit 1 | 3.56 |
| 021-1-02-1-011 | Mandika Gurung | Half | Entrance Merit 2 | 3.52 |
| 021-1-02-1-009 | Katrina Basnet | Half | Entrance Merit 2 | 3.91 |
| 021-1-02-1-030 | Swastika Thapa | Half | Gandaki Province Merit 1 | 3.75 |
| 021-1-02-1-010 | Kripa Khadka | Half | Gandaki Province Merit 2 | 3.86 |

| Registration number | Name | Scholarship | Category | SGPA |
|---|---|---|---|---|
| 021-1-02-1-009 | Katrina Basnet | Full | Sixth Semester Topper | 3.91 |
| 021-1-02-1-008 | Jerusha Lamsal | Full | Sixth Semester Topper | 3.86 |

| Degree: **Bachelor in Information Technology (BIT)** | | | | |
|---|---|---|---|---|
| **Second Intake, 2078/79** | | | | Semester: 5th |
| **Registration number** | **Name** | **Scholarship** | **Category** | **SGPA** |
| 022-1-02-1-016 | Dipesh Ranabhat | Full | Entrance Merit 1 | 3.4 |
| 022-1-02-1-038 | Tia Bishwakarma | Full | Entrance Merit 1 | 3.23 |
| 022-1-02-1-037 | Suyog Baral | Half | Gandaki Province Merit 1 | 2.98 |
| 022-1-02-1-039 | Trisha Gauchan | Half | Gandaki Province Merit 2 | 2.84 |

| Registration number | Name | Scholarship | Category | SGPA |
|---|---|---|---|---|
| 022-1-02-1-008 | Bishal Khanal | Full | Fifth Semester Topper | 3.55 |
| 022-1-02-1-019 | Khushi Bhattarai | Full | Fifth Semester Topper | 3.46 |

| Degree: **Bachelor of Information Technology (BIT)** | | | | |
|---|---|---|---|---|
| **Third Intake, 2079/80** | | | | Semester: 4th |
| **Registration number** | **Name** | **Scholarship** | **Category** | **SGPA** |
| 022-1-02-1-046 | Arpan Bhandari | Full | Entrance Merit 1 | 3.65 |
| 022-1-02-1-065 | Preeti Gurung | Full | Entrance Merit 1 | 3.71 |
| 022-1-02-1-086 | Smriti Giri | Half | Entrance Merit 2 | 3.81 |

| Registration number | Name | Scholarship | Category | SGPA |
|---|---|---|---|---|
| 022-1-02-1-086 | Smriti Giri | Full | Fourth Semester Topper | 3.81 |
| 022-1-02-1-055 | Karina Paudel | Full | Fourth Semester Topper | 3.77 |

| Degree: **Bachelor of Information Technology (BIT)** | | | | |
|---|---|---|---|---|
| **Fourth Intake, 2080/81** | | | | Semester: 2nd |
| **Registration number** | **Students NAME** | **Scholarship** | **Category** | **SGPA** |
| 023-1-02-1-025 | Narayan Basnet | Full | Entrance Topper 1 | 4 |
| 023-1-02-1-036 | Sampada Thapa | Full | Entrance Topper 2 (Girl) | 3.72 |
| 023-1-02-1-020 | Kristina Kafle | Half | Entrance Second Topper 2 (Girl) | 3.22 |
| 023-1-02-1-028 | Parbesh Tiwari | Half | Gandaki Province Entrance Topper 1 | 3.48 |
| 023-1-02-1-029 | Priya Thapa | Half | Gandaki Province Entrance Topper 2 (Girl) | 2.96 |

| Registration number | Name | Scholarship | Category | SGPA |
|---|---|---|---|---|
| 023-1-02-1-025 | Narayan Basnet | Full | Second Semester Topper | 4 |
| 023-1-02-1-023 | Mohan Gurung | Full | Second Semester Topper | 4 |

| Degree: **Bachelor in Sports Management (BSM)** | | | | |
|---|---|---|---|---|
| **First Intake, 2078/79** | | | Semester: 6th | |
| **Registration number** | **Name** | **Scholarship** | **Category** | **SGPA** |
| 021-1-01-1-012 | Sanjaya Acharya | Full | Entrance Merit 1 | 3.23 |
| 021-1-01-1-008 | Newton Aale Magar | Half | Chancellor Scholarship | 3.4 |

| Registration number | Name | Scholarship | Category | SGPA |
|---|---|---|---|---|
| 021-1-01-1-007 | Malin Kumar Roka | Full | Sixth Semester Topper | 3.95 |
| 021-1-01-1-009 | Prakash Parajuli | Full | Sixth Semester Topper | 3.9 |

| Degree: **Bachelor in Sports Management (BSM)** | | | | |
|---|---|---|---|---|
| **Second Intake, 2078/79** | | | Semester: 5th | |
| **Registration number** | **Name** | **Scholarship** | **Category** | **SGPA** |
| 022-1-01-1-001 | Ananda Sigdel | Full | Entrance Merit 1 | 3.6 |
| 022-1-01-1-002 | Ankit Pahadi | Half | Entrance Merit 2 | 3.4 |
| 022-1-01-1-003 | Anush Kuwar | Half | Gandaki province Merit | 3.6 |

| Registration number | Name | Scholarship | Category | SGPA |
|---|---|---|---|---|
| 022-1-01-1-004 | Jivan Chhantyal | Full | Fifth Semester Topper | 4 |
| 022-1-01-1-001 022-1-01-1-004 022-1-01-1-009 | Ananda Sigdel + Anush Kuwar + Shiva Khatri | Full scholarship divide by 3 | Fifth Semester Topper | 3.6 |

| Degree: **Bachelor in Sports Management (BSM)** | | | | |
|---|---|---|---|---|
| **Third Intake, 2079/80** | | | Semester: 4th | |
| **Registration number** | **Name** | **Scholarship** | **Category** | **SGPA** |
| 022-1-01-1-015 | Sanjay Ligal | Full | Entrance Merit 1 | 3.57 |
| 022-1-01-1-013 | Mangala Budha | Full | Entrance Merit 1 | 2.4 |
| 022-1-01-1-010 | Deeparshan Chaudhari | Half | Entrance Merit 2 | 3.9 |

| Registration number | Name | Scholarship | Category | SGPA |
|---|---|---|---|---|
| 022-1-01-1-010 | Deeparshan Chaudhari | Full | Fourth Semester Topper | 3.9 |

| Degree: **Bachelor in Sports Management** | | | | |
|---|---|---|---|---|
| **Fourth Intake, 2080/81** | | | Semester: II | |
| **Registration number** | **Students NAME** | **Scholarship** | **Category** | **SGPA** |
| 023-1-02-1-025 | Roshan Sharma | Full | Entrance Topper 1 | 3.67 |
| 023-1-02-1-036 | Shanti Shreesh | Full | Entrance Topper 2 (Girl) | 4 |
| 023-1-02-1-028 | Sujit Lamichhane | Half | Gandaki Province Entrance Topper 1 | 3.85 |
| 023-1-02-1-029 | Kriti Giri | Half | Gandaki Province Entrance Topper 2 (Girl) | 2.9 |

| Registration number | Name | Scholarship | Category | SGPA |
|---|---|---|---|---|
| 023-1-01-1-013 | Shanti Shreesh | Full | Second Semester Topper | 4 |
| 023-1-01-1-014 | Sujit Lamichhane | Full | Second Semester Topper | 3.85 |

**Players List**

| S. N. | Name of Applicant | Scholarship (In Tuition fee only) | Player/ Coach/ Referee | Game | Batch |
|---|---|---|---|---|---|
| 1 | Aayush Gurung | HALF (50%) | National | Taekwondo | 4th Batch/2023 |
| 2 | Aayush Thapa | HALF (50%) | National | Boxing | |
| 3 | Ankit Shrestha | HALF (50%) | National | Taekwondo/Futsal | |
| 4 | Kriti Giri | HALF (50%) | National | Hapkido | |
| 5 | Milan Giri | 25% | Province | U-19 Football | |
| 6 | Prem Sundar Hona | HALF (50%) | National | Basketball | |
| 7 | Purna Bahadur Gurung | 25% | Province | Volleyball | |
| 8 | Suman Shrestha | HALF (50%) | National | Football | |
| 9 | Sanjog Neupane | HALF (50%) | Province | Futsal | |
| 10 | Mangala Budha | HALF (50%) | National | Long Running | 3rd Batch/2022 |
| 11 | Sushmita Thapa | HALF (50%) | National | ITF Taekwondo | |
| 12 | Anush Kunwar | HALF (50%) | National | T.T | 2nd Batch/2021 |
| 13 | Niroj Bahadur Nepali | HALF (50%) | National | Taekwondo(87kg) | |
| 14 | Rajan Nepali | HALF (50%) | National | Hockey | |
| 15 | Sailesh Gurung | HALF (50%) | National | Basketball | |
| 16 | Shiva Khatri | 25% | Province | Basketball | |
| 17 | Aruna Shahi | HALF (50%) | National | Volleyball | 1st Batch/2020 |
| 18 | Bhagirath Kandel | HALF (50%) | National | Wushu | |
| 19 | Lekh Nath Lamsal | HALF (50%) | National | Volleyball | |
| 20 | Malin Kumar Roka | 25% | Province | Volleyball | |
| 21 | Sanjaya Poudel | 25% | Province | Football | |

| Degree: **Bachelor in Business Administration (BBA)** | | | | |
|---|---|---|---|---|
| **First Intake, 2078/79** | | | Semester: 5th | |
| **Registration number** | **Name** | **Scholarship** | **Category** | **SGPA** |
| 022-1-04-1-018 | Nisha Bhattarai | Full | Entrance Merit 1 | 3.72 |
| 022-1-04-1-024 | Promise Sharma | Half | Entrance Merit 2 | 3.72 |
| 022-1-04-1-031 | Shashank Sapkota | Half | Gandaki Province Merit 1 | 3.72 |
| 022-1-04-1-029 | Sabina Dhungana | Half | Gandaki Province Merit 2 | 3.66 |

| Registration number | Name | Scholarship | Category | SGPA |
|---|---|---|---|---|
| 022-1-04-1-002 | Anjana Parajuli | Full | Fifth Semester Topper | 4 |
| 022-1-04-1-003<br>022-1-04-1-005 | Anu Baral + Asmita Khanal | Full divide by 2 | Fifth Semester Topper | 3.94 |

| Degree: Bachelor in Business Administration (BBA) | | | | |
|---|---|---|---|---|
| **Second Intake, 2079/80** | | | Semester: 4th | |
| **Registration number** | **Name** | **Scholarship** | **Category** | **SGPA** |
| 022-1-04-1-039 | Anup Bohora | Full | Entrance Merit 1 | 4 |
| 022-1-04-1-058 | Sumina Gurung | Full | Entrance Merit 1 | 3.94 |
| 022-1-04-1-046 | Jenisha G.C. | Half | Entrance Merit 2 | 3.74 |
| 022-1-04-1-041 | Binita Baral | Half | Entrance Merit 2 | 4 |
| 022-1-04-1-059 | Tiya Gurung | Half | Gandaki Province Merit 1 | 3.66 |
| 022-1-04-1-045 | Dipesh Chhetri | Half | Gandaki Province Merit 2 | 3.54 |

| Registration number | Name | Scholarship | Category | SGPA |
|---|---|---|---|---|
| 022-1-04-1-047<br>022-1-04-1-054 | Kamana Poudel +<br>Saroj Bikram Chand | Full divide by 2 | Fourth Semester Topper | 4 |
| 022-1-04-1-039<br>022-1-04-1-041 | Anup Bohara + Binita Baral | Full divide by 2 | Fourth Semester Topper | 4 |

| Degree: Bachelor of Business Administration (BBA) | | | | |
|---|---|---|---|---|
| **Third Intake, 2079/80** | | | Semester: 2nd | |
| **Registration number** | **Name** | **Scholarship** | **Category** | **SGPA** |
| 023-1-04-1-022 | Simran Karki | Full | Entrance Merit 1 | 3.66 |
| 023-1-04-1-002 | Anuja Gautam | Half | Entrance Merit 2 | 3.94 |
| 023-1-04-1-009 | Hom Bahadur Gurung | Half | Gandaki Province Merit 1 | 3.74 |
| 023-1-04-1-006 | Bipana Tiwari | Half | Gandaki Province Merit 2 | 3.66 |
| 023-1-04-1-015 | Narendra Singh Dhami | Full | Chancellor Scholarship | 3.48 |

| Registration number | Name | Scholarship | Category | SGPA |
|---|---|---|---|---|
| 023-1-04-1-002 | Anuja Gautam | Full | Second Semester Topper | 3.94 |
| 023-1-04-1-009<br>023-1-04-1-021 | Hom Bahadur Gurung +<br>Sandip Subedi | Full<br>Divide by 2 | Second Semester Topper | 3.74 |

| Degree: **Bachelor of Arts Bachelor of Laws (BALLB)** | | | | |
|---|---|---|---|---|
| **First Intake, 2078/79** | | | Semester: 5th | |
| **Registration number** | **Name** | **Scholarship** | **Category** | **SGPA** |
| 022-1-05-1-026 | Shirjana G.M | Full | Entrance Merit 1 | 3.56 |
| 022-1-05-1-016 | Priyanka Varti Thakali | Full | Entrance Merit 1 | 3.55 |
| 022-1-05-1-029 | Simran Ghimire | Half | Entrance Merit 2 | 3.35 |
| 022-1-05-1-039 | Swastika Bastola | Half | Entrance Merit 2 | 3.25 |
| 022-1-05-1-027 | Shristi Adhikari | Half | Gandaki Province Merit 2 | 3.11 |

| Registration number | Name | Scholarship | Category | SGPA |
|---|---|---|---|---|
| 022-1-05-1-007 | Dipendra Raj Paudel | Full | Fifth Semester Topper | 3.75 |
| 022-1-05-1-012 | Melina Pariyar | Full | Fifth Semester Topper | 3.61 |

| Degree: **Bachelor of Arts Bachelor of Laws (BALLB)** | | | | |
|---|---|---|---|---|
| **Second Intake, 2079/80** | | | | **Semester: 4**th |
| **Registration number** | **Name** | **Scholarship** | **Category** | **SGPA** |
| 022-1-05-1-050 | Ankita Regmi | Full | Entrance Merit 1 | 3.25 |
| 022-1-05-1-085 | Sumika Gautam | Half | Entrance Merit 2 | 3.6 |
| 022-1-05-1-058 | Binita Devkota | Half | Gandaki Province Merit 1 | 3.04 |
| 022-1-05-1-059 | Bishikha Rana | Half | Gandaki Province Merit 2 | 2.99 |

| Registration number | Name | Scholarship | Category | SGPA |
|---|---|---|---|---|
| 022-1-05-1-085 | Sumika Gautam | Full | Fourth Semester Topper | 3.6 |
| 022-1-05-1-045 | Aastha Shrestha | Full | Fourth Semester Topper | 3.6 |

| Degree: **Bachelor of Arts Bachelor of Laws (BALLB)** | | | | |
|---|---|---|---|---|
| **Third Intake, 2080/81** | | | Semester: 2nd | |
| **Registration number** | **Name** | **Scholarship** | **Category** | **SGPA** |
| 023-1-05-1-006 | Bipin Paudel | Full | Entrance Merit 1 | 2.76 |
| 023-1-05-1-030 | Sagun Bhandari | Half | Entrance Merit 2 | 3.17 |
| 023-1-05-1-011 | Gayatri Gautam | Half | Entrance Merit 2 | 3.52 |

| Registration number | Name | Scholarship | Category | SGPA |
|---|---|---|---|---|
| 023-1-05-1-011 | Gayatri Gautam | Full | Second Semester Topper | 3.52 |
| 023-1-05-1-040 | Sita Kumari Sah | Full | Second Semester Topper | 3.42 |

## अनुसूची ३

स्वीकृत दरबन्दीका आधारमा विश्वविद्यालयमा कार्यरत पदाधिकारी, शिक्षक र कर्मचारीको एकमुष्ठ नामावली

| क्र.सं. | नाम/थर | पद |
|---|---|---|
| १ | डा. किसन कोइराला | उप-प्राध्यापक (परीक्षा नियन्त्रक) |
| २ | डा. राजकुमार थापा | उप-प्राध्यापक (अनुसन्धान निर्देशक) |
| ३ | रवि भण्डारी | कन्सल्टेन्ट लेक्चरर (अन्तर्राष्ट्रिय शाखा प्रमुख) |
| **संयोजकहरू** | | सङ्काय |
| ४ | सरोज गिरी | BIT/MIT |
| ५ | डा मधु सुधन सुवेदी | खेलकुद व्यवस्थापन |
| ६ | प्रकाश पौडेल | फार्मेसी |
| ७ | अधिवक्ता रवि सिलवाल | BALLB |
| ८ | विश्वासराज पौडेल | BBA |
| **शिक्षकहरू** | | |
| ९ | आशिष आचार्य | उप-प्राध्यापक |
| १० | सोनम बुद्ध लामा | उप-प्राध्यापक |
| ११ | सुरेश बहादुर थापा | उप-प्राध्यापक |
| १२ | रोशनी गुरुङ | उप-प्राध्यापक |
| १३ | रक्षा पराजुली | उप-प्राध्यापक |
| १४ | लिलाराज लोहनी | उप-प्राध्यापक |
| १५ | सुरेशराज ढकाल | उप-प्राध्यापक |
| १६ | अनुप अधिकारी | उप-प्राध्यापक |
| १७ | डा.सुशील भण्डारी | उप-प्राध्यापक |
| १८ | दिपा खत्री | उप-प्राध्यापक |
| १९ | रुपेश अधिकारी | उप-प्राध्यापक |
| २० | सुसन थापा | उप-प्राध्यापक |
| २१ | रमेश पौडेल | उप-प्राध्यापक |
| २२ | अमृत पौडेल | उप-प्राध्यापक |
| २३ | सविन तिवारी | उप-प्राध्यापक |
| २४ | सागरराज पौडेल | उप-प्राध्यापक |
| २५ | सुष्मा ओझा | उप-प्राध्यापक |
| २६ | इन्जु ज्ञवाली | उप-प्राध्यापक |
| २७ | शिव राम दाम | उप-प्राध्यापक |
| २८ | राजेश कमर | उप-प्राध्यापक |
| २९ | जुलु त्रिपाठी | उप-प्राध्यापक |

| क्र.सं. | नाम/थर | पद |
|---|---|---|
| **प्रशासनिक कर्मचारीहरु** | | |
| ३० | डोलराज सुवेदी | सहायक प्रशासक |
| ३१ | सुदीप कोइराला | योजना तथा विकास प्रमुख |
| ३२ | राजेन्द्र सुवेदी | लेखा अधकृत |
| ३३ | देवका खनाल | सहायक प्रशासक |
| ३४ | ईश्वर सुवेदी | सहायक प्रशासक |
| ३५ | रुपा राना | सहायक प्रशासक |
| ३६ | भावना ढकाल | सहायक प्रशासक |
| ३७ | सागरानन्द गिरी | प्रयोगशाला सहायक |
| ३८ | सुनिता गौतम | प्रशासनिक सहायक (५) |
| ३९ | उज्जवल अधिकारी | कम्प्युटर अपरेटर (५) |
| ४० | दिपिका गिरी | प्रशासनिक सहायक (५) |
| ४१ | लक्ष्मी भण्डारी | प्रशासनिक सहायक (५) |
| ४२ | सुविधा पौडेल | प्रशासन सहायक (५) |
| ४३ | जेनिस खनाल | कम्प्युटर अपरेटर (५) |
| ४४ | सोमराज गुरुङ | कम्प्युटर अपरेटर (५) |
| ४५ | आशिष आचार्य | प्राविधिक सहायक/IT Com. (५) |
| ४६ | लक्ष्मण सुवेदी | प्रशासन सहायक (५) |
| ४७ | किरण पौडेल | सहायकलेखा ५ |
| ४८ | नर्बदा कोइराला | सहायक लेखा |
| ४९ | नारायण लामिछाने | सहायकलेखा |
| ५१ | दिपेन्द्र गिरी | इलेक्ट्रिसियन |
| ५२ | सृष्टि खनिया | प्रशासन सहायक (४) |
| **चालकहरू** | | |
| ५३ | विन्दुराज घिमिरे | भारी सवारी चालक |
| ५५ | सूर्यप्रसाद बाँस्तोला | भारी सवारी चालक |
| ५६ | गमबहादुर क्षेत्री | हल्का गाडी चालक |
| ५७ | तेजबहादुर राणा | हल्का गाडी चालक |
| ५८ | पूर्णबहादुर पराजुली | हल्का गाडी चालक |
| ५९ | पूर्ण गिरी | हल्का गाडी चालक |
| ६० | लाल प्रसाद गुरुङ | हल्का गाडी चालक |
| ६१ | विकास पौडेल | हल्का गाडी चालक |
| **कार्यालय सहयोगी** | | |
| ६२ | प्रकाश सुवेदी | कार्यालय सहयोगी |

| क्र.सं. | नाम/थर | पद |
|---|---|---|
| ६३ | अर्जुन चापागाई | कार्यालय सहयोगी |
| ६४ | सबिना सुनार | कार्यालय सहयोगी |
| ६५ | पुजा ढकाल | कार्यालय सहयोगी |
| ६६ | सिर्जना थापा गुरुङ | कार्यालय सहयोगी |
| ६७ | शोभादेवी शर्मा | कार्यालय सहयोगी |
| ६८ | गीता अधिकारी वाग्ले | कार्यालय सहयोगी |
| ६९ | पार्वती अधिकारी | कार्यालय सहयोगी |
| ७० | रेखा पौडेल अधिकारी | कार्यालय सहयोगी |
| ७१ | सीतादेवी भण्डारी | कार्यालय सहयोगी |
| ७२ | बिनिता परियार | कार्यालय सहयोगी |
| ७३ | कमला गुरुङ | कार्यालय सहयोगी |
| ७४ | सावित्री क्षेत्री के.सी | माली |
| ७५ | सञ्जीव अधिकारी | माली |
| ७६ | आशिष राणा | सुरक्षा गार्ड |
| ७७ | मणिप्रसाद गुरुङ | सुरक्षा गार्ड |
| ७८ | प्रशान्त अधिकारी | सुरक्षा गार्ड |
| ७९ | चक्रपाणि तिवारी | सुरक्षा गार्ड |
| ८० | उमेशकुमार पहारी | सुरक्षा गार्ड |

# तस्विरहरू को झलक



*Gandaki University International Conference-2025*



*नयाँ कुलपतिको स्वागत*



*न्यासिक परिषद्को २८औं बैठकमा सामुहिक तस्विर लिदै सम्पूर्ण सहभागीहरू*




*क्षमता अभिवृद्धि एवं वृत्ति विकास सम्बन्धी प्रशिक्षण कार्यक्रम*



*विश्वविद्यालयका उपलब्धी, वर्तमान अवस्था र भविष्यका लागि कार्ययोजना*



*स्वास्थ्य सचेतना तथा स्वास्थ्य परिक्षण शिविर*



IoT Workshop




विश्व वातावरण दिनको कार्यक्रम



गण्डकी विश्वविद्यालयले बी.ए.एल.एल.बी. तेस्रो सेमेस्टरका विद्यार्थीहरूका लागि माननीय जिल्ला न्यायाधीशहरूसँग २ दिवसीय अन्तरक्रिया कार्यक्रम



IOT workshop conducted by Yarsa Tech for BIT students



Entrepreneurship Support Program (ESP)




AAS-in-Asia Conference in Kathmandu